# श्री दक्षिणकाली

## ऐतिहासिक सांस्कृतिक अध्ययन

# श्रीदक्षिणकाली
# ऐतिहासिक सांस्कृतिक अध्ययन

भोलानाथ भट्टराई
काठमाण्डौ
०६४/२/२४ मा

लेखक
**डा. जगदीशचन्द्र रेग्मी**

दार्शनिक उपोद्घात
**सानुभाइ डङ्गोल**

प्रकाशक
**दक्षिणकाली क्षेत्र प्रबन्ध समिति**

☐ श्रीदक्षिणकाली

ऐतिहासिक सांस्कृतिक अध्ययन

☐ लेखक– डा. जगदीशचन्द्र रेग्मी

☐ दार्शनिक उपोद्घात– सानुभाइ डङ्गोल

☐ प्रकाशक– दक्षिणकाली क्षेत्र प्रवन्ध समिति दक्षिणकाली,
काठमाडौं

☐ संस्करण– प्रथम

☐ संवत्– २०४८ वैशाख

☐ प्रति– १०००

☐ सर्वाधिकार– प्रकाशकाधीन सुरक्षित

☐ मूल्य– रुपियाँ ४०।–

☐ मुद्रक– साझा प्रकाशनको छापाखाना
पुलचोक, ललितपुर ।

# प्रकाशकीय

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तथा श्री ५ बडा-महारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहबाट** सदिच्छा राखिवक्सी विगत केही वर्ष-अघि श्रीदक्षिणकाली माईको क्षेत्र विकास गर्ने उद्देश्यले 'दक्षिणकाली क्षेत्र विकास आयोजना' गठन गरिवक्सेको कारण नै आज दक्षिणकाली क्षेत्रले विकास गर्ने शुभ अवसर पाएको छ। साथै यस क्षेत्रको विकासको लागि सरकारहरूबाट राखिवक्सेको सदिच्छा साकार पार्न बराबर निर्देशन तथा सुझाव प्रदान गरी आवश्यक सहयोग पुऱ्याउनमा राजप्रासाद सेवाका लगायत श्री ५ को सरकारका उच्चपदस्थ अधिकृतहरूको योगदान पनि कम रहेको छैन।

दक्षिणकाली क्षेत्र आज एक स्वावलम्बी संस्थाको रूपमा विकास भई आफ्नै खुट्टामा उभिन सक्ने अवस्थामा पुगेको छ। यस क्षेत्रलाई बहु-आयामिक दृष्टिकोणले विकास गरी आत्मनिर्भर एकाइको रूपमा विकास गर्नमा राजप्रासाद सेवाबाट खटिनुभएका सह-सचिव तथा दक्षिणकाली क्षेत्र प्रबन्ध समितिका अध्यक्ष र काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास समन्वय समिति-का सदस्य-सचिव श्री सानुभाइ डङ्गोल र भूकम्पपीडित क्षेत्र पुनःनिर्माण तथा पुनर्स्थापन आयोजनाका प्रमुख श्री श्यामसुन्दर शर्मा— जो दक्षिणकाली क्षेत्र विकास आयोजनाका तत्कालीन आयोजना प्रमुख तथा काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजनाका शुरूका परियोजना प्रमुख-को देन र योगदान कम मान्न सकिंदैन। वास्तवमा दक्षिणकाली क्षेत्रले आज जे जुन रूपमा विकास गर्न सकेको छ त्यसको श्रेय श्री डङ्गोल, श्री शर्मा, आयोजनामा कार्यरत सबै कर्म-चारीहरूलगायत स्थानीय वासिन्दाहरूलाई नै जान्छ। यसैले उहाँहरू सबैलाई यस आयोजनाको तर्फबाट धेरै धेरै धन्यवाद! यस्तै वनस्पति विभागबाट खटिनु-भई यस क्षेत्रको उद्यान विकास कार्यमा सहयोग पुऱ्याउनुभएकोमा वनस्पति विशेषज्ञ श्री नरेन्द्र भूसाललाई पनि हामी धन्यवाद नदिई रहन सक्तैनौं।

अन्त्यमा,

श्रीदक्षिणकाली माई र उहाँको क्षेत्र सम्बन्धमा पुरातात्त्विक र धार्मिक अनुसन्धान गरी प्रस्तुत पुस्तक तयार पारिदिनुभएकोमा डा. जगदीशचन्द्र रेग्मी र पुस्तकको लागि विशेष मिहेनत गरी दार्शनिक उपोद्घात लेखिदिनुभएकोमा दक्षिण-काली क्षेत्र प्रवन्ध समितिका अध्यक्ष श्री डङ्गोलप्रति हामी आभारी छौं । उहाँ-हरूद्वारा तयार भएको यस पुस्तकको सफलताको लागि हाम्रो शुभकामना ।

**पूर्ण कडरिया**

परियोजना प्रमुख

काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजना

तथा

सदस्य

दक्षिणकाली क्षेत्र प्रबन्ध समिति

# वक्तव्य

"श्रीदक्षिणकाली ऐतिहासिक सांस्कृतिक अध्ययन" शीर्षकको यो प्रतिवेदन श्री ५ को सरकार काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजना बबरमहलद्वारा आयोजित लघुपरियोजनाको नतीजा हो। करीब तीन महीनाको सीमित अवधिभित्र यो प्रतिवेदन तयार पार्नुपरेकोले यो प्रतिवेदन हाल रूपरेखात्मक मात्र हुन जानु अस्वाभाविक होइन। तर उक्त अवधिभित्रै पनि गुठी संस्थानका अधिकारीज्यूहरूको सौजन्य र सहयोगबाट दक्षिणकालीसम्बन्धी धेरै लगतहरूको अध्ययन गर्न पाएर वस्तुस्थितिबारे केही कुरा जान्न सकिएको छ। यसै गरी स्थलनिरीक्षणबाट जानकारीमा आएका अभिलेखहरूबाट पनि ऐतिहासिक पक्षबारे बुझ्न निकै मद्दत पाइएको छ।

दक्षिणकालीसम्बन्धी अध्ययनको क्रममा यो प्रतिवेदन आरम्भ मात्र हो। यस सम्बन्धमा भविष्यमा गरिने अध्ययन-अनुसन्धानबाट अरू धेरै कुराहरू थाहा पाउन सकिने विश्वास गरिन्छ।

प्रस्तुत लघुपरियोजना सञ्चालन गर्न विशेष अभिरुचि राख्नुहुने पूर्व-आयोजना प्रमुख श्री श्यामसुन्दर शर्माज्यू तथा वर्तमान आयोजना प्रमुख श्री पूर्ण कडरिया, परियोजना कार्यालयका कर्मचारीहरूमा पनि सहयोग दिनुभएकोमा आभार व्यक्त गर्दछु।

डा. जगदीशचन्द्र रेग्मी

# विषय–सूची


खण्ड – १ पृष्ठ

क. दक्षिणकाली क्षेत्र विकास आयोजना परिचय तथा विकाससम्बन्धी चार्ट तथा चित्रहरू ग—झ

ख. दार्शनिक उपोदघात तन्त्र परम्परा र दक्षिणकाली मत– सानुभाइ डङ्गोल ञ–य

खण्ड – २

१. भूमिका खण्ड ३
२. ऐतिहासिक अध्ययन ८
३. दक्षिणकालीसँग सम्वद्ध कर्मकाण्डहरू एवं गुठी व्यवस्था १९
४. दक्षिणकालीको उपासनापद्धति ३५
५. दक्षिणकालीको संक्षिप्त पूजाविधि ४९
६. दक्षिणकाली सहस्रनामस्तोत्र ५३

खण्ड – ३

परिशिष्ट

खण्ड – क – अभिलेखहरू ८१
खण्ड – ख – लगतहरू ८८
खण्ड – ग – शिलालेखहरू १०७

खण्ड- १ क

# दक्षिणकाली क्षेत्र विकास आयोजना : परिचय

# दक्षिणकाली क्षेत्र विकास आयोजना : परिचय

२०४३ साल आश्विन ६ गते **श्री ५ महाराजाधिराज सरकार**का जुनाफमा दक्षिणकाली क्षेत्रको चरणवद्ध विकासको लागि सो क्षेत्रभित्र गरिने योजना र कार्यक्रमहरूको धारणा (कन्सेप्ट) जाहेर भएको थियो। सोही क्रममा प्राप्त निर्देशन-हरूमध्ये "दक्षिणकाली क्षेत्रमा विकास निर्माणको काम वाहिरी क्षेत्रबाट शुरू गर्दै पछि गएर मात्र मन्दिर क्षेत्रमा गर्ने गरी कार्यक्रम बनाउने" भन्ने निर्देशन प्राप्त भएको थियो। सोही निर्देशनहरूका आधारमा ३ वर्षे कार्यक्रमको तर्जुमा गरिएको थियो। तर २०४६ साल वैशाख ३१ गतेको जाहेरीमा **श्री ५ महाराजाधिराज सरकार**बाट थप निर्देशनहरू बक्स भएको हुँदा दक्षिणकाली क्षेत्रको विकास कार्यक्रम चौथो वर्षसम्म सञ्चालन गरिएको छ।

प्रस्तावित कार्यक्रमहरूअनुसार आयोजना सञ्चालनबाहेक आयोजनाबाट नै निर्माण-सुधार कार्यमा रू. १,१३,६७,२५०।– को इष्टिमेट गरिएकोमा आ. व. २०४३।०४४ मा रू. १७,४८,७४६।–, आ.व. २०४४।०४५ मा रू. ३३,९९,७७५।–, आ. व. २०४५।०४६ मा रू. २९,४७,९२३।९५ र आ. व. २०४६।०४७ मा रू. १०,००,०००।– गरी जम्मा रू. ९०,९६,४४४।९५ खर्च हुने अनुमान छ। यसमा श्री ५ को सरकारका अन्य निकायहरूबाट सोझै खर्च हुने रकमहरू समावेश भएका छैनन्।

**आर्थिक वर्ष २०४३।०४४ मा सम्पन्न गरिएका कामहरूको विवरण–**

**श्री ५ महाराजाधिराज सरकार**को निर्देशनअनुसार दक्षिणकाली क्षेत्रमा आ. व. २०४३।०४४ सालमा सबै निर्माण कार्यहरू मन्दिरको बाहिरी क्षेत्रमा मात्र सीमित रहे। त्यस वर्ष योजनाको प्रारम्भमा अंकित गरिएका सम्पन्न गरिनु-पर्ने ४९ वटा निर्माण तथा विकासहरूका काममध्ये १४ वटा कार्यक्रम आयोजनाले सम्पन्न गऱ्यो।

१. **सार्वजनिक शौचालय** – प्रस्तावित पिकनिक स्थलहरू तथा भैरहेका दुईवटा मोटर पार्कबाट सजिलै जान हुने गरी २ वटा सार्वजनिक शौचालयहरूको निर्माण गरियो।

२. **फूल-प्रसाद बिक्री गर्ने सत्तल** – फूल-प्रसादको बिक्रीवितरण व्यवस्थित रूपबाट सञ्चालन गर्नका लागि मन्दिरतर्फ जाने सिंढीको मुखनजीकै एउटा सेड निर्माण गरियो ।

३. **पिकनिक सेड तथा चौताराहरू** – प्रस्ताविक पिकनिक स्थलहरूमा केन्द्रीय गोरेटो वाटोबाट सजिलै जान हुने जरी १२ वटा पिकनिक सेडहरूको निर्माण सम्पन्न गरियो। तोडफोडबाट बचाउनका लागि यी सेडहरू फलामले बनाइएका थिए। साथै ठाउँठाउँमा ६ वटा चौतारा निर्माण पनि पूरा गरिएको थियो।

४. **पसलहरू, टेवा पर्खाल, शौचालय र रेलिङ** – मन्दिर हाताको छेउछाउमा पसलहरू हुँदा खोला तथा मन्दिरको वातावरणमा प्रदूषण हुने हुँदा पसलहरू सार्ने सिलसिलामा माथि फूल-प्रसाद बेच्ने पसलको छेउमा नयाँ पसलहरू र सार्वजनिक शौचालयको निर्माण गरियो। साथै त्यस क्षेत्रका ढल निकासको काम, शौचालय र पसलहरूको लागि पानी टयाङ्की, फूल- प्रसाद बेच्ने सत्तल-अगाडिको पेटी र रेलिङ तथा ठाउँठाउँमा टेवा पर्खालहरूसमेतको निर्माण कार्य सम्पन्न गरियो ।

५. **नापमक्शा र सीमाना छुट्याउने कार्य** – यसअन्तर्गत 'कोर एरिया' को सीमाना छुट्याउने काम नापी विभाग, वन विभाग र आयोजनाको संयुक्त प्रयासबाट पूरा गरी सम्पूर्ण सीभानामा १३४ वटा कंक्रीट पिलरहरू गाड्ने काम सम्पन्न गरियो। 'कोर एरिया' भित्रको छूट भएका ठाउँको टोपोग्राफिकल सर्भे गर्ने काम तथा सीमानामा गाडिएका पिलरहरूको नापो (को-अर्डिनेट्स) लिने काम नापी विभागबाट सम्पन्न गरियो ।

६. **सिंढी निर्माण** – यसअन्तर्गत हाल दुईवटा मोटर पार्कबाट शौचालय र पिकनिक स्थलतर्फ जाने सिंढीहरूको निर्माण कार्य सम्पन्न गरियो ।

७. **अन्य निर्माण-सुधार** – अन्य निर्माण-सुधारअन्तर्गत २ वटा नयाँ धाराहरूको निर्माण, ४ वटा पुराना धाराहरूको मर्मत, मन्दिरनजिकको शौचालयको मर्मतसम्भार, तल्लो मोटरपार्कमा ड्रेनेज, पुराना पिकनिक सेडहरूको मर्मत, चौताराहरूको मर्मत आदि कामहरू सम्पन्न गरियो ।

**दक्षिणकाली क्षेत्रको संरक्षण, व्यवस्थापन तथा सञ्चालन–**

आयोजनाबाट निर्माण गरिएका 'इन्फ्रास्ट्रक्चर' तथा सुविधाहरूको सञ्चालन तथा व्यवस्थापन सुचारु रूपले गर्नका लागि परीक्षणको तवरमा श्रीदक्षिणकाली गा. पं. को प्रधान पंचको अध्यक्षतामा यस आयोजना,स्थानीय पञ्चायत र आयोजना क्षेत्रमा काम गर्ने श्री ५ को सरकारका अन्य निकायको प्रतिनिधित्वसमेत रहेको एउटा प्रवन्ध उप-समिति गठन गरिएको छ ।

**आर्थिक वर्ष २०४४।०४५ मा सम्पन्न गरिएका कामहरूको विवरण–**

आर्थिक वर्ष २०४४।०४५ मा आयोजनाले निम्नबमोजिमका कामहरू सम्पन्न गऱ्यो–

१. **मन्दिरवरिपरि** – मन्दिरको पूर्वतर्फको 'प्लाजा' विस्तार तथा त्यस 'प्लाजा' लाई मन्दिरसँग जोड्ने एउटा नयाँ 'फुटब्रिज' को निर्माण कार्य सम्पन्न गरियो साथै नयाँ सिढी तथा टेवा पर्खालहरू, मसानघाट, जुत्ता राख्ने सेड, दर्शकस्थल आदि कामहरू पनि सम्पन्न गरियो ।

२. **पिकनिक स्थल तथा पार्क क्षेत्र** – पिकनिक स्थल तथा पार्क क्षेत्रमा थप १४ वटा चौताराहरू तथा पिकनिक स्थलहरूको कसिङ्गर आदि बाल्नका लागि २ वटा 'इन्सिनरेटर' को निर्माण पूरा भयो ।

३. **गोरेटो बाटो निर्माण** – दक्षिणकाली क्षेत्रभित्रका विभिन्न पिकनिक तथा पार्क क्षेत्रहरूलाई जोड्ने ढुंगा छापेको बाटो निर्माणका साथै सो बाटोमा पर्ने २ वटा 'फुटब्रिज'को निर्माण कार्य पूरा भयो ।

४. **रेजोर्ट क्षेत्रमा पूर्वाधारको व्यवस्था** – प्रस्तावित 'रेजोर्ट' क्षेत्रमा पूर्वाधार तयार गर्ने सम्बन्धमा त्यस क्षेत्रसम्म पुग्ने खाने पानीको १" पाइप ओछ्याउने काम, दक्षिणकाली जाने मूलसडकबाट रेजोर्ट क्षेत्रसम्म ग्राभेल मोटर बाटो तथा रेजोर्टको लागि आवश्यक मोटर पार्कको निर्माण कार्य सम्पन्न भयो ।

५. **घरजग्गा अधिग्रहण** – विकास क्षेत्रभित्र पर्ने, वन क्षेत्रबाहेक ५७ रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा २५ रोपनी १० आना जग्गा २०३३ सालमा निर्माण तथा यातायात मन्त्रालयबाट अधिग्रहण भैसकेको, २५ रोपनी ६ आना जग्गाको मुआवजा वितरण गरेको र बाँकी रहेको १६ रोपनी जग्गाको सम्वन्धित व्यक्तिहरूसँग यथेष्ट प्रमाण नभई मुआवजा वितरण हुन नसकेको । घर अधिग्रहण सम्वन्धमा योजनाको निर्माणस्थलहरूमा बनेको व्यक्तिगत घरपसलहरूका लागि भत्काउने खर्चको व्यवस्था गरेको र भत्काउन आवश्यक नदेखिएका घरहरूलाई उचित मुआवजा दिई घर लिएको ।

६. **स्थानीय गा.वि.स. लाई सहयोग**– स्थानीय गा. वि. स. लाई विभिन्न विकास कार्यहरूमा सहयोग गर्ने सम्बन्धमा छैमले गाउँ विकास समितिलाई खानेपानी योजनाको लागि आवश्यक पाइप र सिमेण्ट आदि सामग्री खरीद गर्न रू. १,००,०००।– आयोजनाले त्यस गाउँ विकास समितिलाई अनुदान दिइयो ।

७. **विविध निर्माण कार्य** – खानेपानी विभागको सहयोगबाट पानी सप्लाइ हुने इंटेकको पुनः निर्माण, पाइप लाइनको मर्मतसुधार तथा केही थप धाराहरूको निर्माण कार्य सम्पन्न भयो । साथै फूल-प्रसाद बेच्ने सत्तलको पछाडि टेवा

पर्खाल र माथिल्लो मोटर पार्कमा टेवा पर्खालको निर्माण कार्य पूरा गरियो।

८. **अन्य निक्कायबाट गरिएका कामहरू** – शाही वनस्पति उद्यानबाट पार्क तथा पिकनिक क्षेत्रमा फूलहरूका विरुवा रोप्ने र ल्याण्डस्केपिङको काम, भू-संरक्षण विभागबाट २ वटा चेक ड्याम्को निर्माण, जिल्ला वन कार्यालय-बाट अधिग्रहण गरिएको जग्गामा वृक्षरोपणको काम सम्पन्न भयो। साथै फोहरमैला तथा स्रोत परिचालन केन्द्रबाट दक्षिणकाली प्रवन्ध उप-समितिलाई फोहरमैला संकलन आदिको लागि आवश्यक र सरसामान उपलब्ध भयो।

**आर्थिक वर्ष २०४५।०४६ मा सम्पन्न गरिएका कामहरूको विवरण–**

**श्री ५ महाराजाधिराज सरकार**को २०४३ सालको निर्देशनअनुसार आर्थिक वर्ष २०४५।०४६ मा आयोजनाले वाहिरी क्षेत्रका कामहरूको साथै मन्दिरहाताको काम प्रारम्भ गऱ्यो। सम्पन्न गरिएका कामहरूको विवरण निम्न-वमोजिम छ–

१. **मन्दिर हाताको काम** – मन्दिर हातामा पर्ने दुई सत्तलहरूको पुर्ननिर्माण, मन्दिर हाता विस्तृत गर्न चाहिने पर्खाल तथा त्यसमा पित्तलको छाना, मन्दिर हातामा पानीको आपूर्ति व्यवस्थाको लागि आवश्यक पर्ने पानी टंकी र पाइप-हरू, चँदुवा अड्याउने खम्वाहरू, मन्दिरभित्रको पानीको लागि निकास ढल, अगाडिपट्टि पानससहितको रेलिङ जडान तथा पछाडिको टेवा पर्खालमा गोदावरी मार्वल लगाउने काम सवै सम्पन्न भयो।

२. **मन्दिरवरिपरि** – मन्दिरअगाडिको पोखरी, २ वटा फुटब्रिज र एउटा सत्तल भत्काई घाटको विस्तार काम, दक्षिण प्लाजा विस्तार तथा मन्दिरको दक्षिण-तर्फको सिंढीको निर्माण कामहरू सम्पन्न भयो।

३. **माता मन्दिरवरिपरि** – मन्दिरको प्लाजामा ढुंगा छाप्ने काम, रेलिङ मर्मत, सिंढी मर्मत, मन्दिरमा रंगरोगन तथा एउटा सार्वजनिक शौचालयको निर्माण कार्य सम्पन्न भयो।

४. **पार्क क्षेत्र**:– निर्देशनअनुसार जस्ताको सार्वजनिक शौचालय नयाँ मोटर पार्क क्षेत्रमा निर्माण गरियो। ग्राभेल वाटाको दुवै छेउमा निर्माण गर्नुपर्ने टेवा पर्खालको घेरैजसो काम सम्पन्न भयो। डिजेल, पेट्रोलको अभावले गर्दा समयमा निर्माण सामग्री उपलब्ध हुन नसक्दा टेवा पर्खालको पूरा काम सम्पन्न हुन सकेन र आर्थिक वर्ष २०४६।०४७ मा गएर पूरा भयो।

५. **बाटो गोरेटो**:– झोलुंगे पुलको सट्टा सिंढी निर्माण गर्दा वढी उपयुक्त हुने देखि-एकोले सिंढीको काम प्रारम्भ गरिएको थियो तर पछि गएर डिजेलको अभावले गर्दा सो काम पूरा हुन नसकी आ. व. २०४६।०४७ मा सम्पन्न भयो।

६. **विविध निर्माण तथा सुधार** – यसअन्तर्गत हनुमान मन्दिरको पुनर्निर्माण तथा त्यस क्षेत्रमा २ वटा प्लाजा निर्माण र ल्याण्डस्केपिङ, बालकुमारी मन्दिर क्षेत्रमा मन्दिर सुधार, २ वटा सत्तल निर्माण तथा नयाँ सिढी र ढुंगा छाप्ने काम पूरा गरियो। रिजोर्ट एरियानजीकै तेस्रो कार पार्कको निर्माण, तल्लो मोटर पार्कमा टेवा पर्खाल निर्माण, पूर्वी प्लाजाको पाटी मर्मत तथा रंगरोगन लगाउने काम, पार्क र पिकनिक स्थलमा फूलका बिरुवा लगाउने तथा वृक्षरोपणको काम सबै सम्पन्न भयो ।

७. **मुआवजा वितरण** – गत वर्ष जग्गा स्वामित्वको प्रमाणका अभावमा मुआवजा वितरण हुन नसकेका जग्गाको मुआवजा जग्गाधनीहरूलाई वितरण भयो ।

**अन्य निकायहरूबाट भएका कामहरू** – जलस्रोत मन्त्रालयअन्तर्गत विद्युत् प्राधिकरणले आफ्नै स्रोत र साधनबाट प्रथम चरणमा दक्षिणकाली मन्दिर हाता र वरिपरिका क्षेत्रमा तथा तीनवटा मोटर पार्किङ क्षेत्रमा विद्युतीकरणको काम सम्पन्न गऱ्यो ।

पार्क तथा पिकनिक क्षेत्रमा वन तथा वनस्पति विभागद्वारा उद्यान विकासको काम चालू नै रह्यो।

**चालू आ. व. मा हालसम्मको प्रगति** – २०४६ साल वैशाख ३१ गतेको जाहेरीमा **श्री ५ महाराजाधिराज** सरकारबाट थप निर्देशनहरू वक्स भए-अनुसार आयोजनाले विभिन्न ठाउँमा संचालन गरिरहेका विकास निर्माण कार्यहरूको प्रगति विवरण निम्नबमोजिम छ–

१. **मन्दिर हाता** – श्रीदक्षिणकाली मन्दिर प्राङ्गणक्षेत्र विस्तार गरी निर्माण गरिएको परिक्रमा पथमा संगमरमर छाप्ने काम, प्राङ्गणको पुरानो फ्लोरिङ्गलाई झिकी संगमरमर छाप्ने काम तथा पुनर्निर्मित दुईवटा सत्तल-हरूमा समेत संगमरमर छाप्ने काम सम्पन्न भएको छ। अष्टमातृका अवस्थित पर्खालको उचाइ कम गरी नयाँ पित्तलको छाना लगाउने कामको साथै अष्ट-मातृका तथा श्रीदक्षिणकाली मन्दिरको पर्खालमा संगमरमर लगाउने काम सम्पन्न भैसकेको छ ।

२. **चँदुवा विस्तारको काम** – चँदुवा विस्तार गर्दा चँदुवा अड्याउने खम्बाहरूमा भार बढ्न जाने हुँदा खम्बाहरूलाई फलामको ब्रेसिङ्गले जोड्ने काम तथा ब्रेसिङ्ग छोप्न र मन्दिर प्राङ्गणलाई सजाउन पित्तलको झल्लरी लगाउने काम सम्पन्न भैसकेको छ। पुरानो चँदुवा तथा नागहरूलाई बढाउने र जडान गर्ने काम यसै आ. व. को अन्त्यसम्ममा पूरा हुने अनुमान छ ।

३. **स्तुति र यन्त्रको काम** – अष्टमातृका पुनःस्थापना गर्न भनी निर्माण गरिएको पर्खालमा देवीको स्तुति तथा दक्षिणकाली यन्त्र राख्ने निर्देशनअनुसार श्री ५ प्रतापसिंह शाह संरचित 'बृहत्पुरश्चर्याणव'मा उल्लिखित श्रीदक्षिणकालीको ध्यान तथा दुईवटा श्रीदक्षिणकाली यन्त्र संगमरमरमा कुँदी भित्तामा टाँस्ने काम सम्पन्न भैसकेको छ ।

४. **प्रवेशद्वार** – दक्षिणकाली क्षेत्रमा प्रवेश गर्ने सडक तथा 'रेजोर्ट एरिया' हुँदै छैमले जाने प्रस्तावित सडक छुट्टिने ठाउँमा प्रवेशद्वारको निर्माण काम चालू छ । सबै काम यही आर्थिक वर्षको अन्त्यसम्ममा पूरा हुने अनुमान छ ।

५. **नदीनियन्त्रणको काम** – ठाउँ-ठाउँमा नदी सफा गर्ने काम पूरा भएको छ । आउँदो चौमासिक बजेट समयमै निकासा भएमा आर्थिक वर्षको अन्त्यसम्ममा पार्क क्षेत्रमा ग्याबियन पर्खालको निर्माण काम पूरा हुने अनुमान छ ।

## दक्षिणकाली क्षेत्र प्रबन्ध समिति

दक्षिणकाली विकास क्षेत्रभित्र बनेका सरसुविधाहरूको व्यवस्थापन तथा सञ्चालन सुचारु रूपले गर्ने र यसको लागि दक्षिणकाली प्रबन्ध समितिलाई क्रमिक रूपमा आत्मनिर्भर बनाउँदै लैजाने उद्देश्य राखी तत्कालीन आयोजना सञ्चालन समितिले मिति २०४४।१।२० मा परीक्षणका तवरमा तत्कालीन श्री दक्षिणकाली गाउँ विकास समिति प्रधान पंचको अध्यक्षतामा आयोजना, स्थानीय गा.वि.स.र आयोजना क्षेत्रमा काम गर्ने श्री ५ को सरकारका अन्य निकायहरूको प्रतिनिधित्व रहेको एउटा प्रबन्ध उपसमिति गठन गरेको थियो ।

यसरी गठन गरिएको प्रबन्ध उप-समितिले व्यवस्थापन र सञ्चालनको जिम्मेवारी लिएको ६ महिनापछि उप-समितिको कार्यप्रगति लिंदा आम्दानी-भन्दा खर्च बढी हुन गएको हुँदा लक्ष्यअनुसारको काम प्रबन्ध उप-समितिबाट हुन नसक्ने देखियो । सोही कुरा २०४५ साल वैशाख १२ गते **श्री ५ महाराजाधिराज सरकार** तथा **श्री ५ बडामहारानी सरकार**का जुनाफमा विन्ति जाहेर हुँदा "दक्षिणकाली क्षेत्रको रेखदेख र स्याहारसम्भारको व्यवस्था मिलाउन गठन गरिने प्रबन्ध समितिमा स्थानीय सेवाबाट पनि प्रतिनिधित्व गर्ने गरी पुनर्गठनको व्यवस्था मिलाउने" भनी निर्णय भयो । उपर्युक्त निर्णयअनुसार काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजनाको मन्त्रीस्तरीय सञ्चालन समितिले मिति २०४५।६।१८ मा पहिले गठन भएको दक्षिणकाली प्रबन्ध उप-समिति विघटन गरी काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास समन्वय

श्री ५ को सरकार

# काठमाण्डौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजना

## कार्य तालिका

| सि.नं. | कार्य विवरण | आर्थिक वर्ष | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | २०४३/०४४ | २०४४/४५ | २०४५/४६ | २०४६/४७ | |
| क | मन्दिर हातामा गरिएका कामहरू | | | | | |
| | १. सतलहरूको पुनः निर्माण कार्य | | | | | |
| | २. मन्दिर प्राङ्गण विस्तार गर्ने कार्य | | | | | |
| | ३. मन्दिर हातामा फ्लोरिङ्गको काम | | | | | |
| | ४. चँदुवा र नाग विस्तारको काम | | | | | |
| | ५. अष्टमातृकाको पर्खाल घटाई नयाँ पितलको छाना राख्ने काम | | | | | |
| | ६. दक्षिणाकाली स्तुती, यन्त्र तथा पर्खालमा पितलको छाना राख्नेकाम | | | | | |
| | ७. नयाँ धाराहरू तथा ढल निकासको काम | | | | | |
| | ८. पानस सहितको रेलिङ्गको काम | | | | | |
| | ९. नाग अड्याउने खम्बा तथा ब्रेसिङ्गमा पितलको झल्लर | | | | | |
| | | | | | | |
| ख. | मन्दिर वरिपरि गरिएका कामहरू | | | | | |
| | १०. मन्दिर अगाडिको खोलाको माटो हटाई पोखरी निर्माणको काम | | | | | |
| | ११. फुट ब्रिज निर्माण (३ वटा) तथा घाट विस्तार | | | | | |
| | १२. फूल, प्रसाद विक्री गर्ने सतल निर्माण | | | | | |
| | १३. पसलहरू तथा सार्वजनिक शौचालय निर्माण | | | | | |
| | १४. बली सफा गर्ने ठाउँको निर्माण | | | | | |
| | १५. शौचालय मर्मत संभार | | | | | |
| | १६. टेवा पर्खाल निर्माण | | | | | |
| | १७. प्लाजा तर्फको सतल जिर्णोद्धार कार्य | | | | | |
| | १८. प्लाजा विस्तार कार्य | | | | | |
| | १९. जुत्ता राख्ने सेड निर्माण | | | | | |

सि

ग

घ

ड

| सि.नं. | कार्य विवरण | २०४३/०४४ | २०४४/०४५ | २०४५/०४६ | २०४६/०४७ | कैफियत |
|---|---|---|---|---|---|---|
| | २०. मन्दिरको उत्तर तर्फ नयाँ सिंढी निर्माण | | | | | |
| | २१. बिश्राम तथा दर्शक स्थलको निर्माण | | | | | |
| | २२. मसानघाट र व्यस तर्फको जाने सिंढी निर्माण | | | | | |
| | २३. ढल निकास निर्माण | | | | | |
| | २४. विभिन्न सतलहरू भत्काउने कार्य | | | | | |
| | २५. मन्दिर हाताको दक्षिण तर्फ सिंढी पुनः निर्माण र झ्याजा विस्तार | | | | | |
| | २६. फूल प्रसाद बिक्री गर्ने सतलको दक्षिण तर्फको रेलिङ्ग निर्माण | | | | | |
| | २७. गोरेटो बाटो निर्माण तथा मर्मत | | | | | |
| | | | | | | |
| ग | माता मन्दिर वरिपरि गरिएका कामहरू | | | | | |
| | २८. शौचालय निर्माण | | | | | |
| | २९. टेवा पर्खाल र रेलिङ निर्माण सुधार | | | | | |
| | ३०. सिंढी, फ्लोरिङ तथा मन्दिर मर्मत संभार | | | | | |
| | | | | | | |
| घ | पिकनिक स्थलहरूमा गरिएका कामहरू | | | | | |
| | ३१. शौचालय निर्माण (२वटा) | | | | | |
| | ३२. पिकनिक सेडको निर्माण (१२वटा) | | | | | |
| | ३३. धाराहरूको मर्मत तथा नयाँ धारा निर्माण (७वटा) | | | | | |
| | ३४. चौतारा निर्माण (२०वटा) | | | | | |
| | ३५. इन्सिनेटर निर्माण (२वटा) | | | | | |
| | | | | | | |
| ङ | पार्क क्षेत्रमा गरिएका कामहरू | | | | | |
| | ३६. चौतारा निर्माण (८वटा) | | | | | |
| | ३७. पुराना सेडहरूको मर्मत संभार (३वटा) | | | | | |

| सि.नं. | कार्य विवरण | २०४३/०४४ | २०४४/०४५ | २०४५/०४६ | २०४६/०४७ | कैफियत |
|---|---|---|---|---|---|---|
| | ३८. शौचालय निर्माण (१ वटा) | | | | | |
| | | | | | | |
| च | बाटो तथा गोरेटो बाटो निर्माण | | | | | |
| | ३९. ढुङ्गा घापेको गोरेटो बाटो | | | | | |
| | ४०. पुल, पुलेसाहरू निर्माण (२ वटा) | | | | | |
| | | | | | | |
| छ | विविध कार्य | | | | | |
| | ४१. खाने पानी व्यबस्था | | | | | |
| | ४२. तेस्रो कार पार्क निर्माण | | | | | |
| | ४३. फेमाडाँडा जाने ग्राभेल बाटो बनाउने तथा कार पार्क निर्माण | | | | | |
| | ४४. भैरहको कार पार्कमा टेवा पर्खाल | | | | | |
| | ४५. वाल कुमारी मन्दिर क्षेत्रमा मर्मत सुधार | | | | | |
| | ४६. हनुमानस्थान पुनः निर्माण तथा प्लाजा र सिढी निर्माण | | | | | |
| | ४७. नयाँ बस स्ट्याण्ड तथा खुला पसलको सेड निर्माण | | | | | |
| | ४८. फेमा डाँडाको बाटोमा दुबै तर्फ टेवा पर्खाल र सिढी निर्माण | | | | | |
| | ४९. खोला नियन्त्रणको काम | | | | | |
| | ५०. दैमले गाँउ पंचायतलाई खाने पानीको लागि सहयोग | | | | | |
| | ५१. दक्षिणकाली प्रवेश द्वार | | | | | |
| ज | जग्गा अधिग्रहण | | | | | |
| | ५२. करिब ५० रोपनी जग्गा अधिग्रहण | | | | | |
| | ५३. व्यक्तिगत घर अधिग्रहण | | | | | |
| | कुल जम्मा रकम रु. → | १७,४८,७४६।- | ३३,९९,७७५।- | २९,४७,९२३।९५ | १०,००,०००।- | |
| | चारैं आर्थिक बर्षको कुल जम्मा रकम रु. ⟶ | | | | | ९०,९६,४४५।- |



दक्षिणकाली मन्दिरक्षेत्रको सुधार



जीर्णोद्धारग्रघि अष्टमातृका-स्थान



जीर्णोद्धारपछि अष्टमातृका–स्थान



जीर्णोद्धारअघि दक्षिणकाली मन्दिरको प्राङ्गण



जीर्णोद्धारपछि दक्षिणकाली मन्दिरको प्राङ्गण



जीर्णोद्धारअधि मन्दिर क्षेत्र



जीर्णोद्धारपछि दक्षिणकाली मन्दिरको प्राङ्गण



जीर्णोद्धारग्रधि बालकुमारी–स्थान

जीर्णोद्धारपछि वालकुमारी–स्थान



दक्षिणकाली मन्दिर क्षेत्रको सुधार



मन्दिर क्षेत्रको निर्माण–सुधार



हनुमानस्थानको निर्माण–सुधार



वनभोज–स्थलको निर्माण



दक्षिणकाली–यन्त्र

जीर्णोद्धारपछि दक्षिणकालीको आमाको मन्दिर



दक्षिणकाली क्षेत्रमा प्लाजाको निर्माण

समितिको सदस्य-सचिवको अध्यक्षतामा दक्षिणकाली क्षेत्र प्रवन्ध समितिको गठन गरेको थियो ।

प्रवन्ध समितिको गत वर्षका कामकारवाहीहरू हेर्दा दक्षिणकाली विकास क्षेत्रभित्र वनेका सरसुविधाहरूको व्यवस्थापन तथा सञ्चालन गर्न प्रवन्ध समिति सक्षम हुनुका साथै स्थानीय आयस्रोतको परिचालन गरी आत्मनिर्भरता हासिल गरेको देखिन्छ । भविष्यमा दक्षिणकाली क्षेत्रको वातावरणीय संरक्षण, संवर्द्धन तथा सामान्य मर्मतसम्भारको जिम्मा प्रवन्ध समितिले लिन सक्ने देखिन्छ ।

## दार्शनिक उपोद्घात

# तन्त्र परम्परा र दक्षिणकाली मत

सानुभाइ डङ्गोल

सामान्य परिभाषामा हिन्दू जीवनपद्धति पनि भन्न सकिने आर्य जीवन पद्धतिमा पाइने विभिन्न धार्मिक परम्पराहरूमध्ये तन्त्र परम्परा पनि एक हो। आर्य संस्कृतिलाई बचाउन यो पद्धतिले जे जति भाग्नामा मद्दत प्रदान गरेको छ त्यति भाग्नामा अरू कुनै पद्धतिले पनि प्रदान गरेको छैन। निम्न स्तरमा पुगी जन-जनमा भिजी जीवनको अभिन्न अंगको रूपमा विकास भएको पद्धति हुनाले यसलाई जीवन्त पद्धति हो भनेमा केही फरक पर्ने देखिंदैन।

आफ्नो सर्वोच्च विकासको लागि मानवलाई यो पद्धतिले वेदान्तले जस्तै केवल कोरा दर्शन प्रदान गर्दैन, न त अरू मतले जस्तै घरबार त्यागी संन्यासी हुन नै सल्लाह दिन्छ। वेदान्तदर्शनबाट प्राप्त हुने गन्तव्यस्थान पुग्न मानवलाई यसले उसको भाव-अनुसारका प्रक्रियाहरू पनि प्रदान गरेको छ। साधनाका विभिन्न स्तरहरू पार गर्दै विस्तार-विस्तार माथि उक्लँदै जाने पद्धति भएकोले यसलाई विहङ्गम मार्गको सट्टा पिपीलिका मार्ग भनिएको छ। सर जोन उड्रफका भनाइअनुसार "संक्षेपमा भन्ने हो भने तन्त्र वास्तवमा विश्वकोषात्मक विज्ञान हो। यो व्यावहारिक छ र कोरा बकवाससँग यसको कुनै सम्बन्ध छैन। यसले यात्रीलाई गन्तव्यस्थान नपुगेसम्म बत्ती बाल्दै क्रमैसँग बाटो देखाउने काम गर्दछ।"[१]

विहङ्गम मार्ग अवलम्बन गर्ने साधक क्षणभरमै गन्तव्यस्थानमा पुग्न त सक्दछ तर यसको लागि साधकलाई कुशल मार्गनिर्देशकको अति आवश्यकता पर्दछ। कुशल मार्गनिर्देशकको अभावमा यो मार्ग अवलम्बन गर्ने साधकले बाटो भात्र बिराउँदैन, बरु सम्पूर्ण जीवनै पनि नष्ट गर्दछ। जेटमा उडेका मानिसले गन्तव्य-स्थान नपुगेसम्म बादलमाथिबाट आफू कुन स्थानमा पुगें भन्ने कुरा कल्पना गर्न सक्तैन। यस्तै विहङ्गम मार्ग अवलम्बन गर्ने साधकले पनि गन्तव्यस्थान नपुगेसम्म आफू कुन स्थिति वा स्तरमा पुगें भन्ने कुरा कल्पना गर्न सक्तैन। कहिलेकाहीं जीवनको वास्तविक तथ्य सामना गर्न नसकेर वेदान्ती वा योगी आफ्नो बाटोबाट चिप्लन सक्तछ तर तन्त्रसाधकलाई यो कुराको डर कत्ति पनि हुँदैन।

तन्त्रसाधक वेदान्ती जस्तै कोरा सिद्धान्तको वकवास गरेर हिंड्दैन, जुन सिद्धान्तको परिपालन ऊ स्वयंले गर्न सकेको हुँदैन। न त ऊ अन्य साधु वा योगीहरूले जस्तै घरबार छोडेर हिंडेको हुन्छ जसप्रतिको आसक्ति ऊ स्वयंले त्याग्न सकेको हुँदैन। तन्त्र परम्परा भोग र योग दुवैलाई समन्वय गर्ने परम्परा हो, जुन परम्पराको पालनाले भोगप्रतिको आसक्ति क्रमशः घट्दै जान्छ र त्यागको भावना विकास हुन्छ। श्री अजीत मुखर्जी तथा मधु खन्नाको भनाइमा "तन्त्र भोग र योगजस्ता विरोधी आयामहरूलाई समन्वय गर्ने अद्वितीय परम्परा हो । यसको मद्दतले भोगको सिद्धान्तमा आधारित हाम्रा मनमौजी उत्तेजनाहरूलाई आध्यात्मिक अनुभवमा परिणत गर्न सकिन्छ । तन्त्रले भोगको कार्यलाई आध्यात्मिक कार्यमा स्वरूपित गर्दछ यदि राम्रो आशय र प्रयोजन लिएर उपयुक्त प्रकारले दीक्षित भई यो कार्य गरिन्छ भने । तन्त्रले परम्परागत ज्ञानको विपरीत, यौनजस्तो विषयलाई पनि आध्यात्मिक साधनामा बाधक होइन साधक बनाई वाहनको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने अपूर्व सिद्धान्त स्थापित गरेको छ ।"[२]

तन्त्र परम्पराले साधकहरूलाई उनीहरूको भावअनुसार दिव्य, वीर र पशु गरी तीन स्तरमा बाँडेको छ। यो परम्परामा साधक आफू जुन स्तरमा छ त्यही स्तरमा रही उपासनाको काम शुरू गर्दछ र क्रमशः अघि बढ्दछ। यी तीनमध्ये तल्लो स्तरको साधक पशु कल्पको साधक हो जसले आफूलाई दास र इष्टदेवतालाई मालिक संझेर "दासोऽहं" को भावनाले उपासनाको काम गर्दछ । उपासनाको क्रममा अघि बढ्दै जाँदा साधकले क्रमशः आफूलाई बिर्सदै जान्छ र इष्टदेवतालाई मात्र सम्झन पुग्दछ। यसरी बिर्सने र सम्झने क्रममा साधक आफैंलाई इष्टदेवताको रूप धारण गरेको पाउँदछ र यसरी "दासोऽ हं" को स्थितिबाट "सोऽहं" वा "साऽ हं" को स्थितिमा पुग्दछ । यो स्थितिमा पुगेको साधकलाई वीर कल्पको साधक भनिन्छ। यो स्थिति पनि नाघेर साधक जब "नाऽहं" को स्थितिमा पुग्दछ त्यसबेला उसमा भाव भनेकै रहँदैन अथवा भनौं शून्यभाव मात्र रहन्छ। यो यस्तो स्थिति हो जहाँ साधकले न आफू, न अरू, न त इष्टदेवतालाई नै बाँकी रहेको पाउँदछ। तन्त्र परम्पराअनुसार यो दिव्य कल्पको स्थिति हो जसलाई वेदान्तको शब्दावलीमा मुक्ति र बौद्धवाङ्मयमा निर्वाण भन्न सकिन्छ ।

अजीत मुखर्जी तथा मधु खन्ना यस सम्बन्धमा लेख्छन्– "मानसिक स्वभाव र आध्यात्मिक चेतनाको स्तरलाई हेरेर तन्त्रले आध्यात्मिक साधकहरूलाई पशु, वीर र दिव्य गरी तीन तहमा बाँडेको छ। यसले बन्धनभित्र रहेका कोरा अज्ञानी पशु साधकलाई उसको योग्यताअनुसारका उपायहरू बताई साधना गर्न लगाउँदछ। कडा आध्यात्मिक प्रकृति (वीर) का मानसिक-आध्यात्मिक अनुभव हासिल गर्न

सक्ने क्षमता र आगोसँग खेल्ने अतिरिक्त शक्ति भएकाहरूलाई तन्त्रले दुई उच्चतम र नीचतम सीमाहरूको बीच राखेको छ । तन्त्र सिद्धान्तअनुसार उच्च क्षमताको साधकलाई दिव्य स्तरको साधक मानिन्छ । उसको ध्यान अवस्था स्वच्छन्द रहेको हुन्छ र ऊ सधैंभरि आध्यात्मिक अनुभवहरूको प्रयोग गरिरहेको हुन्छ । ऊ सधैंभरि आन्तरिक स्त्रीशक्ति र मदिरालाई उपभोग गर्दै आनन्दमा मग्न रहन्छ । यो अवस्थामा पाइने आन्तरिक स्त्रीशक्ति शरीरभित्र कुण्डलिनी शक्ति हो र मदिरा योगको अभ्यासबाट प्राप्त हुने उन्मादपूर्ण ज्ञान हो जसले साधकलाई सुरापायीलाई जस्तै लठ्ठ बनाएको हुन्छ ।"[३]

भोग र योग दुवैलाई समन्वय गर्ने परम्परा भएको हुनाले तन्त्र परम्पराले जीवनको कुनै पनि पक्षलाई छोडेको छैन । यसले आफ्नो पद्धतिमा भोगका सब कुराहरू– सुरा, सुन्दरी, मांस आदिलाई साधनापथको एक अंगकै रूपमा विकास गरेको छ जसलाई तन्त्रको शब्दावलीमा पंचमकार अथवा मत्स्य, मांस, मदिरा, मुद्रा र मैथुन भनिन्छ । कसैले यस भतको विपरीत त्यागको पद्धतिमा जोड दिएमा तन्त्रसाधक विभिन्न प्रकारबाट त्यागवादीको प्रतिकार गर्न पनि पछि पर्दैन । यस सम्बन्धमा 'कुलार्णवतन्त्र'मा पाइने केही हरफहरू उदाहरणको लागि पेश गरिएका छन्– "मूर्खहरू तिम्रो मायाको वशमा परी दिनको एक छाक खाएर, उपवास बसेर वा शरीर सुकाउने अन्य काम गरेर मोक्ष प्राप्त गर्ने आशा राख्दछन् । के यस्ता अज्ञानीहरूले शरीरलाई दुःख दिंदैमा मोक्ष प्राप्त गर्न सक्दछन् त ? गधाहरू नाङ्गै यताउति हिंड्दछन् के तिनीहरू यसैकारण योगी हुन् त ? शरीरमा हिलो वा खरानी घस्दैमा मोक्ष प्राप्त हुने हो भने हिलो वा खरानीमा डुबुल्की मारी हिंड्ने गाउँका कुकुरहरू पनि योगी नै हुन् ? मृग र अन्य जनावरहरू घाँस, पात र पानी मात्र खाएर जीवन निर्वाह गर्दछन्, के यिनीहरू यसै कारण योगी भए त ? सुँगुरहरू चिसो हावा र गर्मीमा नाङ्गै रहन्छन्, उनीहरूको लागि ध्यान हुने र ध्यान नहुने, सबै प्रकारका भोजन समान छन्, के यिनीहरू योगी भए त ? हे कुलेश्वरी ! यस्ता सब क्रियाहरू केवल छलछाम मात्र हुन् । मोक्ष प्राप्त गर्ने एउटै मात्र सोझो बाटो छ, यो हो तत्त्वज्ञान । कौल धर्ममा भोगलाई योगमा परिणत गर्न सकिन्छ र संसारलाई मोक्ष प्राप्त गर्ने स्थान बनाउन सकिन्छ भनी तन्त्रले पुनः पुष्टि गरेको छ ।"[४]

"धर्तीमा लडेको मानिस धर्तीकै सहारामा उभिनुपर्दछ"[५] संसारलाई त्याग्नु हुँदैन बरु आफ्नो धारणा बदल्नुपर्दछ– यही तन्त्रशास्त्रको वास्तविक सन्देश हो । त्यागको जीवन बिताउने साधकलाई यसले भगुवाको संज्ञाले विभूषित गर्दछ र जीवनमा उपभोग गरिने प्रत्येक कार्यकलापहरूलाई उठाउँदै आध्यात्मिकीकरण गर्दै लैजानमा यसले सल्लाह प्रदान गर्दछ । श्री फिलिप्स रावसनको

भनाइअनुसार– "तिमीले सबप्रकारको भोगलाई त्याग्नुपर्दछ, शरीरलाई सुकाउनु-पर्दछ र ईर्ष्यालु पिता ईश्वरको आज्ञा मान्नुपर्दछ भनी यसले आदेश गर्दैन । बरु यसले भोगलाई उच्च शक्तिको रूपमा उठाउन र अनि यसैलाई आध्यात्मिक उत्थान-को लागि उग्र इन्धनको रूपमा प्रयोग गर्न जोड दिन्छ ।"[६] यस्तै थी ओमर भी. ग्यारिसन यसबारे पटक पटक लेख्नुहुन्छ– "तान्त्रिक साहित्यले आध्यात्मिक मुक्ति अनुभववाट मात्र पाउन सकिने कुरामा जोड दिन्छ । जबसम्म फुरुङ्ग भएर स्वतन्त्रतापूर्वक र शक्तिको चरमबिन्दुसम्म चेतनालाई उपभोग गर्न सकिंदैन तबसम्म यसको स्तरलाई नियन्त्रण गर्न र यसबाट पार लाग्न सकिंदैन ।"[७]

अरू प्रकारका योगपद्धतिहरूले यौनलाई दबाउने वा पूर्णरूपले त्याग्ने मार्ग बताएका छन् भने तन्त्रले यौनकै माध्यमबाट चेतनाको माथिल्लो स्तर समाधि हासिल गर्ने मार्ग बताएको छ । अरू प्रकारका योगपद्धतिहरू पश्चिमी विश्वको लागि कठिन र असम्भवप्रायः बनेका छन् भने तन्त्रका स्पष्ट उपदेशहरूभने सबै प्रकारका मानिसहरूका लागि सधैंभरि उपयोगी सिद्ध भएका छन् ।

सर जोन उडरफे यसै सन्दर्भमा लेख्नुहुन्छ– "तान्त्रिक अर्चनाको उद्देश्य इन्द्रियजन्य सदाचारलाई सामान्य पाशविक क्रियाकलापबाट उठाएर पूजाको कार्यमा बदल्नु हो । शास्त्रहरूले ठोस रूपमा भनेका छन् कि जसै तिमी राजसी पूजामा देवतालाई फूल, धूप र अन्य सामान चढाउँदछौ, त्यसबेला आफूलाई शिवकै रूप ठानेर यी शारीरिक क्रियाकलापहरू चालू राख्ने गर ।"[८]

पशु कल्पको साधकमा शुरूमै विशुद्ध भावनाको विकास हुन सक्तैन । उसबाट बराबर बाटो बिराउने डर हुन्छ । यसैले यो कल्पको साधकलाई वीर र दिव्य कल्पका साधकहरूलाई जस्तो उपासना प्रक्रियामा स्वतन्त्रता प्रदान गरिएको छैन । वीर र दिव्य कल्पका साधकहरू भने पाशविक क्रियाकलापबाट माथि उठिसकेको अवस्थामा रहने हुँदा उनीहरूलाई हरकुरामा स्वतन्त्रता प्रदान गरिएको पाइन्छ । पशु कल्पका साधकको उपासनाविधि सम्बन्धमा महानिर्वाणतन्त्रमा लेखिएको कुरा नेपालका तन्त्रविशेषज्ञ रथी धनशमशेर यसरी उद्धरण गर्दछन्– "पत्रं पुष्पं फलं तोयं स्वयमेवाहरेत् पशुः । न शूद्रदर्शनं कुर्यात् मनसा न स्त्रियं स्मरेत् ॥ फूल पाती र (चोखो) पानी पशु साधकले आफैं ल्याओस्, शूद्रलाई नहेरोस्, आइ-माईलाई मनले पनि नसम्झियोस् ।"[९] यस्तै वीर कल्पको साधकको मानसिक स्थितिबारे सरजोन उडरफ लेख्नुहुन्छ, "वीर त्यही हो जसले इन्द्रिय जितेको छ, सत्यवादी छ र नित्य अनुष्ठानमा तत्पर रही कामादि रागलाई त्याग गर्दछ ।"[१०] साथै वीर र दिव्य कल्पका साधकहरूलाई बढी स्वतन्त्रता प्रदान गर्न सकिने कुरा-लाई उल्लेख गर्दै उहाँ भन्नुहुन्छ– "धर्म दुई प्रकारका हुन्छन्, एउटा मूढ (अज्ञानी)

को लागि र अर्को प्रबुद्ध (ज्ञानी) को लागि। पहिलो चाहिं शास्त्र र विधानमा आधारित परम्परागत धर्म हो भने दोस्रो चाहिं हो स्वतन्त्रता र अध्यात्मको धर्म। जीवात्मा र परमात्मा एउटै तत्त्ववाट बनेका हुन् र यो बुझ्ने मानिस देवता नै हुन्छ। अनि ऊ ब्रह्मज्ञानीको रूपमा सबै विधिविधानभन्दा माथि उक्लिन्छ। सदाचारका सामान्य नियमहरू मात्र लागू हुन्छन् जसले तीभन्दा पर देख्न सकेका छैनन् र जसले यी सब विधानभन्दा माथि रहेको आफैंभित्रको शक्तिलाई अनुभव गरेका छैनन्।"[११]

तन्त्र परम्परा आर्य जीवन पद्धतिमा धेरै समयपछि देखा परेको परम्परा हो। यसैले यस परम्परामा यसभन्दा अघि आर्यावर्तमा देखापरेका सबैजसो धार्मिक परम्पराहरू– वेद, उपनिषद्, पुराण, बौद्धदर्शन, राजयोग, हठयोग आदिको सार मिसिएको पाइन्छ। वेद र उपनिषद्का आधारतत्त्व ब्रह्म यो परम्परामा केवल निर्गुण र निराकारको रूपमा देखा पर्दैन वरु यसले पुराण कालका अवतारले जस्तै सगुण र साकार रूप धारण गर्दछ। यही साकार र सगुण रूपलाई वैज्ञानिक पाराले उपासना गर्दै निराकार र निर्गुण– जसलाई वेदान्तको परिभाषामा ब्रह्म या सच्चिदानन्द, बौद्धदर्शनमा निर्वाण वा धर्मकाया, योगको क्रियामा समाधि, सांख्यमतमा प्रकृतिभन्दा परको पुरुष आदि भन्न सकिन्छ– मा पुऱ्याउने पद्धति नै वास्तवमा तन्त्र हो। यो पद्धतिले मानवको कमजोर पक्षलाई उपेक्षा गरेको छैन वरु आफूमा समावेश गरी यसवाट पार लाग्न सिकाएको छ। पञ्चमकारका चक्र-पूजा आदि परम्पराहरूलाई यस सन्दर्भमा महत्त्वपूर्ण उदाहरणको रूपमा लिन सकिन्छ।

इष्टदेवताको भेदअनुसार शैव (शिवलाई मान्ने), वैष्णव (विष्णुलाई मान्ने) र शाक्त (शक्ति या स्त्री देवतालाई मान्ने) गरी तन्त्र परम्परालाई मुख्य रूपले तीन सम्प्रदायमा बाँड्न सकिन्छ। तर आजको विश्वमा तन्त्र शब्दलाई शैव, वैष्णव र अन्य सम्प्रदायभन्दा शाक्त सम्प्रदायको पर्यायवाचीको रूपमा लिएको पाइन्छ। श्री अजीत मुखर्जी तथा मधु खन्ना यस सम्वन्धमा लेख्दछन्– "शक्तिको पूजा तान्त्रिकहरूमा ज्यादै लोकप्रिय हुनुको कारणले नै तन्त्रलाई शाक्त सम्प्रदायसँग सम्वन्धित भनी मान्ने गरिन्छ। शायद यसैले होला तन्त्रलाई सामान्य हिसावमा भ्रमवश पनि शाक्त परम्परासँग भाव्रै जोडिएको छ।"[१२]

तन्त्र परम्परामा शक्ति सम्प्रदायको उदयलाई साँच्चै भन्ने हो भने नारी-जागरणको प्रतीक मान्न सकिन्छ। युगौंदेखि थिचोमिचो सहेर बसेको पितृसत्तात्मक समाजमा मातृसत्ताको विजयलाई नै एक प्रकारले शाक्त सम्प्रदायको प्रादुर्भाव हो भन्न सकिन्छ। शाक्त सम्प्रदाय प्रचारमा आएपछि वेदान्तको ब्रह्म वा आत्मा,

वैष्णवको विष्णु, शैवको शिव शक्तिविना पङ्गू वन्दछन् र शवको रूपमा मात्र देखा पर्दछन् । यिनीहरू आफैं केही गर्न सक्तैनन् । सर जोन उडरफेको शब्दमा भन्ने हो भने "आत्माले आफैंलाई आफ्नो शक्तिको आधारमा विश्वको रूपमा सिर्जना गरेको छ। आत्मा र शक्ति कहिल्यै अलग रहँदैन र यसैले शक्ति नभई शिवको अस्तित्व छैन अथवा शिव नभई शक्तिको अस्तित्व छैन भनी भनिन्छ। शक्तिविनाको शिव केवल शव (मुर्दा) हो।"[१३]

शक्ति धारणाअनुसार सृष्टि र संहारदेखि लिएर विश्वब्रह्माण्डमा जे जति काम भएका छन् ती सब शक्तिकै कारण भएका मानिन्छन्। सर जोन उडरफेको शब्दमा भन्ने हो भने "शक्ति अथवा परमात्मालाई माताको रूपमा पूजा गर्ने, उनलाई विश्वको सिर्जना, पालन र संहार गर्ने परम शक्ति भनी मान्ने साधकलाई शाक्त भनिन्छ। यस्ता साधकको जीवन-धर्म शाक्त धर्म हो र दर्शन शाक्तवाद वा शक्ति दर्शन हो। परमात्माले आमाको रूपमा सक्रिय भई सृष्टि, स्थिति र पालनको काम गर्ने हुनाले उनीलाई विशिष्ट आमाको रूपमा पूजा गरिन्छ।"[१४]

शाक्त सम्प्रदायको उदय भएपछि वेदान्तदर्शनको माया, बौद्धदर्शनको प्रज्ञापारमिता वा तारा, शैव सम्प्रदायको शक्ति, योगमतको कुण्डलिनी सब स्त्री-शक्तिकै रूपमा देखा पर्दछन्। अनि वैदिक आचार र अन्य परम्पराभन्दा शाक्त सम्प्रदाय उच्च छ भनी देखाउन चीनाचार या तारा तन्त्रको विकास हुन्छ। यसै क्रममा ब्रह्माजीका पुत्र वशिष्ठ वैदिक आचार छोडी महाचीन (ह्लासा) पुगी मदिरा, मांस र मैथुनको सेवन गर्ने साधकहरूसँग मिलेर महामाया ताराको उपासना गर्न अथवा तारा तन्त्रको साधना गर्न पुग्दछन्। रुद्रयामल तन्त्रको सप्तदश पटल र ब्रह्मयामल तन्त्रको प्रथम पटलमा उल्लिखित कथाहरूले यस कुराको पुष्टि गरेका छन्। यिनीहरूमा उल्लिखित वशिष्ठजीको प्रार्थना उदाहरणको लागि यहाँ पेश गरिएको छ। "भगवतीको यस्तो वचन सुनेर वशिष्ठमुनि बुद्ध भगवान् प्रतिष्ठित भएको महाचीन पुगेर बुद्ध भगवान्लाई प्रणाम गरेर विन्ती गर्न थाले–हे बुद्धरूपी शंकर! म ब्रह्माजीको छोरो वशिष्ठ हजुरको शरणमा आएको छु, मेरो मन भ्रमपूर्ण हुनाले यहाँ म महादेवीको साधना गर्न हाजिर भएको हुँ। सिद्धि प्राप्तिको मार्गभने मलाई कत्ति पनि थाहा छैन। हजुर दिव्याचारका ज्ञाता हुनुहुन्छ, तर हजुरको आचार देख्दा त मेरो भनमा अनेक तरहको त्रास उत्पन्न भइरहेछ। वैदिकाचारतिर ढल्किएको मेरो मनवाट यो त्रास हटाइपाऊँ। हजुरको यस ठाउँमा त वेदबहिष्कृत आचारको नै प्रधानता देखिरहेछु, श्रेष्ठ सिद्धगण भएर दिगम्बर र रक्तपानोद्यत हुँदै मांसको सेवन गर्दै राम्रा राम्रा तरुनीहरूसित खेलबाड गरिरहनु कस्तो कुरा हो? फेरि हमेशा मद्य-मांसको नसामा चूर भएर उहाँहरूका नजरमा लाली

चढिरहेको छ। झन् यस्तै महासिद्धहरू खुसाउँदा वर दिने र रिसाउँदा विनाश गर्न समर्थ भएका छन्। यस्तो वेदविरुद्ध अत्याचारमा कसरी श्रद्धा लाग्न सक्ला ? यस छाँटको प्रवृत्तिद्वारा मनको शुद्धि कसरी सम्भव होला ? वेदकार्यविना कसरी सिद्धि हुन सक्ला ?"[१५]

अनि यस्तै केवल ब्रह्मतत्त्वलाई मान्ने अद्वैत मतका व्याख्याता आदिशंकरले शक्तितत्त्वको अगाडि हार खाएर शक्तिलाई नै ब्रह्मतत्त्व मानेर उनको प्रार्थना गर्न पुगेका उदाहरणहरू पनि प्रशस्त मात्रामा पाइन्छन्। उदाहरणको लागि शिवको नाममा रचिएको सौन्दर्यलहरीमा उल्लिखित केही देवीस्तुतिहरू यहाँ उल्लेख गरिएका छन्–

"हे भवानी तिम्रो दास मलाई
करुणापूर्ण दृष्टि राखी हेरिदेऊ
जब कसैले तिमीलाई हे देवी भनी
प्रशंसा गरेर पुकार्ला,
त्यस वेला विष्णु, ब्रह्मा र इन्द्रको मुकुटले सुसज्जित
पाउ भएकी तिमी उसलाई
आफैंसँग तादात्म्य हुने स्थितिमा पुऱ्याउँदछ्यौ।"[१६]

× × ×

"तिमी विश्वव्यापी जल हौ, तिमी नै पृथ्वी,
जब तिमी, यिनीहरूमा स्वरूपित हुन्छ्यौ
त्यस वेला अरू कुनै चीज बाँकी रहन्न।
आफूलाई विश्वको रूपमा विकसित गर्ने
केवल तिमी छ्यौ।
हे तरुणी शिव-वधू तिमी स्वभावतः
चेतना र आनन्दको रूप धारण गर्दछ्यौ।"[१७]

तन्त्र परम्पराले आफूले मानिआएका सबैजसो देवीदेवताहरूलाई पूर्व, पश्चिम, उत्तर, दक्षिण, अध र ऊर्ध्व गरी छ आम्नाय प्रतिनिधित्व हुने गरी बाँड-फाँड गरेको छ। तर यसरी आम्नायअनुसार देवीदेवताहरूको बाँडफाँड गरे तापनि आम्नायनायकको रूपमा भने स्त्रीदेवता या शक्तिलाई नै प्राधान्य दिइएको छ। तन्त्र परम्परामा पाइने आम्नायनायिकाहरू क्रमशः पूर्वमा भुवनेश्वरी, पश्चिममा कुब्जिका, उत्तरमा गुह्यकाली, दक्षिणमा दक्षिणकाली, अधमा तारा र ऊर्ध्वमा त्रिपुरासुन्दरी छन्। शाक्त परम्परामा शक्तिको प्राधान्य देखाउन, आम्नायनायिका-को नाम र रूप जे जस्तो भए तापनि, आर्य परम्पराका प्रमुख देवताहरू– ब्रह्मा,

विष्णु, महेश्वर, रुद्र र सदाशिव– लाई भने आम्नायनायिकाहरूको सिंहासनको रूपमा प्रयोग गरिएका उदाहरणहरू प्रशस्त मात्रामा पाइन्छन् । परा तन्त्र यसबारे स्पष्ट रूपमा लेख्दछ–

"एका सा परमा देवी विश्वं व्याप्य व्यवस्थिता ।
चतुर्विंशतितत्त्वेन ब्रह्माण्डं चेतयेदिह ॥
पृथिवीवायुराकाशजलवह्निमयो वपुः ।
धृत्वा संसृज्यते विश्वं कल्पे कल्पे यथेच्छया ॥
ब्रह्मा विष्णुश्च रुद्रश्च महेश्वरः सदाशिवः ।
पंचभूतात्मकं चैव शरीरं पंचसंस्कृतम् ॥
एकीकृत्य तथा पंचभूतरूपेण संस्थिताः ।
निर्जीवा जीवरूपेण पंचभूतत्वमागताः ॥
सिंहासने महाम्नाये पंचभूतानि संगता ।
आद्या सा परमा शक्तिर्व्योमस्था कुलरक्षिणी ॥

## अर्थ

सबै संसार ढाकेर बसेकी उनै देवीले २४ तत्त्वद्वारा ब्रह्माण्डलाई जगाएर आफ्ना इच्छाले पृथ्वी, जल तेज, वायु र आकाश रूप धारण गरेर सबै संसार बनाउँछिन् । ब्रह्मा, विष्णु, रुद्र, महेश्वर र सदाशिव रूप पंचभूतात्मक पाँच शरीर बन्न जान्छन् । सबै मिलेर निर्जीव रूप पंचमहाभूत भिन्नाभिन्नै भएर सजीव रूप महाम्नाय सिंहासन अर्थात् आम्नाय रूप सिंहासन बने ।"[१८]

विश्वमा देखा परेका अन्य धार्मिक परम्पराहरूमा जस्तै कालान्तरमा तन्त्र परम्परामा पनि, विशेष गरेर शक्ति परम्पराभा धेरै विकृतिहरू देखा परे । मानव जीवनलाई माथि पुऱ्याउन प्रयोग गरिने विभिन्न तान्त्रिक साधनाहरू केवल भोगको लागि मात्र प्रयोग हुन थाले । वीर र दिव्य कल्पका साधकहरूका लागिमात्र छूट गरिएको पंचमकार, चक्रपूजा आदि सबै साधकहरूकै लागि छूट भयो । वर्तमान विश्वको मूर्धन्य प्राज्ञ रजनीशको आश्रममा जस्तै मानसिक चिकित्सा र समाधिको लागि भनी प्रयोग गरिएका पंचमकार, चक्रपूजाहरूले व्यभिचारको रूप लिए, अनि रजनीश परम्पराले जस्तै बदनामी पनि कमाए । यी विकृतिहरू हटाउन आचार्य शंकर जस्ता धार्मिक नेताहरू उठ्नुपऱ्यो र यसमा रहेका विकृतिहरू हटाई शुद्धता ल्याउने काम भयो । परिणामस्वरूप महानिर्वाणतन्त्र जस्ता अद्वैतवादी तन्त्रहरूको विकास भयो र समयाचार अर्थात् "आफू र देवीलाई ब्रह्मको रूपमा लिई ध्यान गर्ने"[१९] पद्धतिले स्थान पायो । चक्रपूजा माथि उठिसकेका साधकहरूको प्रयोगको

लागि अपनाइएको पद्धति हो भन्ने बारे श्री अजीत मुखर्जी तथा मधु खन्ना लेख्दछन्, तान्त्रिकहरू चक्रपूजा नामको अन्य सामूहिक उत्सव पनि मनाउँदछन् जसमध्ये भैरवी चक्रलाई सबभन्दा महत्त्वपूर्ण मान्न सकिन्छ । यो उत्सव मनाउँदा स्त्री-गुरुलाई पूजा गरिन्छ र यो उत्सवमा ज्यादै उच्चस्तरका दीक्षित शिष्यहरूलाई मात्र अधिकारी बनाइएको हुन्छ । गुह्य समूहलाई मात्र प्रवेश दिइने यस उत्सवले सामूहिक मानसिकतामा जोड दिन्छ जहाँ प्रत्येक दीक्षित साधकले आफैंलाई दिगम्बर मनःस्थितिको अनुभव गर्दछ ।

मानव जीवनलाई सधैंभरि सङ्कुचित घेरा (बन्धन) भित्र बाँधिराख्ने गाँठो लाज, शरम, भय, घृणा, शङ्का आदि हुन् । यी कुराहरूको अभावमा मानिस या त ज्यादै निकृष्ट पशु बन्दछ या ज्यादै उत्कृष्ट महात्मा । यी कुराहरू नभएका मानिस-लाई पशु हो वा महात्मा भनी छुट्याउने तत्त्व वास्तवमा उसैमा रहेको भावमा भर पर्ने कुरा हो । मानिसलाई पशु हुनबाट बचाउन समाजले उसलाई यसो नगर, उसो नगर भनी सधैंभरि लाज, शरम, भय आदिको धर्म वा नीति-नियमहरू देखाई डोऱ्याइरहेको पाइन्छ । समाजले देखाएका यी धर्महरूले मानवलाई सामान्य मानव त बनाउन सक्तछन् तर उँभो उठाई बृहत् मानवभने बनाउन सक्तैनन् । मानवलाई माथि उठ्नमा अवरोध खडा गर्ने यस्ता गाँठाहरूलाई मेरुतन्त्रले आठ प्रकारमा विभाजन गरी "अष्टपाश (Eight Negatives) को नाम दिएको छ जुन घृणा (Hatred), शङ्का (Doubt), भय (Fear), लज्जा (Shame), जुगुप्सा (Backbiting), कुल (Conformity), शक्ति (Arrogance), शील (Status Consciousness)"[२०] हुन् । मेरु-तन्त्रका अनुसार "यी पाशमा बाँधिएका पशु हुन् र पाशबाट छुटेका सदाशिव नै हुन् ।"[२१] सामान्य नीतिनियम या धर्म भनिने मानवनिर्मित यी पाशहरूलाई भगवान् गौतम बुद्धले हीन धर्मको संज्ञाले विभूषित गर्नुभएको छ र यस्ता "हीन धर्मको पालन नगर (हीन धम्मं नसेवय)"[२२] भनी प्रवचन पनि गर्नुभएको छ । यही हीन धर्मलाई त्याग्नको लागि नै तन्त्र परम्पराले पंचमकार अथवा मदिरा, मांस, मैथुन आदिलाई आफ्नो पद्धतिमा समावेश गरेका हुन् भनेमा केही फरक पर्ने देखिंदैन । श्री अजीत मुखर्जी तथा मधु खन्नाका भनाइअनुसार "तन्त्रमार्गले लाज, घृणा र डरलाई तीनवटा गाँठाहरूको रूपमा लिएको छ र यी गाँठाहरू फुकाल्न नसकेकाहरूलाई यो मार्गमा दीक्षित हुन अयोग्य ठानिएको छ । देखावटी हिसाबले इच्छा र कामहरू त्याग्दैमा आध्यात्मिक उपलब्धि पाइने होइन बरु मानव-लाई खसाल्नमा मद्दत पुऱ्याउने यी कुराहरूलाई बदलेर मोक्ष प्राप्त गर्ने माध्यमको रूप दिनु नै वाममार्गको मूलभूत उद्देश्य हो ।"[२३]

सामान्य जनताले भगवान् बुद्धका चेलाहरू अर्थात् भिक्षुहरूको जीवन-पद्धति आफैं अवलम्बन गर्न नसके झैं पंचमकारको प्रयोग गर्ने वामाचार पद्धतिलाई पनि आफ्ना जीवनमा अपनाउन सकेनन् बरु यसलाई हेलाको दृष्टिले हेर्न थाले। वामाचारपद्धतिलाई जतिसुकै हेलाँको दृष्टिले हेरे तापनि लाज, शरम, भय आदिलाई त्यागी माथि उठ्नको लागि अपनाइएको पंचमकार पद्धतिलाई वामाचारविरोधी पक्ष दक्षिणाचारीहरूले पनि त्याग्न सकेनन्। यसैले उनीहरूले पंचमकारको मदिरा, मांस, मत्स्य, मुद्रा र मैथुनको सट्टा क्रमशः नरिवलको रस, अदुवा, मूला, चामल वा गहुँ, करवीर र अपराजिताका फूलहरू प्रयोग गरी पंचमकारको पद्धति कायमै राखेका छन्। श्री ओमर भी. ग्यरिशन यसबारे लेख्दछन्– "दोस्रो अथवा तथाकथित राजसिक साधनामा लाग्नेहरूले सच्चा पंचमकारको सट्टा उनीहरू नरिवलको रस पिउँछन् भने मासुको सट्टा अदुवा खान्छन्, माछाको सट्टा मूला वा पानीफल प्रयोग गरिन्छ भने मैथुन वा सम्भोगको सट्टा लिंग र योनि आकार भएका दुई प्रकारका फूलहरू प्रयोगमा ल्याइन्छन्।"[२४]

मानिसले आफ्ना जीवनमा अनेक इच्छा र आकाङ्क्षाहरू राखेजस्तै ती इच्छा र आकांङ्क्षाहरूको पूर्ति एउटाको सट्टा अनेक देवीदेवताहरूबाट हुन्छन् भन्ने कुरामा पनि विश्वास राखेका छन्। त्यसैले मानिसमा पाइने विभिन्न इच्छा र आकाङ्क्षाहरू पूर्तिको लागि शाक्त सम्प्रदायले उसको प्रकृतिअनुसार दशमहाविद्या, अष्टमातृका आदि गरी एउटै परा शक्तिलाई विभिन्न रूपमा विभाजन गरी विभिन्न प्रकारले उपासना गर्ने गरेका छन्। शाक्त परम्परामा पाइने दशमहाविद्या र अष्ट-मातृकाहरू देहायबमोजिम छन्–

**दशमहाविद्या**

१) काली } महाविद्या
२) तारा }

३) षोडशी }
४) भुवनेश्वरी }
५) भैरवी } विद्या
६) छिन्नमस्ता }
७) धूमावती }

८) मातङ्गी }
९) कमला } सिद्धविद्या
१०) बगलामुखी }[२५]

अष्टमातृका

(१) ब्राह्मी, (२) माहेश्वरी, (३) कौमारी, (४) वैष्णवी, (५) वाराही, (६) ऐन्द्री, (७) चामुण्डा, (८) महालक्ष्मी ।[२६]

"धर्मको नाश र अधर्मको वृद्धि भएको बेला साधुहरूको रक्षा र पापीहरूको विनाश गरी धर्मस्थापना गर्न म बराबर अवतार लिन्छु"[२७] भनी श्रीकृष्णले महाभारतको युद्धमा कुर्ले (श्रीमद्भगवद् गीता, अध्याय ४, श्लोक ८ र ९) तापनि उहाँको चञ्चल गतिविधि र सुन्दर मुहार संहारकारी र विप्लवी रूपमा प्रस्तुत हुन नसकेको कारण उहाँबाट पापीहरूको विनाश हुन्छ भन्ने कुरामा जनमानस विश्वस्त छैन । बरु रासलीलाका नायक, मखनचोर आदिको उपाधिले विभूषित गरी सर्वसाधारण जनताले श्रीकृष्णलाई पापीलाई शरण दिने र अधर्मलाई बढावा गर्ने देवताको रूपमा बढी मानेका छन् । श्रीकृष्णसम्बन्धी यस्तै कुराहरूले गर्दा जैन-शास्त्रले उहाँलाई पापको फल भोग्न घोर नरकमा पुगेको कुरा पनि उल्लेख गरेको छ । नरमुण्डको माला पहिरी लाश र कङ्कालहरूको बीच मसानमा बसेकी शाक्त मतकी देवी कालीभने यस कुरामा अपवाद बनेकी छिन् । उनी यतिका संहारकारी र बीभत्सरूपमा देखा पर्दछिन् जसलाई देखेर धर्मात्माहरू अधर्मतिर लाग्ने त के कुरा पापीहरूले पनि तर्सेर स्वतः पापबाट निवृत्त भई धर्मतिर लाग्नुपर्ने बाध्यता देखा पर्दछ । यसैले कलिकालमा कालीलाई भजियोस् भन्दै तन्त्रसाधकहरूले आजको युगलाई काली-उपासनाको युगको रूपमा विस्तार गरेका छन् ।

वैज्ञानिक शब्दावलीमा विचार गर्ने हो भने तापनि समस्त चराचर जगत्-लाई केवल शक्तिकै देन हो भनेमा केही फरक पर्ने देखिदैन । यस चराचर जगत्मा देखिने वस्तुहरू हिन्दू परिभाषामा पृथ्वी, जल, वायु, तेज र आकाश गरी पंचतत्त्वमा बाँड्न सकिन्छ । यी पाँच तत्त्वहरूलाई अर्को शब्दमा क्रमशः ठोस, तरल, ग्यास, अग्नि र शून्य पनि भन्न सकिन्छ । यी पाँचमध्ये पहिलेका तीन तत्त्वहरू पदार्थ-मा गिल्दछन् भने चौथो तत्त्व शक्तिमा । पाँचौं तत्त्व आकाशलाई अरू तत्त्वहरूको आधार अथवा महत् तत्त्वको रूपमा लिइए तापनि वास्तवमा यसलाई तत्त्व नै हो भनी भन्न सकिंदैन । यसैले बौद्ध धर्मावलम्बी तथा यूनान (Greece) का दार्शनिकहरूले चार तत्त्वहरूमा मात्र जोड दिई आकाशलाई तत्त्वको रूपमा लिन छाडेका छन् । हामी जे जुन कुरालाई पदार्थ भन्दछौं वास्तवमा त्यसलाई पदार्थ मात्र हो भनी किमार्थ भन्न सकिंदैन । आजको भौतिक विज्ञानले पदार्थलाई शक्तिकै अर्को रूप हो भनी मानेको छ । यही शक्तिलाई जोड दिएर भान्ने सम्प्रदाय नै वास्तवमा शाक्त सम्प्रदाय हो । सर जोन उडरफको भनाइअनुसार—"आजको पश्चिमी विज्ञानले शक्तिलाई नै सब प्रकारका पदार्थहरूको अन्तिम वा मूल रूप हो भनी

मानेको छ। यही कुरा शाक्त अथवा शक्तिलाई पूजा गर्नेहरूले युगौंदेखि मानिआएका हुन्। तर उनीहरू नाम र रूपको आकारमा प्रकट हुने यस्तो शक्तिलाई तत् र सत् रूप भएकी सर्वशक्तिमान् अनन्त महाशक्तिको सानो रूप हो भन्ने कुरा पनि सकार्दछन्।"[२८] हुन त आकाशलाई शिव वा सदाशिवको रूपमा लिन सकिन्छ र यो नै शक्तिलगायत सबै तत्त्वहरूको स्रोत वा आधार हो तापनि यसले आफैं भने केही गर्न सक्तैन। यसलाई केही गर्नको लागि शक्तिकै आवश्यकता पर्ने भएकोले शक्तिविनाको शिव केवल शव मात्र हो भन्ने प्रचलन पनि तन्त्रमतमा नपाइने होइन। श्री ओमर भी. ग्यरिशन– "यी दुईमध्ये कुनै पनि तत्त्व एक अर्को विना रहन सक्तैन। शक्ति वा पत्नी विनाको शिव (परमात्मा) केवल शव वा मुर्दा मात्र रहन्छ भन्दै यस कुरालाई पुष्टि गर्दछन्।"[२९]

शाक्त सम्प्रदायले शुरूमा पंचमकार, चक्रपूजा आदिका पद्धतिहरू अपनाई जीवनको रंगीन अर्थात् भोगमय पक्षलाई विशेष जोड दिए तापनि काली मतमा पुगेपछि यो पक्षलाई त्याग्ने पनि काम गरेको छ। काली मतले जीवनको नैसर्गिक पक्ष मृत्युलाई विशेष रूपले संकेत गर्ने गरी शक्ति तत्त्वलाई मृत्युकी देवी वा कालीको रूपमा प्रस्तुत गरेर मसान, मुर्दा, कङ्काल, वेताल, ख्याक आदिलाई पनि आफ्नो मतको अभिन्न अंगको रूपमा विकास गरेको छ। यस प्रकार शाक्त सम्प्रदायमा काली मतको विकास वास्तवमा जीवनको रंगीन पक्ष भोगवाट थाकेपछि प्राप्त हुने विश्रान्ति वा मृत्युको रहस्यलाई लिएर भएको हो भनेमा केही फरक पर्ने देखिंदैन। साथै जीवनको हरेक पाइलामा धोका र हण्डर खाने मानिसको अन्तिम रहर पनि मृत्यु नै हो। मृत्युकी देवी कालीको शरणमा जानु वास्तवमा मृत्युको रहरलाई कार्यरूप दिनु हो। यही बाँच्ने रहरपछिको मृत्युको रहरलाई पश्चिमी मनोविज्ञान-प्रणेता सिगमण्ड फ्रायड वा आधुनिक मनोविज्ञानले जीवेषणा (Eros) पछि प्राप्त हुने मृत्युएषणा (Thanatos)-को अवधारणाको रूपमा विकास गरेका छन्।

काली मतमा पाइने देवी कालीले जीवनको नकारात्मक पक्ष मृत्युलाई संकेत गर्दछ भन्ने बारे श्री फिलिप रावसन लेख्नुहुन्छ– "सृष्टिकी कर्ता मनपर्ने देवीको अर्को रूप पनि छ। जसरी उनी मानिसलाई समय र संसार (को भुमरी)-मा ल्याउँदछिन् त्यसरी नै उनी उसलाई यसबाट हटाउँदछिन् पनि। यस रूपमा उनी संहार-कर्त्री पनि बन्छिन्। मानवलाई बलिको बोकाको रूपमा लिने हो भने रोग, अनिकाल, हिंसा र युद्धजस्ता कुराहरू जसले विकृति र मरण ल्याउँदछन्, यी सब उनकै क्रिया-कलापका अनिवार्य हिस्सा हुन्। यस वास्तविकतालाई सामना नगरीकन अथवा देवीको यस प्रकारको रूपलाई नबुझीकन कुनै पनि व्यक्ति सफल तान्त्रिक बन्न

सक्तैन। यसैले गर्दा तान्त्रिक मूर्तिहरूले उनलाई जिब्रो लबलब गरिरहेकी, रगत चुहिने गरी मुख बनाएकी, कालो अनुहार भएकी उग्रकालीको रूपमा प्रस्तुत गरेका छन्। उनी अघोर देखिन्छिन् तापनि उनको माया नगर्न सकिंदैन।"[३०]

दक्षिणआम्नायनायिका दक्षिणकाली, काली सम्प्रदायलाई प्रतिनिधित्व गर्ने उत्कृष्ट नमूना हुन्। यिनको एकलो रूप श्यामाकाली र महाकालसहितको द्वन्द्वात्मक रूप दक्षिणकाली हुन्। यी दुवै देवीहरू रिसले झाँक्रो फिजाएका, डरलाग्दो अनुहार भएका, लालसाहरूको बीच रहेका, मुण्डमाला पहिरेका, मसानवासिनीको रूपमा देखा पर्दछन्। यी दुईमध्ये महाकालसाथ शवमाथि चढी रतिक्रियामा संलग्न श्रीदक्षिणकालीको ध्यानले जीवनका सबै नैसर्गिक पक्षहरू– जन्म, मृत्यु, मैथुन, मसान, शव आदि– लाई सम्झाउने काम गर्दछ। जब मानिस जीवनका यी सब पक्षहरू बुझ्दछ र आफ्नो चेतना (मन)-को प्रवाहमा नै विकृति आउन नदिई यिनीहरूलाई सामान्य प्रक्रियाको रूपमा लिने काम गर्दछ त्यसबेला उसमा घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा आदि केही रहँदैन। ऊ अष्टपाशबाट मुक्त भएर सदाशिव बनेको हुन्छ किनकि मानिसलाई तल खसाल्ने वा माथि लैजाने तत्त्व मन नै हो र यही मनलाई चेतनाको रूपमा लिई बौद्धधर्मले "सबै कुशल रअकुशल चेतना नै धर्म भनी भन्ने गरेको छ।"[३१] मानिसलाई माथि उचाल्न तथा खसाल्नमा मनले महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले वेदान्तले "मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः"[३२] भनेको छ। मनमा उठ्ने अष्टपाश नामका प्रवाहहरूबाट मुक्त गरी मानिसलाई सदाशिवको रूपमा विकास गर्ने काली भएकीले श्रीदक्षिणकालीलाई बुझ्नु वास्तवमा आफैं सदाशिव बन्नु हो। श्रीदक्षिणकालीको ध्यान देहायमा उल्लेख भएबमोजिम छ–

"करालवदनां घोरां मुक्तकेशां चतुर्भुजाम्।
कालिकां दक्षिणां दिव्यां मुण्डमालाविभूषिताम्॥
खड्गाभयवराच्छिन्नं मुण्डं च दधतीं करैः।
महामेघप्रभां श्यामां तथा चैव दिगम्बराम्॥
कण्ठावसक्तमुण्डालीं गलद्रुधिरचर्चिताम्।
कर्णावतंशतानीत शवयुग्मविराजिताम्॥
घोरद्रष्टां करालास्यां पीनोन्नतपयोधराम्।
शवानां करसंघातैः कृतकाञ्ची हसन्मुखीम्॥
सृक्कद्वयगलद्रक्तधरां विच्छुरिताननाम्।
घोररूपां महारौद्रीं श्मशानालयवासिनीम्॥

दन्तुरां दक्षिणव्यापीं मुक्तलम्बकचोन्नताम् ।
शवरूपमहादेवहृदयोपरि संस्थिताम् ॥
शिवाभिर्घोररावाभिश्चतुर्दिक्षुः समन्विताम् ।
महाकालसमायुक्तां शवोपरि रतान्विताम् ॥
सुखप्रसन्नवदनां स्मेराननसरोरुहाम् ।
एवं संचिन्तयेत् कालीं श्मशानालयवासिनीम् ॥
(बृहत्पुरश्चर्यार्णव भाग– ३)

अर्थ

ठूलो मुख भएकी डरलाग्दी, झाँक्रो फिंजाएकी, चार बाहु भएकी ।
दक्षिण दिशाकी काली, दिव्यरूप भएकी, मुण्डमालाले विभूषित ।
अभयवरसहित खड्ग र काटिएको खोपडी हातले समातेकी ।
गाढा बादलको जस्तो वर्ण भएकी, नांगी ।
रगत चुहिरहेका मुण्डमालाहरू घाँटीमा पहिरिएकी ।
दुवैतिर कानमा मुन्द्री पहिरिएकी ।
मुखमा ठूलो दाह्रा भएकी, ठूला स्तन भएकी ।
मुर्दाका हातहरूको माला पहिरेकी; हँसिलो मुख भएकी ।
जिब्रो चलाइरहेकी, ओठबाट रगत मिलेको ज्याल चुहाएकी,
डरलाग्दो महारुद्री रूप भएकी, मसानमा वास गरेकी ।
लामो दाह्रा भएकी, दाहिनेतिर लामो केशको झुप्पा फिंजाएकी ।
मुर्दारूप महादेवको छातीमाथि विराजमान ।
भयङ्कर श्यालहरूबाट चारैतिर घेरिएकी ।
मुर्दामाथि महाकालका साथ रतिक्रियामा लागेकी ।
सुखले प्रसन्न मुख भएकी, मुस्किएर हाँसेकी ।
मसानलाई निवासस्थान बनाएकी कालीलाई नमस्कार ।"[११]

दक्षिणकालीलाई हामीले सामान्य मानिसलेजस्तै दक्षिणआम्नायनायिका-को रूपमा रहेकी देवीको रूपमा मात्र कदापि लिनु हुँदैन । उनी त एक पुल हुन् जसको माध्यमबाट हामी पराशक्ति या भनौं निर्गुण, निराकारमा पदार्पण गर्न सक्तछौं । तर यो पुल तर्न हामीले गर्नुपर्ने काम हो आफैंलाई बलि चढाउनु, जुन बलि चढाउँदा हाम्रो आत्मा टुट्छ र भगवान् बुद्धले बताउनुभएअनुसार अनात्मा प्रकट हुन्छ । यो यस्तो स्थिति हो जहाँ हामी जीवात्मा भएर टुट्दछौं तर परमात्मा

भएर अवतरण हुन्छौं यीशु भएर मर्दछौं, तर ख्रीष्ट भएर जन्मन्छौं। गौतम भएर विलीन हुन्छौं तर बुद्ध भएर निकलन्छौं। यसैले त हठयोगका प्रतिपादक श्री गोरखनाथ "मरौ हे जोगी मरौ, मरौ मरण है मीठा। तिस मरणी मरौ जिस मरणी गोरख-मरी दीठा"[३४] भन्दै सच्चा मृत्युको शरणमा जान बढी जोड दिनुहुन्छ।

विश्वब्रह्माण्डको पार्श्वशक्ति जसलाई चाहे दक्षिणआम्नायनायिका भनौं, चाहे आदिबुद्ध या धर्म्मकाया, चाहे परमपिता आदि, यी सब एउटै तत्त्व हुन् हामीभित्रै बन्द भएर बसेका छन् जसरी महाकाश घडाभित्र बन्द भएर घडाकाशको रूपमा रहेको हुन्छ। अब हामीले गर्नुपर्ने एउटै काम हो यो बन्द घडालाई खोल्नु। बन्द घडा खुलेपछि घडाकाशले महाकाशसँग मिली तादात्म्य भाव राख्न पुगे झैं हामीभित्र रहेको आत्माले पनि परमात्मासँग तादात्म्य भाव राख्न पुग्दछ। अब हामीले सामना गर्नुपर्ने समस्या हो बन्द घडालाई खोल्नु। यसको लागि सबभन्दा आवश्यक पर्ने कुरा हो संकुचित विचार जगत्ले यसको बिर्कोलाई खिया लाग्न नदिनु। जब बिर्को खिया लाग्न पाउँदैन, त्यसबेला यसलाई खोल्न ठूलो कष्ट गरिरहनुपर्दैन, एक सामान्य धक्का दिए पुग्दछ। यो धक्का बौद्ध धर्मको स्मृतिप्रस्थान पनि हुन सक्तछ, अथवा जैन धर्मको सामयिक। यस्तै यो धक्का महर्षि पतञ्जलीको अष्टाङ्ग योग पनि हुन सक्तछ अथवा गोरखनाथको हठयोग वा तिलोत्तमाको महामुद्रा। जब बिर्को खोल्दछ जीवात्माले परमात्माको रूप धारण गर्दछ र यस बखत पद्धतिहरूबीचको भेद स्वतः मेटिन्छ। यही तन्त्र परम्पराको सन्देश हो र यही वास्तवमा दक्षिणकाली पद्धति को सार हो। अस्तु !

**सन्दर्भ ग्रन्थहरू–**


1. Ajit Mookerjee & Madhu Khanna, The Tantric Way, Vikas Publishing House Pvt. Ltd., Dehlhi, Bombay, Bangalore, Kanpur, Published by Thames and Hudson Ltd. London in 1977, p. 13.
2. Ibid, p. 26
3. Ibid, p. 28
4. Sir John Woodroffe, The World As Power. Ganesh & Co. Private Ltd., Madras 17, Fifth Edition 1974, Printed at the Manipal Power Press, Manipal, p. 6 and 7
5. Omar V. Garrison, Tantra: The Yoga of Sex, Causeway Books, New York, L. Y. 10016, Published in 1964, p. XV
6. Philips Rawson, Tantra: The Indian Cult of Ecstasy, Vikas Publishing House Pvt. Ltd., 5 Daryajung, Ansari Road,

Bombay, Printed in 1973 by Thames and Hudson, London, p. 8 and 9
7. op. Cit. 5. p. XXII
8. Sir John Woodroffe, Sakti and Sakta, Ganesh and Co. (Madras) Private Ltd., Madras 17, Sixth Edition 1965, p. 640
९. ले. ज. धनशमशेर ज. ब. राणा– प्रबुद्धसनातनरहस्यम्, वि. सं. २०२० मा नेपाल प्रेस काठमाडौंमा मुद्रित, पेज १५ ।
10. op. cit. 8, p. 648
11. Ibid, p. 641
12. op. cit. 1, p. 13
13. op. cit. 8, p. 710
14. Ibid, p. 9
15. op. cit. 8, p. 1 and op. cit. 9, p. 118 and 119
16. Dr. K. M Munshi from Homage to Shankara Jagadguru Sankar and Reception Committee, Aombay, Printed at Godrej Memorial P. Press Tardeo, Bombay--7 in 1967, p. 47
17. Ibid, p. p. 47
१८. ले. ज. धनशमशेर ज. ब. राणा– निगमागमवैज्ञानिकसार, वि. सं. २०२० मा नेपाल प्रेस काठमाडौंमा मुद्रित, पेज ४३ ।
19. K. R. Venkatraman, Samkara and His Sarada Pitha in Sringeri, Printed in 1967 by Kalpa Printers and Publishers Privated Ltd., New Alipore, Calcutta--53, p. 17
20. op. cit. 1, p. 29
21. op, cit, 9, p, 39
22. Narada Thera, The Dhamaapada, BMC Publication, 3rd Edition 1978, Printed by Syt, Chip Seng Trading Sdn, Bhd, K. L, 1108-78, p, 152
23. op, cit, 1, p, 29
24. op cit 5, p 97
२५. दाउदयाल गुप्ता– दुर्गा-महिमा, पुस्तक महल, खारी बावली, दिल्ली ११,०००६, छैटौं संस्करण, अगष्ट १९८७, शिवानी इन्टरप्राइजेज दिल्लीमा मुद्रित, पेज ८४ ।
26. Ibid, p 153

27. Shri Madbhagvat Gita, Chapter 4, Stanza 8 and 9
28. op cit 8, p 27
29. op cit 5, p 206
30. op cit 6, p 17
31. Narada Mat a Thera, A Manual Of Abhidhamma, Fourth Revised Edition 1979, Published by Yayasen Dhammadipa Arama, J1, Terusen D–59, Jakarta, p 255
३२. मनुस्मृति
३३. श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेव– बृहत् पुरश्चर्यार्णव:, तेस्रो भाग, वि. सं. २०२९ मा नेपाल प्रेस काठमाडौंमा मुद्रित, पेज ६ र ७।
३४. भगवान् श्री रजनीश– मरौ हे जोगी मरौ, रजनीश फाउण्डेशन लि., १७ कोरे गांव पार्क, पून , प्रथम हिन्दी संस्करण, २१ मार्च १९७९, पेज २

खण्ड-२

# श्रीदक्षिणकाली

## ऐतिहासिक-सांस्कृतिक अध्ययन

# १. भूमिका खण्ड

## क. आरम्भिक कथन

नेपालभित्र शैव, शक्ति, वैष्णव, बौद्ध र आदिवासी जातिहरूका महत्त्वका क्षेत्रहरू थुप्रै छन्, यसैले समग्र नेपाल धार्मिक वातावरणले सम्पूर्ण देखिन्छ। काठमाडौं उपत्यका र यसका वरिपरिका क्षेत्रहरू खासगरी त्यस्तो धार्मिक वातावरणको लागि विशेष प्रसिद्ध रहेको छ किनभने उक्त क्षेत्रमा धार्मिक पीठ र मन्दिरहरूको घनत्व बढी नै देखिन्छ। यस्तै परिप्रेक्ष्यमा प्रस्तुत लेखको विषयवस्तुस्वरूप श्रीदक्षिणकाली पीठ एउटा हो जसको माहात्म्य जनमानसमा भिजेको छ।

प्रस्तुत लेखमा श्रीदक्षिणकाली पीठको ऐतिहासिक र सांस्कृतिक विवरण प्रस्तुत गर्ने उद्देश्य राखिएको छ। यो लक्ष्य प्राप्तिका लागि निम्न अध्ययनपद्धति अपनाइएको छ–

क. पीठस्थलको निरीक्षण र अन्वेषण,
ख. पीठका पुजारी र सेवकवर्गसँग अन्तर्वार्ता,
ग. गुठी संस्थानमा सुरक्षित लगत र अभिलेखहरूको अध्ययन,
घ. इतिहास र धर्मसम्बन्धी विशेषज्ञहरूसँग अन्तर्वार्ता,
ङ. सम्बद्ध साहित्यको अध्ययन र
च. विविध।

## क. पीठस्थलको निरीक्षण र अन्वेषण–

यस पद्धतिबाट अन्वेषण गर्दा यो दक्षिणकाली पीठको प्राचीनताबारे सङ्केत गर्ने कुनै शिलालेख पाउन सकिएन। उक्त पीठको मुख्य मूर्ति निकै खिइएको रूपको देख्दा निकै पुरानो हो कि भन्ने लाग्दछ तर त्यो मूर्तिको स्थापनासम्बन्धी कुनै शिलालेख पीठस्थलमा नपाइएकोले यसबारे स्पष्ट कुरा भन्न सकिने स्थिति आउन सकेन।[१]

---

१. मूर्तिको पादपीठमा प्रताप मल्लको अभिलेख छ भन्ने सुनियो तर मूर्तिको त्यो भाग ढुङ्गाले छोपिएकोले जाँच्न पाइएन।

पीठस्थलमा देखिने शिलालेखहरूमा सबभन्दा पुरानो सर्दार कालु पाँडे र उनकी पत्नी सत्यभामालक्ष्मीले लेखाई राखेको वि. सं. १८४२ को शिलालेख हो। यो शिलालेख दक्षिणकालीमा पाटी बनाई केही गुठी राखी लेखाइएको हो। यो अभिलेख हाल त्यहाँ नरहेकोले देख्न पाइएको छैन तर यसको छापा राष्ट्रिय अभिलेखालयमा सुरक्षित भएको हुनाले थाहा पाउन सकिएको हो।[1]

पीठस्थलको निरीक्षणबाट मुख्य मूर्तिको देब्रेपट्टि भित्तामा राखिएका शिव, पार्वती, गणेश र गरुडका पुरानो शैलीका मूर्तिहरू देखिनु महत्त्वपूर्ण हुन गएको छ। यी मूर्तिहरू प्रताप मल्लले दक्षिणकालीको मूर्ति स्थापना गर्नुभन्दा अघिका हुन् भन्ने कलाशैलीबाट थाहा पाइने हुनाले यो ठाउँ निकै अघिदेखि एक धार्मिक स्थलको रूपमा रहेको र त्यहीं दक्षिणकाली वा चामुण्डाको मूर्ति थापिएको हो भन्नु-पर्ने भएको छ।

मुख्य पीठस्थलसाथै दक्षिणकालीको द्योछेँ र दक्षिणकालीको जात्रा हुने फर्पिङ शहरको पनि निरीक्षण गरियो। यो निरीक्षणबाट द्योछेँ पाताल भएको स्थिति देखियो र फर्पिङका बासिन्दाहरूको दक्षिणकालीप्रति रहिआएको दृढ आस्थाबारे विभिन्न कुराहरू पनि सुन्न पाइयो।

स्थल निरीक्षणअन्तर्गत दक्षिणकालीको आमाको स्थानको निरीक्षण गर्दा त्यहाँ कुनै शिलालेख आदि नपाइएकोले त्यसबारे केही भन्न सक्ने देखिएन।

**ख. पीठका पुजारी र सेवकवर्गसँग अन्तर्वार्ता–**

दक्षिणकाली स्थानका पुजारी र सेवकवर्गलाई पीठस्थलमै र उनीहरूको वासस्थल फर्पिङ शहरमा पनि गएर अन्तर्वार्ता गर्ने प्रयास गरियो। उक्त व्यक्तिहरू एक त कुराकानी गर्नै अप्ठेरो मान्ने र कुरा लुकाउने खालका हुनाले यो पद्धतिबाट सामग्री संकलनमा कुनै खास उपलब्धि हुन सकेन। पुजारी, चौकीदार र द्योपाला-हरूको संख्या निश्चित गर्न पनि अप्ठेरो परेको हो किनभने मान्छेपिच्छे एक एक कुरा सुन्नुपर्‍यो। यसबारेमा तल यथास्थान चर्चा गरिएको छ।

---

१. यो अभिलेखको पाठ परिशिष्टमा प्रस्तुत गरिएको छ, यो अभिलेखको चर्चा रामनिवास पाण्डेयले "दक्षिणकाली एक विवेचना" (हाम्रो संस्कृति, वर्ष ३ अङ्क ३, २०२६ जेठ पृ. १३५, १३९) लेखमा गर्नुभएको छ तर उहाँले अभिलेखको तिथिमितिको उल्लेख गर्नुभएको छैन।

**ग. गुठी संस्थानमा सुरक्षित लगत र अभिलेखहरूको अध्ययन–**

गुठी संस्थानअन्तर्गत गुठी लगत भद्रकाली, गुठी खर्च कालमोचनमा खोज-तलास गर्दा त्यहाँका अधिकारीहरूको सौजन्यले सबै लगतहरूको अध्ययन गर्ने अवसर प्राप्त भयो । त्यस्ता लगतहरूको अध्ययनबाट धेरै उपलब्धि भएको छ र कति लगतहरूको उतार त यहाँ परिशिष्टमा प्रस्तुत गरिएको छ। यसै गरी गहनाको लगत किताब पनि हेर्ने अवसर पाइयो, जसबाट आवश्यक सूचना लिई यहाँ संलग्न गरिएको छ ।

प्रस्तुत अनुसन्धानको लागि गुठी संस्थानमा जाँदा त्यहाँ आवश्यक हुनु-पर्ने लगतहरूको कमी रहेको अनुभव गरियो । त्यहाँ हुनुपर्ने कागतपत्रहरू पनि त्यहाँ नभएको देखियो, जसको फलस्वरूप दक्षिणकालीसँग सम्बद्ध धेरै अरू कुरा थाहा पाउन सकिएन । जस्तो व्यक्तिगत गुठीहरू आज कायम छन् वा छैनन् भन्ने कुरा यकीन गर्न सकिएन ।

**घ. इतिहास र धर्मसम्बन्धी विशेषज्ञहरूसँग अन्तर्वार्ता–**

प्रस्तुत अनुसन्धान कार्य गर्दा इतिहास र धर्मसम्बन्धी केही विशेषज्ञहरू-सँग पनि अन्तर्वार्ता गरिएको हो । यस पद्धतिको अन्वेषणबाट विशेष उपलब्धि नभए पनि केही आवश्यक सूचनाहरू पाउन सकिएको हो । यस्ता सूचनाहरूको प्रयोग मुख्य भागमा ठाउँठाउँमा उपयोग गरिएको छ ।

**ङ. सम्बद्ध साहित्यको अध्ययन–**

फर्पिङको दक्षिणकालीबारे हालसम्म एक लेख र दुई जना लेखकले लेखेका टिप्पणीबाहेक अरू कुनै साहित्य प्रकाशित भएको पाइएन । ती सन्दर्भको अध्ययन-साथै राष्ट्रिय अभिलेखालयमा दक्षिणकालीसम्बन्धी तान्त्रिक ग्रन्थहरूको अवलोकन गरियो । त्यस्ता साहित्यबाट दक्षिणकाली देवतासम्बन्धी पूजाआजासम्बन्धी विवरण भात्र अवगत हुन गयो । फर्पिङकी दक्षिणकालीकै विवरण यी हुन् भन्ने बारेमा निश्चितता नभएकोले एक देवीको रूपमा नेपाली समाजमा दक्षिणकालीको उपासनाको लोकप्रियता भने उक्त साहित्यबाट थाहा पाउन सकिन्छ ।

दक्षिणकालीका पुजारीहरूसँग पूजापद्धतिबारे सोद्धा 'अरूलाई देखाउनु हुँदैन, हेरे पागल हुन्छ' भन्ने जवाफ पाउँदा यस पक्षबारे अनभिज्ञ नै रहनुपरेको छ ।

**च. विविध–**

माथि बताइएका तथ्यको परिप्रेक्ष्यमा दक्षिणकालीबारे गरिएको प्रस्तुत

अध्ययन एकसरो मात्र हुन गएको स्पष्ट हुन्छ। यसबारेमा विशेष प्रयासपूर्वक अनुसन्धान गरिएमा बढी तथ्यहरू पत्ता लाग्ने विश्वास गर्न सकिन्छ।

## ख. स्थल परिचय

काठमाडौं शहरबाट करीब १८ कि. मि. दक्षिणतर्फ दक्षिणकालीस्थान अवस्थित छ। दक्षिणकालीस्थान फर्पिङ शहरदेखि केही दक्षिणतर्फ पहाडको खोंचमा रहेको छ। सो खोंच वन्य वातावरणले घेरिएको छ। पीठस्थललाई दुइटा साना पहाडी नदीले घेरेर द्वीपको स्वरूप दिएका छन्।

दक्षिणकाली पीठ रहेको स्थान त देवीकै नामले बोलिन्छ तर सो इलाकालाई नजीकै रहेको फर्पिङ शहरको नामबाट बोलाइन्छ। यसैले साधारणतया यी देवीलाई र स्थललाई दक्षिणकाली र फर्पिङकी दक्षिणकाली भनिन्छ।

हाल केही समयदेखि श्री ५ को सरकारले दक्षिणकालीको सांस्कृतिक गरिमाको विचार गरेर दक्षिणकाली क्षेत्रको सुधार र विकास गर्ने लक्ष्य राखेर तत्सम्बन्धी विकास आयोजना शुरू गर्दा दक्षिणकालीपीठवरिपरिको ५६ हेक्टर क्षेत्रलाई दक्षिणकाली विकास क्षेत्र तोकेको छ।[1]

दक्षिणकाली रहेको क्षेत्रलाई नेवारी भाषा भाषीले 'फंपी' र नेपाली भाषा भाषीले 'फर्पिङ' भन्ने परम्परा रहिआएको छ। दक्षिणकाली जाने बाटोमा फर्पिङ शहर पनि रहेको छ।

नेपालको सांस्कृतिक इतिहासमा फर्पिङ शहरका आफ्नै खालका विशिष्ट देनहरू रहेका छन् र बसोवासको प्राचीनताको दृष्टिले पनि फर्पिङको प्राचीनता लिच्छविकालसम्म पुग्दछ। इतिहासकारहरूको खोजीबाट फर्पिङ कोटालटोलमा लिच्छविकालका राजा गणदेवको वि. सं. ६०७ तिरको एउटा ज्यादै खिइएको शिलालेख पाइएको छ।[2] लिच्छवीकालका प्रख्यात राजा अंशुवर्माका पालाका दुइटा शिलालेख पनि यहाँ पाइनाले[3] त्यस कालमा यहाँ राम्रो बसोवास क्षेत्रको विकास भएको बुझ्न सकिन्छ।

फर्पिङसम्बन्धी लिखित सामग्रीहरू मध्यकालतिरदेखि धेरै पाइने हुनाले यसको सांस्कृतिक विकास त्यसै समयदेखि भएको मानुपर्दछ र त्यस्ता ऐतिहासिक

---

१. नेपाल राजपत्र, खण्ड ३७ संख्या २० भदौ १५ गते, वि. सं. २०४४ बमोजिम यसमा उक्त तोकेको क्षेत्रको नक्सासमेत प्रकाशित गरिएको छ।

२. धनवज्र बज्राचार्य–लिच्छविकालका अभिलेख, पृ. १८२-८३।

३. ऐजन, पृ. ३६८, ३७२।

सामग्रीहरूमा त्यस स्थानको नाम 'फणपिंगु' लेखिएको पाइन्छ । यो नामको उल्लेख नेपाल संवत् १४० (वि. सं. १०७७) को प्रमाणमा उल्लेख भएको पाइन्छ । फर्पिङ र फंपी नाम त्यसै फणपिंगु नामबाट बनेको बुझ्न सकिन्छ । फर्पिङको संस्कृत नाम 'शिखरापुर' पनि यदाकदा चलेको देखिन्छ ।[१]

सांस्कृतिक दृष्टिले फर्पिङका आफ्नै विशेषताहरू रहेका छन् । यहीं क्षेत्रमा रहेका शेषनारायण नेपालका चार नारायणमध्ये एकका रूपमा मानिन्छन् । गोपालेश्वर, झङ्केश्वरी, हरिशङ्कर, खड्गयोगिनी र गोरखनाथ गुफा यहाँका प्रसिद्ध धार्मिक केन्द्र हुन् ।[२]

फर्पिङका प्रसिद्ध जात्राहरूमा हरिशङ्कर र गोपालेश्वर हुन्, जुन धूमधामसँग मनाइन्छ ।

वागीश्वरकीर्ति जस्ता प्रख्यात बौद्ध विद्वान् जन्माउने स्थलको रूपमा पनि फर्पिङको नाम रहेको छ । एघारौं शताब्दीतिर भएका वागीश्वरकीर्ति त्यस कालको प्रख्यात बौद्ध विश्वविद्यालय विक्रमशीलामा शिक्षकका रूपमा पनि काम गरेका थिए र उनले धेरै तिब्बती विद्यार्थीहरूलाई बौद्ध तन्त्रको शिक्षा दिएका थिए ।[३]

फर्पिङ शहरमा धेरै मन्दिर र मूर्तिहरू पनि रहेका छन्, जसबाट यो सांस्कृतिक केन्द्रको रूपमा रहिआएको बुझ्न सकिन्छ । यसरी यहाँ सांस्कृतिक विकास हुनाका अनेक कारणहरूमध्ये एउटा त उपत्यकाबाट भारततर्फ जाने एक मूलबाटो यहींबाट भएर जान्थ्यो भन्ने ऐतिहासिक तथ्यबाट पनि अवगत हुन्छ ।[४]

यस्तै सांस्कृतिक पृष्ठभूमिमा दक्षिणकालीको स्थापनाबाट यस फर्पिङ क्षेत्रको प्रसिद्धिमा थप आयाम थपिएको बुझ्न सकिन्छ ।

---

१. उद्धव आचार्य– "फर्पिङको ऐतिहासिक परिचय", प्राचीन नेपाल, संख्या ९८–९९, फागुन २०४३ जेष्ठ २०४४, पृ. १४–१५ ।

२. रुक्मिणी (बन्त)प्रधान– "फर्पिङ गोरखनाथ गुफा, संक्षिप्त परिचय", प्रज्ञा, वर्ष १६, अङ्क ३ (पूर्णाङ्क ६१) २०४४, पृ. २१–२७ ।

३. सूर्यविक्रम ज्ञवाली– नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृ. २५१ ।

४. धनवज्र बज्राचार्य, टेकबहादुर श्रेष्ठ– दोलखाको ऐतिहासिक रूपरेखा, पृ. २१ ।

# २. ऐतिहासिक अध्ययन

## क. परिचय

काठमाडौं उपत्यकाको नजीकै दक्षिणतर्फ १८ कि. मि. जति टाढा रहेको फर्पिङ शहरनजीकै पर्वतीय क्षेत्रमा अवस्थित शाक्त पीठ दक्षिणकालीले नेपालको धार्मिक जीवनमा प्रमुख स्थान राखेको छ ।

दक्षिणकालीबारे पुराना शिलालेख र पौराणिक आख्यान नपाइए पनि 'भाषावंशावली'मा नेपालको धार्मिक माहात्म्य बताउँदा यहाँ कुन कुन देवता छन् भन्ने वर्णन गर्दा 'चार प्रकारले रहेका देवताहरू' भन्ने शीर्षकअन्तर्गत 'काली पनि ४ गुह्यकाली १, वत्सला २, दक्षिणकाली ३, कालिन्चोकको महाकाली ४' भन्ने संक्षिप्त उल्लेख पाइन्छ ।[1] तर यो संक्षिप्त उल्लेखले पनि नेपालको धार्मिक इतिहासमा दक्षिणकालीको स्थान स्पष्ट गरेको छ । यसै गरी 'देवमालावंशावली'मा[2] 'यिनी दक्षिणकाली बहुतै प्रख्यातका हुन्' र 'यिनी ईश्वरी पनि बहुतै प्रत्यक्षकी हुन्' भनेर दक्षिणकालीको माहात्म्यतिर सङ्केत गरेको पाइन्छ ।

दक्षिणकालीको पीठ खुल्ला रूपमा रही त्यसको पश्चिमी भित्तामा पूर्वाभिमुख भई देवीको मूर्ति रहेको छ । देवीको ध्यान चामुण्डाको छ किनभने देवी कङ्काल-रूपकी, ६ हातमा वज्र, सर्प, खड्ग, चक्र, खप्पर र कर्तृ लिएकी छिन् । आसनमा नरमुण्ड छ । देवीको दाहिनेतिर क्रमशः सप्तमातृका देवीवर्गका नारसिंही, इन्द्राणी, वाराही, वैष्णवी, माहेश्वरी, कौमारी र गणेशका मूर्ति थापिएका छन् । यसरी हेर्दा यो दक्षिणकाली पीठ सप्तमातृका पीठको रूपमा रहेको देखिन्छ तर मुख्य मूर्ति चामुण्डाको ध्यानको भए पनि दक्षिणकाली नामले उपासना गरिन्छ ।

हिन्दू धर्ममा एकै देवतालाई अर्को नामले पनि उपासना गर्ने चलन मानिएको हुन सक्दछ । तान्त्रिक साहित्यमा कतै कतै चामुण्डालाई काली वा दक्षिणकाली

---

१. नयनाथ पौडेल (सं.)– भाषावंशावली (भाग-१), नेपाल राष्ट्रिय पुस्तकालय, सं. २०२० पृ. ३४ ।

२. देवमालावंशावली, पृ. ८१-८२ ।

पनि मानिएका सन्दर्भ पाइने हुनाले पनि चामुण्डा ध्यानकी देवीलाई दक्षिणकाली मानिएको हुन सक्दछ ।[1]

दक्षिणकालीको स्थान दुई साना खोल्साको सङ्गमनजीकै अवस्थित हुनाले निकै धार्मिक महत्त्व मानिन्छ । पारम्परिक विश्वासअनुसार दक्षिणकालीस्थानका दुई खोल्सा 'पूर्णवती गङ्गा' र 'उद्धारवश्री गङ्गा' हुन् जसको सङ्गम त्यहाँ भएकोले यो स्थान पवित्र हुन गएको हो । यो स्थानमै श्मशान पनि रहेकोले शक्तिपीठको रूपमा यो समग्र स्वरूपको हुन पुगेको अनुभव गर्न सकिन्छ ।[2]

यस्तै पृष्ठभूमिमा हामी नेपालीहरूले दक्षिणकालीलाई आ-आफ्नो आध्यात्मिक भावनाको एक केन्द्रबिन्दु बनाइआएको हो ।

## ख. दक्षिणकालीको आमा

दक्षिणकालीस्थानबाट एक पाउ जति दक्षिण-पश्चिमतर्फ पहाडमाथि एउटा खाल्डो जस्तो ठाउँमा एकातिर ठूलो ढुङ्गो रहेको छ । त्यसैलाई दक्षिणकालीकी आमा भनेर भक्तहरू दर्शन गर्दछन् । त्यसै पवित्र ढुङ्गाको सामुन्ने धुनी जगाउने ठाउँ छ । उक्त ठूलो ढुङ्गामाथि कालीको उभिएको सानो प्रस्तरमूर्ति स्थापित भएको देखिन्छ । यो मूर्ति त्यति पुरानो जस्तो लाग्दैन ।

दक्षिणकालीकी आमा भन्ने चलन कसरी चलेको हो भन्ने बारेमा केही भन्न सकिएको छैन । उक्त स्थलमा शिलालेख आदि प्रमाण पनि केही देखिएको छैन र गुठी संस्थानअन्तर्गतका कार्यालयहरूमा रहेका लगतहरूमा पनि यस स्थानबारे केही उल्लेख भएको पाइँदैन ।

एक थरी अनुश्रुतिअनुसार 'माथिको पीठ' ज्यादै तेजिलो हुँदा त्यहाँको तेज खिँच्न हालको दक्षिणकालीको मूर्ति स्थापना भएको भन्ने कुरा अवगत हुन्छ । यो किसिमबाट मूलपीठ माथिको भएको र त्यहाँको तेज खिँचेर तल मूर्ति थापिएको हुँदा आमा-छोरीको नाता जोडिएको हुनुपर्दछ भन्ने लाग्दछ ।

दक्षिणकालीकी आमा भनिने पीठ वास्तवमा प्राचीन वैष्णवी पीठ हो, जुन

---

१. सुन्दरानन्द बाँडाले चामुण्डा, काली र कालरात्रिलाई एउटै देवीको रूपमा वर्णन गरी तिनको ध्यान खप्परमा मदपान गर्ने, गाजलजस्ती काली, आलो नरमुण्डमाला लगाएकी, ढाल, खड्ग, त्रिशूल लिएकी, चार हात भएकी, बेतालमा चढेकी र मसानमा नाच्ने रूपमा वर्णन गरेका छन् (त्रिरत्नसौन्दर्य-गाथा, पृ. १७९–८०) ।

२. भाषावंशावली भाग–२, पृ. ८२।

फर्पिङ क्षेत्रमा थापिएका अष्टमातृका पीठहरूमध्ये एक हो। यसबारेमा यही ग्रन्थमा अन्यत्र पनि चर्चा भएकै छ।

गुठी खर्च अड्डा कालमोचनमा रहेको एउटा कागतमा यस स्थानमा वि. सं. १९९० तिरदेखि एक दुई जना महिलाले तपस्या गर्न बस्ने गरेको, उनीहरूलाई खानाको हण्डीको व्यवस्था गर्ने गरिएको र पछि मासिक आर्थिक आधार दिने गरिएको कुरा थाहा पाइन्छ। माथि चर्चित कागतसाथै रहेको आर्को कागतमा वि. सं. २०४१ मा दक्षिणकालीको आमाको स्थानमा पुजारीको रूपमा विश्वमोहन मानन्धर नामका व्यक्तिलाई पुजारी खान्की मासिक रू. ४५।– दिने निर्णय गरिएको थाहा पाइन्छ।

## ग. दक्षिणकालीको द्योछेँ

उपत्यकाभरिपरिका धेरैजसो पुराना मन्दिर र पीठहरूको झैं दक्षिणकालीको पनि द्योछेँ अर्थात् घर फर्पिङ शहर तिपीटोलमा रहेकोमा सो आज पाताल भएको छ। देवीका सरसामान सुरक्षित राख्ने, महापूजाका सरसामग्री जम्मा पार्ने र जात्राको बेलामा खटमा राख्ने मूर्ति राख्ने आदि उपयोगको लागि द्योछेँको आवश्यकता हुने गर्दछ।

## घ. स्थापना

एक थरी भाषावंशावलीमा दक्षिणकालीबारे यस्तो विवरण पाइन्छ–

"प्रताप मल्ल राजा....यिन राजाका पर्यायमा श्री दक्षिणकाली प्रसन्न भै मलाई मूर्तिमान प्रकाश गर भनी स्वप्नविषे प्रसन्न हुँदा राजाले याद नगरी रहंदा फेरी कन्या कुमारीमा प्राप्त भै मेरा स्वयम्भू मूर्ति अप्रकाशित छ। मलाई मूर्ति बनाई स्थापना गर महामारी भय निवारण होला आयु वृद्धि होला साम्राज्य प्रख्यात होला भनी आज्ञा हुंदा राजाले अब त नबनाई भएन भनी मूर्ति बनाउन लाया।

"जब सक्याथ्या यहाँपछि फेरी त्यो मूर्ति मेरो अप्रकाशित ध्यान हो दरबार भित्र स्थापना गर भनी स्वप्न प्रसन्न हुंदा दोस्रो मूर्ति बनाया।

"श्री नृसिंह भट्ट लम्बकर्ण गुरू पाई यिनका द्वाराले श्री दक्षिणकाली श्री सुन्दरकाली अष्टमातृकाकन दक्षिणभाग पूर्णवती गंगा वामभागे उद्धारवप्री गंगा संगम श्री स्वयम्भू दक्षिणकालीका स्थान निकटमा श्मशानवासी प्रकाशस्वरूप महाकाली सुन्दरकाली सहस्रबलि नरबलि महापूजा कोट्याहुति यज्ञ गरीकन प्रतिष्ठा कर्म विधानपूर्वक पुऱ्याई

वैशाष शुक्ल ३ का दिन स्थापना गरी विराजमान गराया । श्री सुन्दर-कालीकन र आफ्ना राजकुलमा मोहनचोक वनाई त्रिशक्तिपडाम्नाय दशाम्नाय षोडशाम्नाय मूर्तिमा प्रतिमा चौसट्ठी जोगिनी आवरण देवता संयुक्त गरी सुन्दरकालीकन स्थापना गऱ्या ।

"यिनै फर्पिङका ईश्वरी प्रसन्न हुंदा धन, द्रव्य, कुवेर संतुष्ट भै ऐश्वर्य पाउँदा भया । श्री गुरू नृसिंह भट्ट राजा प्रताप मल्ल मन्त्री भीम मल्ल यी तिन जनाका सम्मतले ईश्वरीकन स्थापना गर्दा ईश्वरीका प्रसादले भोट राज्य ह्लासा कुती अम्वल गरी धेरै दौलत प्राप्त हुंदा मोहनचोकमा पांच कोटी द्रव्य भण्डार थाप्या ।"[1]

भाषावंशावलीको यो सन्दर्भवारे कान्तिपुरका राजा प्रताप मल्ल (वि. सं. १६९८–१७३१) को समयमा दक्षिणकालीको मूर्ति थापिएको भन्ने अनुश्रुति-वारे हामीलाई ज्ञान हुन आउँछ । तर उक्त सन्दर्भमै एक ठाउँमा 'श्री स्वयम्भू दक्षिण-कालीका स्थान' भन्ने उल्लेख परेकोले त्यहाँ पहिलेदेखि नै दक्षिणकाली आफैं उत्पन्न भएको पवित्र स्थलको रूपमा केही प्रसिद्ध भैसकेको मान्नुपर्ने हुन आउँछ ।

आर्को थरी वंशावलीमा[2] पनि प्रताप मल्लको दक्षिणकालीसँगको सम्वन्ध-वारे माथि उद्धृत जस्तै विवरण दिइएको पाइन्छ तर त्यसमा शुरूमा 'ओं श्री दक्षिण-काली फर्पिङ ललितपुर' यस पीठ नेपालका मुख्य भै विराजमान भैरहनु भएका कहिं मूर्ती प्रकाश छैन (थिएन) पीठ मात्र भएको थियो....' भनेर प्रताप मल्ल-अघि त्यहाँ दक्षिणकालीको पीठ रहेकै कुरा वुझ्न सकिन्छ ।

आर्को थरी भाषावंशावलीमा दक्षिणकालीको स्थापना प्रताप मल्लले गुह्येश्वरीको पीठ पत्ता लगाउने घटनासँग सम्वद्ध गरेर प्रस्तुत गर्दै यस्तो विवरण दिइएको पाइन्छ–

"....श्री गुह्येश्वरी महामायाकन प्रकाश गराया । यीनृसिंह ठाकुर देवी भक्त हुनाले सवै राजा प्रजाकन रक्षा गरौंला भनिरहंदा वखतमा देवीको आज्ञा भयो । हे नृसिंह ! नेपाल दक्षिण दिशा दक्षिण मसान भयाका १ मेरो पीठ छ त्यहां बांडाहरूले खल्बल्याई महा भयंकर भै अगभ भै रह्या । त्यहां तिमी जाई नृसिंह भैरव जगाई चार वर्णकन रक्षा गर भन्ने देवीका

---

१. पं. देवीप्रसाद लंसाल (सं.)– भाषावंशावली (द्वितीय भाग), नेपाल राष्ट्रिय पुस्तकालय, सं. २०२३, पृ. ८२-८३ ।

२. योगी देवीनाथ (सं.)– देवमाला (वंशावली), मृगस्थली गोरक्षपीठ, वि. सं. २०१३ पृ. ८१-८२ ।

आज्ञानुसार गरी अभ्यन्तर मन्त्रले नवदुर्गा फुलचोकका दक्षिण कालीगण सबै आवाहन गरी नृसिंह भैरव जगाई साधन जगाई स्थापना गरिदिया। त्यहाँ उप्रान्त बांडाहरूका पूजा विधान गर्न सकेन र हमगु (ह्यंगु) वज्रयोगिनी (खड्गयोगिनी) मा जाई आफ्ना स्वकर्म चलाया।

यस दिन देखि दक्षिणकाली प्रकाश भयाका हुन्।.....नेपाल सम्वत् ७७४ सालमा श्री गुह्येश्वरी सित बिदा भागी नृसिंह ठाकुर काशी गई प्राणायाम गरी शुन्य समाधिमा गया।"[१]

वंशावलीको यो सन्दर्भमा पहिलेदेखि रहिआएको पीठको रूपमा यो रहेको, बुद्धमार्गीहरूको सम्वन्ध हुन गएको र नृसिंह ठाकुरले प्रताप मल्लको पालामा बुद्धमार्गीहरूलाई हटाएर पूजापरम्परा चलाएको भन्ने बुझ्न सकिन्छ।

प्रसिद्ध तन्त्रविशेषज्ञ धनशमशेर ज. ब. रा. ले भने दक्षिणकालीको स्थापना-सम्वन्धी आर्कै विवरण दिनुभएको पाइन्छ। उहाँको भनाइअनुसार माथिको पीठ ज्यादा नै जाज्वल्यमान जाग्रत भएर मानिसलाई सह्याल्न ज्यादै मुश्किल परेको-ले राजा प्रताप मल्लले आफ्ना गुरु लम्बकर्ण भट्टसित सल्लाह गर्दा तल्तिर एउटा मूर्ति थापेर तेज खिच्ने सल्लाह दिंदा राजाले दक्षिणकालीको गुह्य मूर्ति बनाई गुरुलाई देखाउँदा गुरुले त्यो मूर्ति त माथिकै जस्तो भएकोले झन् तेज बढेर जाज्वल्य-मान हुने भएकोले आर्कै आम्नायको मूर्ति स्थापना गर्ने सल्लाह दिए र बनिसकेको मूर्ति राजदरबारमा थाप्न लगियो। पीठमा थाप्नका लागि भने आर्कै आम्नायसँग सम्वद्ध 'उपाम्नाय नायिका' 'शुष्कमांसातिभीषणा' षड्भुजा चामुण्डाको शववाहन मूर्ति बनाई तीन आँखाको सट्टा दुई आँखामात्रै राखेर थापना गरी सो मूर्तिमा माथिको कोरा पाषाण पीठबाट जीवरूप सत्ता निकालेर सारी माथिको जीवसत्ता-रहित पाषाणलाई अधोमुख पारेर खाल्डामा पुरी एउटा ठूलो ढुङ्गाले ढाकी भाईको विहार गर्ने ठाउँ बनाई त्यो ठाउँमा कोही पनि जान नहुने प्रथा चलाइयो। दक्षिण-काली भनिने हालको मूर्ति ध्यानअनुसार चामुण्डाको भए पनि दक्षिणकालीको जीवसत्ता सारेर प्राणप्रतिष्ठा भएको हुनाले देवीको सो पीठ दक्षिणाम्नायात्मक भएको र दक्षिणाम्नायकै मतले त्यहाँ दक्षिणकालीको पूजाआजा हुन्छ।[२]

---

१. बालचन्द्र शर्मा (सं.)– "काठमाडौं उपत्यकाको एक राजवंशावली", प्राचीन नेपाल, संख्या ६ माघ २०२५, पृ. ५।

२. निगमागमवैज्ञानिकसार, पृ. २९०–९१, श्री धनशमशेरज्यूको भनाइ छ कि एक ठाउँबाट आर्को ठाउँमा सारेर स्थापना भएको देवालयमा आकाश खुला भएमा तोरणको अभावमा अष्ट (सप्त?) मातृकाहरूको स्थापना गर्ने नियम-अनुसार दक्षिणकालीको पीठ खुला भएको र मातृकाहरू थापिएका हुन्।

दक्षिणकालीबारे आर्को आख्यान पनि उपलब्ध हुन्छ। सो अनुसार उहिले शिखरनारायणको मन्दिर रहेको डाँडाको माथि थुम्काभा दक्षिणकाली र उनका गणकहरूको वासस्थान थियो। आधारातमा देवी आफ्ना गणसहित भएर वरिपरि घुम्दथिन् र आफ्ना सामुन्ने आइपुग्ने मानिस खाइदिन्थिन्। देवीले यस्तै गरेर धेरै मानिस खाइदिएपछि जनताको रक्षाको लागि एक जना तान्त्रिकको सहायताले देवीलाई शहरभन्दा पर जङ्गल, मसान र नदीको किनार पारी वस्न वाध्य गरी पूजा-आजा र बलिदान दिने चलन चलाइएको थियो।[1]

कसैको मतभा फर्पिङ शहरको वरिपरि अष्टमातृकाका पीठ स्थापित भएका हुन् र तीमध्ये दक्षिणकालीभा दक्षिणकालीकी आमा भनिने माथिको पीठ वैष्णवी पीठ हो।[2]

माथि चर्चित विवरणहरूबाट दक्षिणकालीको स्थापनाबारे निश्चित कुरा भन्न गाह्रो पर्ने कुरा स्पष्ट बुझिन्छ। नेपाली पुराण, साहित्य (हिमवत्खण्ड, नेपाल-माहात्म्य) मा यसको उल्लेख नपाइनाले यसको स्थापना अलिपछि अथवा मल्ल-कालभा भएको हो भन्ने अन्दाजी गर्न सकिन्छ। वंशावलीहरूभा दक्षिणकालीको स्थापना राजा प्रताप मल्लले गरेको उल्लेख पाइनाले एक सम्भावनाको रूपभा यो पीठको स्थापनाको श्रेय उनै राजाको कुनै अभिलेख यहाँ पाउन सकिएको छैन र अन्य स्रोत (ठचासफू, टिपोट) आदिभा पनि यस्तो कुनै सन्दर्भ पाइएको छैन। फेरि मल्लकालका राजाहरूभध्ये सबैभन्दा धेरै शिलालेख लेखाएर राख्ने राजाको रूपभा प्रख्यात प्रताप मल्लको अभिलेख यहाँ नपाइनाले प्रश्नचिह्न उभ्याइदिएको छ।[3]

राजा प्रताप मल्लले दक्षिणकालीको मूर्ति थापेको भाने पनि यहाँ केही

---

१. कुलचन्द्र कोइराला– श्रीदक्षिणकालिका फर्पिङ, (अप्रकाशित लेख), पृ. ११।

२. कुलचन्द्र कोइराला– श्रीदक्षिणकालिका फर्पिङ " " पृ. ९।

३. मित्र सह प्रा. मुकुन्दराज अर्यालको भनाइभा केही वर्षपहिले दक्षिणकाली-स्थानभा दर्शन गर्न लाग्दा देवीको मूर्तिको पादपीठमुन्तिर अभिलेख पनि देखिएको थियो। जुनभा राजा प्रताप मल्लकै अन्तिम कालतिरको ने. सं. ७९० (वि. सं. १७२७) वा ने. सं. ७९४ (वि. सं. १७३१) अक्षर स्पष्टै देखिएको थियो भन्ने सूचना दिनुभएको छ। यो कुरा मानेभा राजा प्रताप मल्लले नै यो मूर्ति थापेको कुरा भान्नुपर्ने हुन आउँछ। हाल देवीको मूर्तिको मुन्तिर-को भाग भार्वलले राम्ररी छोपिएको हुनाले उक्त अभिलेखको खोजमेल गर्न सकिएन।

ऐतिहासिक समस्या उभिएका पाइन्छन् । दक्षिणकालीस्थानमै देवीको मूर्तिको देब्रेतर्फ रहेका मूर्तिहरूमध्ये निम्न तीन मूर्तिहरू प्रताप मल्लको समयभन्दा निकै अघिका मान्न सकिने देखिएका छन्–

क. शिवपार्वती फलक– उक्त ठाउँमा रहेको शिवपार्वतीको मूर्ति बनेको ढुङ्गे फलक कलाको दृष्टिले तेह्रौं-चौधौं शताब्दीतिरको मान्नुपर्ने देखिन्छ ।

ख. उक्त मूर्तिनजीकै गणेशमूर्ति बनेको ढुङ्गे फलक रहेको छ । मुकुट-विहीन र हस्तीमुख रूपको गणेशको सो मूर्ति पनि कलाको दृष्टिले बाह्रौं शताब्दीतिरको मान्नुपर्ने देखिएको छ ।

ग. सोही लहरमा घण्टा झुण्ड्याइएको ढुङ्गाको चौकोसमा अड्याएर गरुडको एउटा मूर्ति रहेको छ । कलाको दृष्टिले यो मूर्ति पनि चौधौं-पन्ध्रौं शताब्दीतिर बनेको भन्न सकिने देखिएको छ ।

यी तीन मूर्ति यहाँ रहनाको रहस्य बुझ्न सजिलो छैन । यो स्थलको नजीकै वरिपरि कुनै बस्ती अथवा मन्दिर नभएको हुनाले त्यस्ता ठाउँबाट ल्याई यहाँ राखिएको भन्न गाहारो हुनाले यही ठाउँमा अघि कुनै मन्दिर थियो कि भन्ने प्रश्न उठाउन सकिन्छ । यस्तै प्राचीन मन्दिरमा चामुण्डा अथवा दक्षिणकालीको मूर्ति थापिएको मान्नुपर्ने हुन आउँछ ।

## ङ. लोकप्रियताको विकास

राजा प्रताप मल्लको समयमा दक्षिणकालीको मूर्ति थापेको भाने पनि न उसै कालमा न त्यसपछि पनि दक्षिणकालीको कुनै सन्दर्भ नपाइनाले र त्यहाँ कुनै कीर्ति राखेको प्रमाणस्वरूप शिलालेखहरू नपाइने हुनाले यी देवीको मान्यता र लोकप्रियता त्यति धेरै हुन सकेको देखिंदैन ।

मल्लकालको अन्त्य र शाहकालको प्रारम्भदेखि दक्षिणकालीको लोक-प्रियताको विकास हुन थालेको बुझ्न सकिन्छ ।

कवि ललितादल्लभले वि. सं. १८२७ मा लेखेको 'पृथ्वीन्द्रवर्णोदय' काव्यमा दक्षिणकालीको उल्लेख पाइएको हुनाले[1] त्यस समयमा दक्षिणकालीको स्थान केही प्रसिद्ध रहेको बुझ्न सकिन्छ ।

---

१. 'पृथ्वीन्द्रवर्णोदय' श्लोक ४७ को एक हरफमा 'श्रीनारायणदैवतं शिखरगं देवीं तथा दक्षिणाम्' भनिएकोमा फर्पिङका शिखरनारायण र 'दक्षिणादेवी' अर्थात् दक्षिणकालीको उल्लेख भएको देखिन्छ ।

सम्भवतः त्यसै समयदेखि दक्षिणकालीको लोकप्रियता बढ्ने पृष्ठभूमि बनेको हुन सक्दछ किनभने शाहराजवंशकी इष्टदेवी काली रहिआएको हो। हुन त श्री ५ पृथ्वीनारायण शाहको समयमा दक्षिणकालीसम्बन्धी कुनै प्रमाण पाइएको छैन तर उनका छोरा श्री ५ प्रतापसिंह शाह तन्त्रमार्गमा विशेष रूपले लागेर गुह्येश्वरी वा गुह्यकालीको उपासना गर्दये भन्ने थाहा पाइएको छ। उनैले लेखेको तान्त्रिकसंग्रह ग्रन्थ 'बृहत्पुरश्चर्यार्णव' मा कालीको उपासनाबारे विस्तृत विवरण दिएको पाइन्छ[1] तर यो दक्षिणकालीलाई नै ध्यानमा राखेर लेखेको हो भन्न सकिने स्पष्ट प्रमाण त उपलब्ध हुँदैन।

श्री ५ रणबहादुर शाहले दक्षिणकालीमा केही कीर्ति राखेको बारेमा वंशावलीमा यस्तो भनिएको पाइन्छ–

"श्री वज्रयोगिनी श्री गुह्येश्वरी चांगुनारायण दक्षिणकाली तीन शहरका तीन तलेजु देगुतले २ लुभडी आदि देव देवताभा गुजराती बाजा राखी महापूजा सदावर्त अनेक गुठी राखिदिया।"[2]

वंशावलीको यो वक्तव्यमा कुरा त्यति स्पष्ट छैन तापनि श्री ५ रणबहादुर शाहले यहाँ केही कीर्ति राखेको हुन सक्दछ तर यसबारे कुनै निश्चित प्रमाण (कागतपत्र) पाउन सकिएको छैन।

यहाँ पाइएका शिलालेखहरूमा वि. सं. १८४२ को सर्दार कालु पाँडेको अभिलेख हो। यसपछि लिखित सामग्रीको रूपमा वि. सं. १८५६ (ई. १७९९) मा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहले दक्षिणकालीमा गुठी राखी गरिदिएको ताम्र-पत्र नै[3] यहाँ पाइने वा यससँग सम्बद्ध प्राचीनतम वा पहिलो अभिलेख देखिन आएको छ। यो ताम्रपत्रमा दक्षिणकालीको नित्यपूजा र महापूजा चलाउन ५०४ मुरी खेतको गुठी राखिएको वर्णन लेखिएको छ। यत्रो ठूलो गुठी राखिदिएको देख्दा दक्षिणकालीको लोकप्रियताको विकास भएको बुझ्न सकिन्छ।

उक्त भित्तिदेखि दक्षिणकालीको लोकप्रियताको क्रमशः विकास हुँदै आएका कुराको प्रमाणस्वरूप त्यहाँ पाइने अनेक अभिलेख, कागतपत्र (गुठी संस्थानमा सुरक्षित)[4], विभिन्न कालमा चढाइएका सिंहका धातुका मूर्तिहरूबाट बुझ्न सकिन्छ।

---

१. बृहत्पुरश्चर्यार्णवः, श्री ५ महाराजाधिराजप्रतापसिंहशाहदेवविरचितः, श्रीधनशमशेरजङ्गबहादुरराणावर्मणा प्रकाशितः, वि. सं. २०२९ तृतीयखण्डः पृ. १–९६।

२. प्राचीन नेपाल, संख्या ६, २०२५ माघ, पृ. १७।

३. धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ– शाहकालका अभिलेख, पृ. ३०१-३।

४. यी अभिलेख र कागतपत्र परिशिष्टमा प्रस्तुत गरिएका छन्।

हाल त दक्षिणकालीमा दिनदिनै र खास गरी पर्वहरू (नौरथाहरू), शनि र मंगलबारका दिन यहाँ भैरहने भक्तजनको घुइँचोबाट दक्षिणकालीको मान्यता र लोकप्रियताले भाथिल्लो सीमा छोएको बुझ्न सकिन्छ ।

दक्षिणकालीमा धेरै अघिदेखि गरगहना र विभिन्न थरीका भाँडाकुँडाहरू चढाउने गरेको जुन लगत गुठी संस्थान गुठी लगतबाट थाहा पाइन्छ। त्यसबाट दक्षिणकालीको लोकप्रियताको विकासको आर्को रूप देखिन आउँछ ।

हाम्रो नेपाली समाजमा कति परिवारहरूले दक्षिणकालीलाई आफ्ना कुलदेवता भानेको पाइनाले पनि यी देवीको लोकप्रियताको आर्को रूप स्पष्ट हुन आउँछ ।

## च. राजकीय सम्बन्ध

राजा प्रताप मल्लले दक्षिणकालीको स्थापना गरेको मानेमा सरकारी तवरबाट थापिएको यो पीठको महत्त्व पहिलेदेखि नै रहँदै आएको बुझ्न सकिन्छ । मल्लकालमा यो पीठसँग राजकीय सम्बन्ध बताउने स्पष्ट प्रमाण उपलब्ध गर्न नसकिएको हुनाले त्यस कालबारे अरू केही भन्न सकिएको छैन।

वि. सं. १८५६ मा श्री ५ गीर्वाणयुद्ध विक्रमशाहबाट दक्षिणकालीमा नित्यपूजा र महापूजासम्बन्धी ठूलो गुठी राखिएका कुराको चर्चा माथि गरिसकिएको छ । यसै समयदेखि शाहराजवंशको घनिष्ठ सम्बन्ध दक्षिणकालीसँग रहन थालेको स्पष्ट बुझ्न सकिन्छ । उक्त मितिपछि पनि राजकीय तवरबाट यहाँ अनेक बन्दोबस्त भएका प्रमाण पाइने हुनाले[1] यस पीठसँग राजकीय सम्बन्ध अझ घनिष्ठ हुँदै आउन थालेको देखिन्छ ।

उक्त पृष्ठभूमिमा दक्षिणकालीको उपासना गर्ने परम्परा शाहवंशमा बढ्दै आएको देखिन्छ । यो तथ्यको समर्थन गर्न सक्ने एउटा प्रमाण पाइएको छ । त्यो प्रमाण श्री ५ रणबहादुर शाहकी रानी सुवर्णप्रभातर्फका छोरा चौतरिया रणोद्योत शाहले बनाएको 'श्रीदक्षिणकालिकादमनारोपणपद्धतिः' नामक ग्रन्थको रूपमा रहेको छ ।[2] यो कहिले लेखिएको हो यसबारे अनुसन्धान हुन बाँकी नै छ

---

१. यसबारे गुठी विवरणमा चर्चा गरिएको छ ।

२. दमनार्चनपद्धतिः, १९ पत्र । मंगलाचरण वाक्य–
श्री गणेशाय नमः श्री कालिकायै नमः ॥
सदा कालीं ध्यात्वा हृदयकमलेऽभीष्टफलदां
सतां या दुष्टानामिह जगति संहारणपराम् ॥
रणोद्योतः श्रीमां (न्) सपदि दमनारोपणाविधे–
स्तदीयां कुर्वेऽहं निजविषयिकां पद्धतिमिमाम् ॥

तर यो ग्रन्थ वि. सं. १८८० तिर लेखिएको हुनु सम्भव छ[1] र यसको लेखनमा दक्षिण-काली माईको उपासना परम्पराले प्रेरणा दिएको हुनु धेरै सम्भव लाग्दछ ।

राजकीय सम्बन्ध गाँसिएको कारणले दक्षिणकालीको उपासनाविधिबारे चियोचर्चा हुन थालेको उक्त प्रमाणजस्तै आर्को प्रमाण पनि उपलब्ध हुन्छ । राजगुरु पौडेलखलकका रंगनाथ पौडेलले (जो वि. सं. १८९७-९८ तिर प्रधान-मन्त्री पनि बन्न पुगेका थिए) दक्षिणकालीको उपासनाविधि बताउने प्रसिद्ध तान्त्रिक स्तोत्र 'कर्पूरस्तोत्र' को टीका लेखेको पाइन्छ ।

उक्त प्रमाणहरूका आधारमा वि. सं. १८८० र वि. सं. १९०० को बीचतिर शाहराजवंश र चौतरिया वंशले दक्षिणकालीलाई इष्टदेवता मान्न शुरू गरेको अनुमान गर्न सकिन्छ ।[2]

माथि भनिएको कुराको केही समर्थन दक्षिणकालीमै रहेको चौतरिया प्राण शाहका सन्तान चौतरिया जंगप्रताप शाहको वि. सं. १९७६ को अभिलेख-बाट[3] हुन्छ । शुरूमै 'श्रीइष्टदेवता दक्षिणकाली' भन्ने वाक्य लेखिएको देखिन्छ ।

दक्षिणकालीको मूर्तिवरिपरिका धातुका पातामा लेखिएका अभिलेखबाट यहाँ श्री ५ पृथ्वीवीरविक्रम शाहबाट केही कीर्ति राखिएको थाहा पाइन्छ । पछि वि. सं. २०१७ मा श्री ५ महेन्द्रवीरविक्रम शाहबाट यहाँ केही कीर्ति राखिएको[4] र यहाँ श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट पनि केही कीर्ति राखिएको कुरा दक्षिणकालीको मूर्तिभाथिको अभिलेखबाट थाहा पाइन्छ ।

राजदरबारबाट दक्षिणकालीमा बेला-बेलामा पूजाआजाको आयोजना

---

१. अन्त्य वाक्य–
इती श्रीमद्गिरीराजचक्रचूडामणीनरनारायणेत्यादिविविध विरुदावली विराज-मान मानोन्नत श्रीमन्महाराजाधिराजरणबहादुरशाहदेवदेवात्मजश्रीरणोद्योत-शाहविरचिता श्री दक्षिणकालिकाया दमनारोपणपद्धतीः समाप्त ।। शुभम् ।
सं. १९९३ आश्विन कृष्ण अमावास्यां माधवप्रसाद शर्मणा लिखितम्.
(पं. लोकनाथ रेग्मीज्यूको संग्रहमा रहेको) ।

२. शाहराजवंशकी इष्टदेवी काली नै हुन्, जसको स्थान गोरखामा अवस्थित छ । उपत्यका विजयपछि गुह्यकाली र अलिपछिदेखि दक्षिणकालीलाई इष्ट-देवी मान्न थालिएको हो कि भन्न सकिन्छ तर यसबारे विस्तृत अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

३. यो अभिलेख परिशिष्टमा राखिएको छ ।

४. ऐजन ।

हुने कुरा सुनिएको छ र वैशाखशुक्ल अष्टमीको दिन विशेष पूजा पनि हुने कुरा थाहा पाइएको छ। यी कुराहरूबाट दक्षिणकालीभा राजकीय सम्बन्ध निकै घनिष्ठ हुँदै आएको देखिन्छ।[1]

## छ. वर्तमान स्थिति–

माथि वर्णित पृष्ठभूमिभा नेपालको धार्मिक जीवनमा दक्षिणकालीको ठूलो स्थान रहन गएको देखिन्छ। काठमाडौंको शहरी क्षेत्रभन्दा त्यति पर रहेको पीठमा दिनदिनै र खासगरी शनिवार मंगलवार दर्शनार्थीहरूको घुइँचो लागेको देख्दा दक्षिणकालीप्रति जनताको अगाध भक्ति र विश्वास रहेको स्पष्ट देखिन्छ। धेरै जनताको भावनासँग संलग्न रहेको एक देवीपीठको भौतिक र आध्यात्मिक दुवै पक्षको समयोचित विकास गर्नु आवश्यक देखिन्छ। यसतर्फ श्री ५ को सरकारले काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजनाको माध्यमबाट दक्षिणकाली क्षेत्रको भौतिक विकास गर्ने प्रयास भैरहेको छ। इच्छुक भक्तजनहरूलाई दक्षिणकालीको उपासनासम्बन्धी साहित्यको प्रकाशनको व्यवस्था गरेर आध्यात्मिक विकास पनि गरिनु आवश्यक देखिन्छ।

---

१. यसबारेमा हाल विशेष खोजी गर्न सकिएन।

# ३. दक्षिणकालीसँग सम्बद्ध कर्मकाण्डहरू

दक्षिणकालीस्थानमा नित्यपूजा र विभिन्न पर्वपूजाहरू सम्पन्न गरिआएका छन् । यी कर्मकाण्डहरूबारे तल छोटकरीमा विवरण दिइन्छ :

## क. नित्यपूजा

दक्षिणकालीस्थानमा गरिने नित्यपूजाका दुई भाग छन्– मध्याह्न पूजा र सन्ध्याकालको आरती । मध्याह्न पूजामा पुजाहारी कर्माचार्यले देवीको मूर्तिसामुन्ने बसी तान्त्रिक न्यासपूर्वक सुरा समर्पण गरेर वीराचारपद्धतिले पूजाकर्म सम्पन्न गरेको देखिन्छ । यो पूजाको अन्तिम समयतिर सामूहिक घण्टावादन र दमाहा बजाइने गरेको पनि देखिन्छ ।

यो नित्यपूजाको बन्दोबस्त श्री ५ गीर्वाणयुद्धविक्रम शाहले वि. सं. १८५६ मा जग्गा गुठी राखी ताम्रपत्र लेखाई गरेको देखिन्छ । यसको विवरण आर्थिक आधार खण्डमा प्रस्तुत गरिएको छ ।

गुठी संस्थानबाट नित्यपूजाको लागि दरबन्दीबमोजिम सामग्री उपलब्ध गराउने व्यवस्था गरिन्छ । सो दरबन्दीअनुसार नित्यपूजाको लागि वार्षिक नगद रू. १,२८९।६७ र धान १५।१९।३ उपलब्ध गराइन्छ ।[1]

यहाँ नित्यपूजाको समयमा एउटा नगरा बजेको देखिन्छ । कुसुलेहरू कहिले-काहीं मात्र यहाँ बाजा बजाउन आउँछन् भन्ने पनि सुनियो । पहिले त यहाँ नित्य बाजा बजाउने बन्दोबस्त गरिएको कुरा वि. सं. १८५९ को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको शिखरनारायण अभिलेखको वक्तव्यबाट थाहा पाइन्छ जसमा दक्षिणकाली-स्थानमा बिहान गुजराती बाजा र बिहान-बेलुका नगरा बाजा बजाउनुपर्ने व्यवस्था बाँधिएको छ ।

## ख. पर्वपूजा

दक्षिणकालीस्थानमा सम्पन्न गरिने पर्वपूजाहरूमा– महापूजा, अष्टमी

---

१. फर्पिङका दक्षिणकालीको नित्य र पर्वपूजा चलाउने जिम्मावाल श्री गणेश-लाल मानन्धरबाट प्राप्त दरबन्दी सूचीअनुसार ।

पूजा र १२ कृष्णपक्ष चतुर्दशी पूजाहरू हुन्। यिनको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ :

**महापूजा–**

दक्षिणकालीस्थानमा वर्षको दुईपल्ट वैशाखकृष्ण त्रयोदशी र भाद्रकृष्ण अष्टमी (कृष्णाष्टमी) का दिन महापूजा (थापूजा) सम्पन्न गरिन्छ। यो महापूजामा विशेष खालका सर्जाम र बलि समर्पण गरेर दक्षिणकालीको पूजा सम्पन्न गरिन्छ र पटक पटक भोज ख्वाइनें गरिन्छ।

श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट वि. सं. १८५६ मा जग्गा गुठी राखी ताम्रपत्रसमेत गरिदिएर यो महापूजा गर्ने चलन चलाइएको थाहा पाइन्छ।

**अष्टमी पर्वपूजा–**

दक्षिणकालीमा प्रत्येक शुक्ल अष्टमीमा पर्वपूजा चलाइन्छ। विशेष पर्व पूजाचाहिं चैत्रशुक्ल अष्टमी र भाद्रशुक्ल अष्टमी (कागे अष्टमी) का तिथिमा सम्पन्न गरिन्छन्। विशेष पूजाचाहिं वैशाखशुक्ल अष्टमीको दिन गरिन्छ जुन दिन फर्पिङ भेकका अष्टमातृकापीठहरूमा बोको बलि दिइन्छ। यसै दिन श्री ५ महाराजाधिराज सरकारबाट दक्षिणकालीमा पंचबलि समर्पणपूर्वक पूजा हुन्छ।

**कृष्णपक्ष चतुर्दशीका पर्वपूजा–**

दक्षिणकालीमा प्रत्येक कृष्णपक्ष चतुर्दशीका दिन पर्वपूजा सम्पन्न गरिन्छ। वर्ष दिनमा जम्मा १२ पल्ट गरिने यो पर्वपूजाको लागि गुठी संस्थानले साबिक दरबन्दीबमोजिम आवश्यक बन्दोबस्त गरिआएको देखिन्छ।

यो पर्वपूजाको स्थापना श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट वि. सं. १८५९ मा गरिएको हो। उक्त मितिको फर्पिङ शिखरनारायणको अभिलेखमा फर्पिङ भेकका देवीदेवताको बन्दोबस्त बाँधेको विवरण दिंदा दक्षिणकालीमा कृष्ण चतुर्दशीहरूमा पूजा गर्न यौटा बोको र अरू पूजा सामग्री दिनुपर्ने र मार्ग (मङ्सीर) कृष्ण चतुर्दशीको दिनलाई यौटा राँगोको थप व्यवस्था गरिएको कुरा लेखिएको पाइन्छ।[१]

## ग. दक्षिणकाली जात्रा

फर्पिङ शहरमा प्रतिवर्ष आश्विन कृष्ण एकादशीको दिन गरिने हरिशंकर

---

१. गुठी खर्च अड्डा कालमोचनमा रहेको वि. सं. १९५० को लगतमा पनि यो पर्वपूजासम्बन्धी विस्तृत विवरण परेको छ।

यात्रासँगै त्यस भेकका अरू देवीदेवता र दक्षिणकालीको पनि खटजात्रा सामूहिक रूपले सम्पन्न गरिन्छ ।

फर्पिङ भेकका देवीदेवताका पूजाआजा, जात्राहरूको बन्दोबस्त गरी शिखरनारायणस्थानमा राखिएको श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि. सं. १८५९ को शिलालेखमा "श्री हरिशंकर श्री शिखरनारायण श्री तिलक्रमेश्वर श्रीदक्षिण-काली श्री अघोरेश्वर श्री नन्दिकेश्वर श्री सिद्धिगणेश्वर यति सात रथका रथजात्रा" सम्बन्धी गुठीको व्यवस्था गरिएको पाइन्छ ।

## घ. सर्वसाधारणबारे गरिने पूजाका रूपहरू

एक प्रसिद्ध र प्रत्यक्ष देवीको रूपमा सर्वसाधारण भक्तजनहरू दक्षिण-कालीको पूजा विभिन्न रूपले गर्दछन् । यसबारे केलाएरै हेर्न त कम्तीमा सात दिनको विवरण तयार गरी अध्ययन गरी हेर्नुपर्दछ तर साधारण निरीक्षणबाट भन्दा पाँच पैसा भेटी र यौटा फूल चढाएर ढोग्नेदेखि लिएर हजारौं रुपियाँको पूजा सामग्री लिएर हजारौं रुपियाँ चढाएर पूजा गर्ने, विविध मूल्यका गहना र वस्तुहरू चढाउने जस्ता पूजा उपासनाका रूप यहाँ देख्न सकिन्छ । तर धेरैजसो पूजा भाकल-को रूपमा साधारण बलि वा पञ्चबलि समेत चढाएर गर्ने गरिएको बुझिन्छ ।

पहिले-पहिले झैं आफ्नो इच्छा र गच्छेअनुसार स्थायी गुठी राखी पूजा गराउने चलन भने हाल कम हुँदैछ भन्ने कुरा त प्रत्यक्ष जस्तो छ । धनीमानी भक्त-जनहरूले प्रेरणा पाएमा अहिलेको समयमा पनि गुठी परम्परा कायम गर्न सकिन्छ जस्तो लाग्दछ । यस्तो हुन सकेमा यो पीठको भव्यतामा अभिवृद्धि हुने विश्वास गर्न सकिन्छ ।

## ङ. आर्थिक आधार

कुनै मन्दिरदेवस्थलको पूजाआजा, जात्रापर्व, सेवासुरक्षा र विकासको लागि नियमित आर्थिक आय आवश्यक हुन्छ । यस्तै कारणले कुनै मन्दिर-मूर्तिको स्थापना गरेपछि स्थापना गर्नेले त्यस्तो बन्दोबस्त पनि गरेको हुन्छ । कुनै मन्दिर कुनै व्यक्तिविशेषले थापेको भए पनि पछि प्रसिद्ध हुन जाँदा राजाप्रजा सबैले त्यहाँ थरीथरीका गुठी थाप्ने काम पनि गरेको हुन्छ । समाजबाट भेटीघाटी र दानको रूपमा अनियमित आर्थिक आधार पनि त्यस्ता मन्दिरहरूमा सम्बन्धित हुन कुनै-कुनै धार्मिक क्षेत्र, पीठ वा मन्दिरको आर्थिक आधार तयार हुन्छ । राजा र भारदार तथा धनीमानीहरूले थापेका वा विशेष मान्यता गरेका मन्दिर-पीठहरूमा भने समृद्ध आर्थिक आधार बनाइने र समय समयमा त्यसमा थपथाप पनि गरेर बन्दोबस्त गरिने गरेको देखिन्छ ।

दक्षिणकालीको आर्थिक आधार सम्बन्धमा अध्ययन गर्दा निम्न किसिमले अध्ययन गरेर हेर्न सकिन्छ–

क. **आयस्रोत**– १. जग्गा गुठी

(क) राजकीय गुठी

(ख) व्यक्तिगत गुठी

२. दान–भेटी

३. सम्पत्ति (गहना, भाँडा)

उक्त तथ्यहरूको संक्षिप्त चर्चा तल गरिन्छ ।

## १. जग्गा गुठी

प्राचीनकालदेखि मन्दिरदेवस्थलहरूको सञ्चालनार्थ सोझै नगद रकम नदिई आवश्यक आम्दानी हुने जग्गा छुट्याई गुठी राखिदिने गरिएको थाहा पाइन्छ। यस्तो गर्नाले सम्बद्ध धार्मिक संस्थाहरूलाई नियमित आम्दानी हुने भई लक्ष्यअनुसार संचालन गर्न सजिलो हुन्थ्यो । यस प्रकार सरकारतर्फबाट र जनतातर्फबाट जग्गा गुठी राख्ने परम्परा पनि ज्ञात हुन्छ । दक्षिणकालीमा पनि यस्तो देखिनाले यसै किसिमले यहाँ वर्णन गरिन्छ ।

## (क) राजकीय गुठी

राजा प्रताप मल्लले दक्षिणकालीको स्थापना गरेको भन्ने वंशावलीको भनाइ मान्नुपर्ने स्थिति भए पनि त्यसै बेलामा पूजाआजा, जात्राको लागि गुठीको रूपमा आर्थिक व्यवस्था गरिएका कुनै प्रमाण पाउन सकिएको छैन । तर त्यसै बेलाको प्रसिद्धिको पृष्ठभूमिमा शाहकालमा आएर दक्षिणकालीमा राजकीय गुठी राखी पूजा-आजाको बन्दोबस्त गर्न थालिएको थाहा पाइन्छ ।

शाहकालमा श्री ५ रणबहादुर शाहबाट यहाँ केही धार्मिक कीर्ति राखेको सन्दर्भ वंशावलीमा पाइन्छ, जसको चर्चा माथि गरिसकिएको छ, तर यससम्बन्धी कुनै निश्चित प्रमाण पाइँदैन । यस स्थितिमा वि. सं. १८५६ मा श्री ५ गीर्वाणयुद्ध-विक्रम शाहबाट नित्यपूजा आदिको गुठी राखिएको सन्दर्भलाई नै दक्षिणकालीको पहिलो राजगुठी मान्नुपर्ने देखिएको छ ।

दक्षिणकालीसम्बन्धी राजगुठीहरूको उपलब्ध सन्दर्भहरूको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ :

### १. वि. सं. १८५६ को नित्यपूजा र महापूजा गुठी–

वि. सं. १८५६ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले दक्षिणकालीमा नित्य-पूजा गराउन र वर्षको दुईपल्ट, वैशाखकृष्ण त्रयोदशी र भाद्रकृष्ण अष्टमीको दिन,

महापूजा गराउन भनेर फर्पिङ इलाकाभित्रको ५०४ मुरी खेत गुठी राखिदिएको प्रमाणस्वरूप ताम्रपत्र पाइएको छ ।[1]

उक्त ताम्रपत्रमा "महापूजा र नित्यपूजा गर्नको लागि चढाइएको खेतको चार किल्ला, पूजा गर्ने सामग्री देवताको सम्पत्ति रक्षा गर्ने अधिकारीले पाउने कुरा, यी जम्मै खुलाएर, लालमोहर गरी अधिकारीको हातमा सुम्पिएको छ" भनिएको छ तर यो हाल पाउन सकिएको छैन ।

यो गुठी जग्गाबाट वि.सं. २०२८ मा जम्मा आम्दानी नगद रू. ३९१४।– र धान ३८।१।३ हुने र नित्यपूजा र महापूजामा जम्मा रू. ३९१३।– र उक्त परिमाणको धान खर्च हुने गरेको देखिएको छ ।[2] तर हाल कति वर्षदेखि खेतबाट हुने धानको आम्दानी बुझाउन नल्याउँदा आवश्यक खर्चको व्यवस्था गुठी संस्थानले गर्ने गरेको कुरा थाहा पाइएको छ ।[3]

नित्यपूजाको दरबन्दीअन्तर्गत पूजासामानको जोरजाम गरी देवीको स्थानसम्म पुऱ्याउने जिम्मा लिने एक जना कर्माचार्य महिलाको स्थान रहन्छ । यति गरेबापत तिनलाई वार्षिक रू. १८०।– दिने गरेको थाहा पाइन्छ ।

यी ताम्रपत्रमा निर्धारण गरिएको नित्यपूजा र महापूजा [जसलाई थापूजा भनिन्छ (?)] सम्बन्धी वि. सं. १९७५ को लगत पाइन्छ[4] जसमा खेतका मोही, आम्दानी र खर्चको विस्तृत विवरण दिइएको देखिन्छ ।

गुठी लगत अड्डामा 'थापूजा गुठी' सम्बन्धी वि. सं. १९७५ को लगत पनि पाइन्छ ।[5] यो लगतमा ३।।। (पौने चार) रोपनी जग्गाका मोही र आम्दानीको

---

१. धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ– शाहकालका अभिलेख (पहिलो भाग), पृ. ३०१-३, यो अभिलेख परिशिष्टमा राखिएको छ । यो गुठी राखिनाको कारण श्री ५ रणबहादुर शाहकी रानी कान्तिवती सिकिस्त बिरामी परेकी हुनाले उनको रोग निको पार्न व्यापक रूपले आध्यात्मिक उपाय गरिंदा प्रसिद्ध देवी दक्षिणकालीमा पनि यो गुठी राखिएको कुरा मानिन्छ (ऐजन पृ. ३०५) ।

२. गुठी संस्थान गुठी लगत कार्यालयबाट २०२८ चैत्र ७ गते श्री गणेशलाल मानन्धरलाई लेखेको चिठीबमोजिम ।

३. श्री गणेशलाल मानन्धरबाट ज्ञात सूचना ।

४. यो लगतको उतार लगत खण्डक संख्या २ मा प्रस्तुत गरिएको छ ।

५. गुठी लगत ब. २५९ 'फरपी' श्री दर्पीकालीको थापूजा गुठी' मा यसको विवरण परेको छ ।

विवरण परेको छ । तर यो लगतमा कुन तिथिमा 'थापूजा' (महापूजा) गरिने सो कुरा तोकिएको छैन । यो 'थापूजा' गुठी भिन्नै पछि थपिएको हो कि भाथि चर्चित वि. सं. १८५६ को प्रमाणअनुसारको हो केही छुट्याउन सकिएको छैन ।

**२. दक्षिणकाली जात्रा गुठी–**

फर्पिङ शिखरनारायणस्थानको वि. सं. १८५९ ज्येष्ठशुक्ल द्वितीयाको श्री ५ गीर्वाणयुद्धविक्रम शाहको अभिलेखमा फर्पिङ भेकका हरिशंकर, शिखर-नारायण, तिलक्रमेश्वर(?), दक्षिणकाली, अघोरेश्वर, नन्दिकेश्वर र सिद्धि-गणेश्वरको गरी सात रथ (खट) जात्रा गर्न र अन्य धार्मिक बन्दोवस्तसमेतको लागि भनेर १२८॥ रोपनी जग्गा गुठी राखिएको कुरा लेखिएको छ ।[1] यसैको आधारमा दक्षिणकालीसमेतको उक्त सामूहिक खटजात्रा चलिरहेको पाइन्छ ।

**३. चतुर्दशी पूजा गुठी–**

वर्षभरिका १२ कृष्णपक्ष चतुर्दशीमा दाक्षिणकालीको पर्वपूजा गर्ने गुठीको स्थापना श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट वि. सं. १८५९ मा भएको देखिन्छ । श्री ५ गीर्वाणयुद्धको वि. सं. १८५९ को शिखरनारायण अभिलेखमा १२ कृष्ण चतुर्दशीहरूमा दक्षिणकालीलाई पूजा गर्न एक-एकवटा बोको र अरू पूजासामग्री दिनुपर्ने र भार्ग (भङ्सीर)कृष्ण चतुर्दशीको दिनलाई थप यौटा राँगाको व्यवस्था गरिएको कुरा लेखिएको छ । अन्य कर्म र यस पर्वपूजाको लागि समेत १२८॥ रोपनी जग्गा गुठी राखिएको कुरा पनि त्यसै अभिलेखमा लेखिएको छ ।

**४. भण्डार गुठी–**

गुठी लगत अड्डामा रहेको सं. १९७८ को 'श्री दक्षिणकालीका भंडार गुठी' सम्बन्धी लगत किताबमा[2] "श्री दषीनकालीका भंडार गुठीको १८५९ साल जेष्ट सुदी २।४ को थिती बंदेजको लालमोहरको नक्कल" को उल्लेख पाइन्छ । उक्त लगतमा उक्त गुठीसम्बन्धी १२८॥ रोपनी जग्गा रहेको उल्लेख साथै उक्त जग्गाका मोही र तिनले बुझाउनुपर्ने नगदी-जिन्सी वस्तुहरूको विस्तृत विवरण पाइन्छ ।

यो गुठीको कामकर्तव्यबारे उक्त विवरणमा केही लेखिएको पाइँदैन ।

**५. दक्षिणकालीस्थानमा पालो बस्नेहरूको खान्की–**

गुठी लगत अड्डामा ब. ४७९ संख्याको लगतमा यो खान्कीबारे विवरण

---

१. श्री गणेशलाल भानन्धरबाट प्राप्त अभिलेखको प्रतिलिपिका आधारमा ।
२. गुठी लगत ब. ३६० ।

लेखिएको छ । यही लगतमा उल्लेख भएबमोजिम सं. १८९८ माघ सुदी २ मा लालमोहर भई ८ जनाले स्थानमा पालो वसेवापत 'सेवा बिर्ता' दिन थालिएको भन्ने थाहा पाइन्छ । यो शीर्षकअन्तर्गत जम्मा खेत मुरी ८ भएको र सो 'सेवा बिर्ता' पोडे र ज्यापूहरूले पाएको कुरा उक्त विवरणमा जनिएको छ । उक्त जग्गा फर्पिङ इलाकामै इपागाउँमा रहेको पनि त्यही स्रोतबाट थाहा पाइन्छ ।

यो बन्दोवस्त श्री ५ राजेन्द्रविक्रम शाहको पालामा भएको हो भन्ने बुझिन्छ ।

**६. गोनाल गुठी–**

सं. १९७३ को गोनाल गुठीको लगत[1] अनुसार दक्षिणकालीस्थानमा–

क. आश्विनकृष्ण नवमीको दिन एक पाथी तेलले वत्ती बाल्ने,

ख. आश्विनकृष्ण दशमीको दिन दुई पाथी तेलले वत्ती बाल्ने र

ग. आश्विनकृष्ण एकादशीको दिन तीन पाथी तेलले वत्ती बाल्ने विवरण थाहा पाइन्छ ।

सं. १९७३ को श्री दक्षिणकाली गोनाल (वत्ती) गुठीसम्बन्धी लगतमा[2] उक्त कामको लागि जम्मा साढे बाह्र रोपनी जग्गा रहेको र सोवाट धान २४ मुरी २ पाथी र घ्यूखानीबाट नगद रू. ३।२९ आम्दानी मोहीहरूबाट आम्दानी हुने कुरा थाहा पाइन्छ । उक्त परिमाणको धान बिक्रीबाट हुने आम्दानी रू. ९६।४० र घ्यूखानीको रू. ३।२९ मिलाई रू. ९९।६९ हुने र यसमध्येबाट दक्षिणकाली-स्थानमा विभिन्न तिथिमा वत्ती बालिने विवरण लेखिएको छ ।

यो गुठीको स्थापना कसले कहिले गरेको हो भन्ने स्पष्ट उल्लेख पाइँदैन तर यस्तो व्यवस्था राजकीय स्तरबाट हुन सक्ने अनुमान गरिएको छ ।

**७. घाट-सत्तल गुठी (?) –**

गुठी लगत अड्डामा रहेको लगत संख्या मंगल १ को 'दक्षिणकाली माईका थानको पुल परखाल घाट सत्तल गुठी' मा वि. सं. २०१७ मा दक्षिणकालीस्थान-वरिपरि मरम्मत गरिएका पर्खाल र सत्तलहरूको छोटकरी विवरण दिइएको छ ।[3] उक्त लगतमा गुठी शब्द जोडिएको भए पनि गुठी जग्गाको कुनै उल्लेख छैन ।

अहिलेको अनुसन्धानबाट राजकीय गुठीहरूको सम्बन्धमा माथि वर्णित जति मात्र देखिएका छन् । तीमध्ये नित्यपूजा र पर्वपूजाहरू सञ्चालन भैरहेका

---

१. लगत खण्ड सं. १ ।

२. लगत खण्ड सं. १ ।

३. लगत खण्ड संख्या ४ मा यो प्रस्तुत गरिएको छ ।

देखिन्छन् तर माथि संख्या ५. दक्षिणकालीस्थानमा पालो बस्नेहरूको खान्की र संख्या ६. गोनाल गुठीको अस्तित्ववारे केही थाहा पाउन सकिएन ।

माथि वर्णित नित्यपूजा र पर्वपूजा तथा जात्राको सञ्चालनबारेमा सम्बद्ध क्षेत्रमा निकै नै असन्तोष रहेको तथ्य थाहा पाइएको छ किनभने पुरानो दरबन्दीमा पुरानै दरभा मालसामानको हिसाब लेखिने हुनाले सोही हिसाब सधैं चलिरहन सक्नु सम्भव छैन । जस्तो नित्यपूजासम्बन्धी गुठी संस्थानको दरबन्दीमा राम्ररी पूजा हुन नसक्ने हुनाले वर्तमान दरबन्दी वार्षिक रू. १२८९।६७ र धान १५।१९।३ को सट्टा रू. ३२१७। र धान २७।१९।३ आवश्यक भएको कुरा जिम्मावाल श्री गणेशलाल मानन्धरको विचार छ र सोही संशोधित लगत उहाँले गुठी संस्थानमा प्रस्तुत गर्नुभएको तथ्य ज्ञात हुन आएको छ ।

## (ख) व्यक्तिगत गुठी

दक्षिणकालीस्थानमा राजकीयसाथै व्यक्तिगत खालका गुठी पनि राखिएका छन् भन्ने कुरा विभिन्न स्रोतबाट थाहा पाइन्छ । गुठी संस्थानअन्तर्गतका कार्यालयहरूबाट पाउन सकिएका कागतपत्र र दक्षिणकालीस्थानमै रहेका अभिलेखहरूबाट थाहा पाइएका व्यक्तिगत गुठीसम्बन्धी विवरणहरू यहाँ प्रस्तुत गरिएका हुन् । यस विषयमा बढी खोज गरिएमा अरू विवरण पाउन सकिने सम्भावना त छँदैछ ।

### १. सरदार कालु पांडेको वि. सं. १८४२ को गुठी–

दक्षिणकालीस्थानमा पाटीमा रहेको वि. सं. १८४२ को शिलालेखमा[1] सरदार कालु पाँडे र उनकी पत्नी सत्यभामालक्ष्मीले पाटी बनाएको, दक्षिणकालीलाई चाँदीको एक मुकुट, चाँदीको केतकी फूल ५ र सुनको टीका १ चढाएको कुरा लेखिएको छ । त्यहीं भनिएअनुसार ती भक्तदम्पतीले २० रुपियाँको गुठी राखी त्यसको ब्याजले वर्षेनी फागु पूर्णिमाको दिन दक्षिणकालीको पूजा गर्ने, दुइटा बोकाको बलि दिने, एकजना ब्राह्मण र ब्राह्मणीलाई भोजन गराई १ पैसा दक्षिणा दिनुपर्ने कुरा लेखिएको छ । यति कामको विचार गर्ने गुठियारका रूपमा लक्ष्मीदास जैसी, लक्ष्मीसिंह नेवार, लक्ष्मीधर नेवार र लतन्या (रत्न) ज्यापूको नाम पनि उक्त अभिलेखमा लेखिएको छ र उनीहरूले पाटीको जीर्णोद्धार गर्नुपर्ने कुरा पनि त्यहाँ लेखिएको छ ।

---

१. यो अभिलेखको पाठ परिशिष्टमा प्रस्तुत गरिएको छ ।

**२. ललितकुमारीको वि. सं. १८९५ को गुठी–**

दक्षिणकालीस्थानमा पाटीमा रहेको नेपाल संवत् ९५८ (वि. सं. १८९५) को नेवारी लिपिको शिलालेखबाट[1] यो गुठीबारे थाहा पाइन्छ। तीस हरपको यो अभिलेखमा श्री ५ राजेन्द्र र श्री ५ सुरेन्द्रको पालामा काठमाण्डू शहर किलागल टोलकी वासिन्दा ललितकुमारीले दक्षिणकालीमा चाँदीको कुनै गहना चढाई प्रतिवर्ष बोको बलि दिएर पञ्चोपचारले पूजा गर्नलाई केही जग्गा र १०१ रुपियाँको गुठी राखेको बयान लेखिएको छ। जग्गाको पैदावार र रुपियाँको ब्याजले उक्त गुठी चलाउनु साथै ललितकुमारीले आफ्ना दिवङ्गत मातापिता भाजुराज र अमृतलक्ष्मीको नाममा पिण्डदान (श्राद्ध) गर्ने र ३-३ जना ब्राह्मणब्राह्मणीलाई भोजन गराउने, आफू ललितकुमारी र पति हस्तवीर शाहको मृत्यु भएपछि मृत्युतिथिमा श्राद्ध गराउनुपर्ने कुरा पनि सो अभिलेखमा लेखिएको छ। यति गुठी सञ्चालन गर्ने गुठियारहरूको नाम, ठेगाना पनि अभिलेखमा लेखिएको छ ।

यस अभिलेखमा ललितकुमारीले हस्तवीर शाहलाई आफ्ना पति बताएकी छन्। अभिलेखमा नेवारी भाषाको प्रयोग भएको देख्दा चौतरिया खलकका मान्न सकिने हस्तवीर शाहले नेवार महिलासँग विवाह गरेको देखिन आउँछ।

**३. भुवनेश्वरीको वि. सं. १९०५ को गुठी–**

दक्षिणकालीस्थानमा रहेको एउटा ठूलो शिलालेखमा काजी रणजीत पाँडे, चन्द्रप्रभाकी छोरी भुवनेश्वरी र उनका पति अमृतसिंह थापाले वि. सं. १९०५ मा दक्षिणकालीलाई 'किंकिया' लागेको सुनको जलप भएको मुकुट, चाँदीको लहंगा, सुनको मोलम्वा भएको चँदुवा, दुई झण्डा, झारी र पित्तलको डमरु चढाएर फर्पिङ इलाकाको १।० खेत गुठी राखिएको विवरण लेखिदिएको छ।

गुठी राखिएको उक्त जग्गा भुवनेश्वरी (भुवनकुमारी) लाई श्री ५ को सरकारबाट दिइएको कुरा गुठी लगत अड्डामा रहेको वि. सं. १९०५ कै कागतबाट थाहा पाइन्छ।[2]

**४. कालुसिंह साहीको पूजा गुठी–**

सं. १९४४ को कागज (लालमोहर) बाट एक जना काजी कालुसिंह साहीले कुनै समयमा दक्षिणकालीमा पूजा गुठी राखेकोमा सं. १९०३ मा (राजनैतिक कारणले) जफत भएको र पछि त्यो फिर्ता गरिएको कुरा लेखिएको छ।

---

१. यो अभिलेखको पाठ परिशिष्टमा प्रस्तुत गरिएको छ।

२. यो कागत परिशिष्टमा प्रस्तुत छ।

यसबारे काजी कालुसिंह साहीले गुठी राखेको मूल प्रमाण पाइएको छैन र उक्त थमौतीको कागतमा पनि गुठीसम्बन्धी विवरण स्पष्ट छैन ।[1]

**५. सल्यानी महारानीको तोरणदिव्येश्वरीको वि. सं. १९७३ को गुठी–**

गुठी खर्च अड्डा कालमोचनमा प्राप्त वि. सं. १९७३ को कागतमा सल्यानी महारानी तोरणदिव्येश्वरीले आफ्नो कपन लसुनगाउँमा रहेको ४८ रोपनी जग्गा-मध्ये ९ रोपनी जग्गा दक्षिणकालीमा वर्षेनी दुई दशैंका महाअष्टमी (आश्विनशुक्ल अष्टमी र चैत्रशुक्ल अष्टमी) को दिन पर्वपूजा गर्न गुठी राखिदिएको उल्लेख छ। उक्त जग्गाबाट कुत आम्दानी हुने कोदो ५ मुरी १२ पाथी ४ माना र नगद आम्दानी ४ रुपियाँले उक्त दुई पर्वपूजा चलाउने व्यवस्था उक्त कागजमा गरिएको पाइन्छ।

उपर्युक्त कागतमा गुठीदाता महारानीले सो गुठी श्री ३ सरकारतर्फ गुठी अड्डामा दर्ता गरी गुठी चलाइपाऊँ भनी सरकारमा निवेदन गरी स्वीकृति पाएको कुरा पनि लेखिएको छ ।

**६. दक्षिणकालीमा वर्षबन्धन गर्ने गुठी–**

गुठी लगत अड्डामा रहेको व. ५३३ संख्याको लगतमा चौतरिया जङ्गप्रताप शाहले दक्षिणकालीस्थानमा तामामा सुनको मोलम्बा भएको ४ नागमा चँदुवा र झल्लर चढाई सोको वर्षबन्धन पूजा गर्न भक्तपुर छालीङमा साढे दुई रोपनी जग्गा गुठी राखेकोमा सो राजगुठीमा दर्ता गर्न उक्त दाताले सरकारमा निवेदन गरेको र सो स्वीकृत भएको कुरा सो लगतवाट थाहापाइएको छ । चौतरिया जङ्गप्रताप शाहले उक्त वर्णित कीर्ति राखी गुठी राखेको वि.सं. १९७६ को अभिलेख पनि दक्षिणकालीमै रहेको छ ।[2]

**७. दक्षिणकालीको जात्रामा पूजा गर्ने र श्राद्ध गर्ने गुठी–**

गुठी लगत अड्डामा रहेको सं. १९९५ को व. ३०६ नं. को लगतमा यो गुठीको विवरण परेको छ।[3] यो गुठीमा ५ मुरी खेत रहेको र यसको आम्दानी जम्मा धान दुई मुरी हुने र यसैवाट आश्विनकृष्ण नवमीको दिन हुने दक्षिणकालीको जात्रामा पूजा गर्ने, आश्विनकृष्ण एकादशीको दिन गुठी राख्ने मानिसको श्राद्ध गर्ने र त्यही दिन नारायणथानमा पनि पूजा चलाउने विवरण दिइएको छ। शुरूमा यो गुठी निजी रूपवाट राखिएको र पछि बेवारिसी हुन जाँदा सरकारले गुठी चलाउन थालेको कुरा उक्त लगतवाट थाहा पाइन्छ।

---

१. गुठी लगत अड्डा किताव नं. ३, क्रम संख्या–२३५ अनुसार ।
२. यो अभिलेख परिशिष्टमा राखिएको छ ।
३. यो लगत खण्डमा संख्या ३ मा प्रस्तुत गरिएको छ ।

८. **बडाकाजी पुष्पराज राजभण्डारीको नित्य पूजा गुठी–**

गुठी खर्च अड्डा कालमोचनमा रहेको कागतपत्रवमोजिम वि. सं. २०२९ जेठ ४ गते बडाकाजी पुष्पराज राजभण्डारीले दक्षिणकालीमा नित्यपूजा चलाउन गुठी राखिदिनुभएको छ। सो गुठी निजी तवरबाट राखिएको भए पनि स्वीकृति लिई त्यसलाई राजगुठीमा दर्ता गराइएकोले यस गुठीको सञ्चालन गुठी संस्थानले नै गरिआएको छ।

यो गुठीसम्बन्धी कागतमा प्रावधान भएवमोजिम एक वर्षको लागि जम्मा रू. ३८३।२५ खर्च गर्ने र सो अन्तर्गत प्रतिदिन पूजा गर्न रू. १।०५ को दरले पुजारी उजीरमानलाई महिना-महिना नगद जिम्मा दिने कुरा थाहा पाइन्छ। यस गुठी सञ्चालनको लागि मूल धन बैंकमा राखिएको छ र त्यसको ब्याजबाट उक्त किसिमले नित्यपूजा गरिन्छ।

माथि वर्णित निजी वा व्यक्तिगत गुठीहरू हाल कायम छन् वा छैनन् भन्ने बारेमा अनुसन्धान गर्न सकिएको छैन।

## २. दान-भेटी–

पीठमन्दिरहरूमा गुठी जस्ता स्थायी आर्थिक आधारबाहेक दान र भेटीका रूपमा नित्य आम्दानी पनि हुने गर्दछ। दक्षिणकाली जस्तो प्रख्यात र दर्शनार्थीहरूको ठूलो भीड भैरहने स्थानमा त दान-भेटीको रूपमा धेरै आम्दानी हुने तथ्य बुझ्न सकिन्छ।

तर यस्तो दान-भेटी हालसम्म पुजारी, द्योपालाहरूले आपसमा बाँडेर लिने गरेको बुझिन्छ। यस्तो आयबाट दक्षिणकालीकै पीठको स्थायी आम्दानी हुने स्रोतको रूपमा परिचालन गर्न सकेमा पीठको विकासमा थप आयाम बन्ने बुझ्न सकिन्छ। तर यस्तो व्यवस्था गर्दा परम्परादेखि दान भेटीबाट आफ्नो जीविका चलाइरहेका पुजारी, चौकीदार र द्योपालाहरूको लागि आर्को स्थायी बन्दोबस्त पनि गरिनुपर्ने देखिन्छ।

## ३. सम्पत्ति

**दक्षिणकालीका गहना र अरू सरसामान–**

गुठी लगत अड्डा भद्रकालीमा रहेको दक्षिणकालीको गरगहनासम्बन्धी लगत किताब खडा गरेको वि. सं. १९९१ मा हो भन्ने कुरा सो लगत किताबको शुरूको वक्तव्यबाट थाहा पाइन्छ। वि. सं. १९९१ मा खडा गर्न थालिएको सो लगत-

मा वि. सं. १९०३ देखि वि. सं. २०४५।१०।१६ सम्म दक्षिणकालीमा चढाइएका गहना आदिको जम्मा २४४५ वटा दर्ता (प्रविष्टि) रहेका छन्। यस सूचीमा प्रत्येक वस्तुको धातु, त्यसको मोल र कतिमा त्यसको चल्ती मूल्य र दाता समेत लेखिएको पाइन्छ ।

उक्त लगतमा वि. सं. १९०३ देखि चढाइएका गहनाहरूको विवरण परेको छ। तर सो मितिभन्दा अघि यहाँ चढाइएका गहनाहरूबारे यो लगतबाट थाहा पाउन सकिंदैन ।

यो लगतमा दर्ता भएका वस्तुहरू निम्नखालका देखिन्छन्–

१. **गहना**– सुनचाँदीको सिक्री, नरमुण्डमाला, किंकिया, कण्ठीमाला, पोते, तिलहरी, औंठी, कल्ली, मुन्द्री, नत्थ, टुकी, चुरी, फुली, बाला, पाउजेब, घुँगरा, पताहा, टीका, ढुंग्री, चौगेडी, कर्णपताका (हीरा, मानिक, पुष्पराज, पन्ना, मुगा, मोती, हरियो पत्थर आदि जडिएका समेत) र मुकुट इत्यादि ।

२. **धातुका पत्र, फूल र माला**– बेलपत्र, केतकीपत्र, पीपलपत्र, सुकन्दराज, चाँपो, गुनकेशरी, तुलसीपत्र, कमल फूल र पत्रहरूको माला ।

३. **रुपियाँ असरफी र रुपियाँको माला**– सुकी, मोहर, असरफी रुपियाँ र तिनको माला तथा सुनचाँदीका टुक्रा ।

४. **बुट्टाहरू**– बुट्टा काटिएका धातुका टुक्रा र अष्टमङ्गल बुट्टा ।

५. **आसा गुर्जा**– ध्वजा, छत्र, पङ्खा, मुजुरपङ्खा, चमर, पीरा आदि ।

६. **हतियार**– त्रिशूल, खड्ग, बाण ।

७. **पूजाका सरजाम**– छाप्री, दीयो, घण्टा, आरती, धुपौरो, अर्घ, जन्त्र, कलश, बलिपात्र, भिक्षापात्र, चन्दनखोरी आदि ।

८. **भान्साका सामान**– चुलेंसी, गाग्री, करुवा, लोटा, कसौंडी, कचौरा, रिकापी, थाली, घडा, गिलास, चिम्टा, भान्साका सरदाम हाल्ने कन्तुर आदि ।

९. **फुटकर**– खराउ, चन्द्रमा, नाग, डमरु, आसन, नागपाशको तोरण, पानबट्टा, नसदानी, बग्गी, हात्ती र पलङ आदि ।

गहनाको लगतबाट "गहना भाँडा जिम्मा लिने पुजारी गुठियार" का रूपमा पुजारी कर्माचार्य, चौकीपाला ज्यापूहरू र द्योपाला पोडेहरू रहेका देखिन्छन्। ज्यापूहरूलाई भण्डारेका रूपमा पनि त्यहाँ उल्लेख गरेको पाइन्छ ।[१]

तर सो लगतमा हालैका विवरणहरूमा फर्पिङका सम्बद्ध ज्यापूहरूले

---

१. गहना लगत, पृ. १३३।

दक्षिणकालीमा चढाइएका गहना गुठी संस्थानमा दर्ता गर्न ल्याई फिर्ता लगेका विवरण पनि परेका छन् ।

सोही लगतबाट गहना आदिको दर्तासम्बन्धी नियमको हामीलाई ज्ञान हुन्छ जसअनुसार "गहना भाँडा चढाएको मैन्हा लागेका ७ दिनभित्र दर्ता गर्न आउनुपर्छ । सो म्यादमा नआई म्याद नाघेपछि आएमा मोरू. २।– जरिवाना भै आउँछ ।"[१]

गहना र भाँडासम्बन्धी यो लगतबाट राजा र राजपरिवार, भारदार र सर्वसाधारण तथा कतैकतै गुठी अड्डाहरूबाट पनि गहना र भाँडाकुँडा चढाइएको थाहा पाइन्छ । धेरैजसो दर्तामा दाताको नाम पनि लेखिएको पाइनाले धेरै भक्तजनका नाम पनि थाहा पाउन सकिन्छ ।

यो लगत किताबमा धेरै ठाउँमा श्री ५ हरूबाट दक्षिणकालीमा चढाइएका गहनाहरूको विवरण लेखिएको पाइन्छ । यसका केही उदाहरण यहाँ दिइन्छन्–

१. "सुनको पात्रमा श्री ५ दछीणकालीप्रीती श्री ५ बांलीअहड जेठा महारानीबाट सुनको पात्र १ को तोला १९।७ को चढा यु कसैले लोभ गरे भने पंचमहापाप लाग्ला। सम्वत् १९३९ मिति मार्ग वदी ९ रोज १ मा शुभम् भन्ने अक्षेर काटेको हाकं तोला २०।५ को पात्र————————————१"
(गहना लगत, पृ. १२३ नं. ११५७) ।

२. "चांदीका सिक्रीमा चांदीको मोहर गोटा १२० र सुनको पीपल पात समेत १२१ भएको पीपल पातमा सम्वत् १९४० साल मिति जेष्ट वदी ३० रोज ३ मा श्री दषींकालीप्रीति गरी स्वस्ती श्री गिरीराजचक्रचुडामणीनरनारायणेत्यादीविविधवीरूदावलीबीराजमान भान्नोन्नत श्री मन्माहाराजधिराज श्री ५ पृथीबीबीरबिक्रंसाहादेवबाट चढाइवक्सेको मोहरमाला १ को मोहरू ६० सिक्री तोला ११।३।५ सुनको पिपल पाता १ के तो. २।.।२ शुभम् भन्ने अछेर काटेको हरकं तोला ७ का मोहरमाला ।" (पृ. १२९ नं. १२६४)

३. लगत किताब पृ. ४ नं. १९ मा "माघ २८ गतेका दिन श्री ५ महाराजधिराजबाट चढाई बक्सेको चांदीको डवल मोहर १०८ र बीचमा चांदीकै पीपलपात १ समेत जम्मा १०९ चांदीकै सिक्रीमा उनीइयांको स्व(सो) पिपलपातमा श्री स्वस्तीश्री गीरीराजचक्रचुडामणीनरनारायणेत्यादिविविध (बिरूदा) वलिबीराजमान मानोन्नत श्रीभन्माहाराजधिराज श्रीश्रीश्री महाराजा त्रिभुवन बीरबिक्रम जंगबहादुर साहबहादुर सम्सेर जंगदेवानाम सदासमरबिजइनामबाट

---

१. गहना लगत, पृ. १३३ ।

चढायाको १०८ रूपैयाको माला सम्बत १९७० साल माघ पूर्णीमा माघ २८ गते रोज ३ मा ४४।८।८ भन्ने अक्षेर काटेको चांदीको सिक्री उनेको पीपल-पात समेत १०९ उनीयाको कंपनी तोला १६३ येकसये त्रीसट्ठीको मोहर माला येक,"

४. "२०२९ साल माघ महिनामा श्री इष्टदेवता दक्षिणकालीप्रिति सुनको छेप्या वुट्टा भएको चांदीको कंठी माला १ हामी श्री ५ जीज्यू मुमा वडामहारानी कान्तीराज्यलक्ष्मी बाट चढा यू २०२९ भन्ने पछाडी अक्षर काटीएको दायां वाया चादीको सिक्री अगाडी दाया बाया फुलको हांगा बीचमा सुनको छिप्रको मूर्ति भएको कंठीमाला १ जम्मा तौल २१।४ सुन अन्दाजी ।५ मासा चांदी कं.तो.दर मोरू ९। नौ सुन तोला दर ४००।– जाने ।"

(गहना लगत, पृ. २६७)

दक्षिणकालीमा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट पनि वि. सं. २०३२, वि. सं. २०३३, वि. सं. २०४३, वि. सं. २०४४ र वि. सं. २०४५ मा विभिन्न खालका गहनाहरू चढाइवक्सेका विवरण उक्त लगतमा परेका छन् ।

कुनै देवमन्दिरमा चढाइएका यति धेरै गहना र भाँडाकुँडाको सन्दर्भ पाइनु महत्त्वपूर्ण छ। यो सन्दर्भले एकातिर दक्षिणकालीप्रति जनताको भक्ति र विश्वास स्पष्ट हुन्छ भने आर्कोतिर यस्तो वहुमूल्य सम्पत्तिको उचित प्रयोग (देवीमा लगाइदिने वा उपयोग गर्ने) र सुरक्षासम्बन्धी कुरा पनि उठाएको छ। यस पक्षवारे पनि उचित ध्यान जानु आवश्यक छ ।

## ४. दक्षिणकाली पुजारी र सेवकवर्ग

वर्तमान समयमा दक्षिणकालीस्थानमा पुजारीको रूपमा कर्माचार्य थरका नेवारहरू रहेका छन् ।[1] एक स्रोतअनुसार दक्षिणकालीको पुजारी निम्न ६ जना छन–

१. मूलपुजारी– सूर्यमान कर्माचार्य
२. शंकरमान कर्माचार्य
३. तीर्थमान कर्माचार्य
४. प्रकाशमान कर्माचार्य
५. ज्ञानुमान कर्माचार्य
६. ललितमान कर्माचार्य

---

१. गुठी खर्च अड्डाका हाकिम श्री गिरिधारी भट्टज्यूबाट ज्ञात ।

तर फर्पिङमा विभिन्न व्यक्ति र एक जना पुजारी (ललितमान) बाट ज्ञात भएअनुसार मूलपुजारी सूर्यमान, शंकरमान र ललितमानले मात्रै हाल पुजारीको दायित्व सह्यालेका छन् ।[१]

यो पीठमा कर्माचार्य पुजारी कहिलेदेखि भएका हुन् भन्ने बारेमा स्पष्ट प्रमाण पाइँदैन' तर राजा प्रताप मल्लको समयमा यो पीठको स्थापना गरेको मानेमा त्यस समयदेखिको चलनअनुसार कर्मकाण्डीवर्गका कर्माचार्यहरू यहाँ पुजारीका रूपमा सम्बद्ध हुन थालेको हुनुपर्दछ । वि. सं. १८९८ को सरकारी कागतमा पनि दक्षिणकालीसँग सम्बद्ध व्यक्तिहरूमा 'धीर्जुनारान अचार' को उल्लेख पाइनाले यिनको यस पीठसँग पुरानो सम्बन्ध देखिन्छ ।

दक्षिणकालीका पुजारी कर्माचार्यहरूको खान्कीबारे स्पष्ट तथ्य थाहा पाउन सकिएको छैन । गुठी संस्थानका हाकिमहरूको भनाइमा जग्गाका तिर्जा यी पुजारीहरूले पाउने गरेका छन्, त्यही नै उनीहरूको पारम्परिक खान्की हो । तर एक जना पुजारीसँग यसबारे सोधपूछ गर्दा खान्की केही नभएको बताएका र केही दशकअघिसम्म पुजारीलाई वार्षिक ८ मुरी धान पाइन्थ्यो जो अचेल कायम रहेको छैन भन्ने सुनियो ।[२]

परम्पराका हरेक कुरामा विकृति आएजस्तै दक्षिणकालीका पुजारीहरूमा पनि तान्त्रिक परम्परा उच्च तहमा जीवित छ भन्न सक्ने स्थिति छैन । यी कर्माचार्य-हरूमा तान्त्रिक परिपाटीको शिक्षा, दीक्षा र साधनाको अभाव नै देखिन्छ । यस पक्षबारे विस्तृत रूपले अनुसन्धान गरी समयोचित व्यवस्था गर्नुपर्ने अनुभव सबैले गरेका हुन् ।

दक्षिणकालीका पुजारी कर्माचार्यसँग यी महर्जनहरू आ-आफ्नो पालो-बमोजिम रूजु रहेर विभिन्न रूपमा पुजारीको सहयोग गर्दछन् र बलि चढाउन ल्याएका बोका, कुखुरा, हाँस काट्ने काम गर्दछन् ।

द्योपाला (पोडे) हरूसँग मिलेर महर्जनहरू पीठको रक्षा गर्ने काम पनि गर्दछन् । जम्मा ६ जनाले राती पीठको रक्षा गर्ने काम गर्दछन् भन्ने कुरा पनि थाहा पाइएको छ ।

---

१. यो कागत परिशिष्टमा प्रस्तुत गरिएको छ ।

२. श्री गणेशलाल मानन्धरको भनाइमा पुजारीहरूको खान्की जग्गासम्बन्धी कागतपत्र छन् तर ६२ हरण (वि. सं. १८६२ मा भएको बिर्ता उन्मूलन) को समयमा हरण भएको र सट्टा जग्गाको रूपमा इपा माल्टामा जग्गा दिइएको थियो । त्यहाँबाट पनि तिर्जा आउने कुरै छैन ।

गुठी लगत अड्डामा रहेको ब. ४७९ संख्याको लगतमा वि. सं. १८९८ माघ सुदी २ मा भएको लालमोहरको उद्धरणअनुसार देवीस्थानमा पालो बस्नेहरूको खान्कीको उल्लेख भएकोमा आठ जना ज्यापू र पोडेहरूको उल्लेख पाइनाले त्यसै समयदेखि वा त्योभन्दा अघिदेखि महर्जन (ज्यातू) हरूको सम्बन्ध यो पीठसँग रहिआएको देखिन्छ ।

महर्जन (ज्यापू) हरूले देवीका गहनाहरूको जिम्मा लिइआएको पनि थाहा पाइन्छ ।

दक्षिणकालीस्थानसँग कर्माचार्य र महर्जनपछि पोडेहरू पनि सम्बद्ध रहेका देखिन्छन् । पोडेहरूले आ-आफ्नो पालोबमोजिम पीठमा रूजु रहेर विविध सेवा गर्दछन् र खास गरी पीठको सुरक्षा रात र दिन दुवै समय गर्दछन् ।

गुठी लगत अड्डामा रहेको ब. ४७९ संख्याको लगतमा वि. सं. १८९८ माघ सुदी २ को लालमोहरको जुन उद्धरण पाइन्छ सो अनुसार आठ जना ज्यापू र पोडेहरूले पीठमा पालो बस्ने र सोको खान्की 'सेवा बिर्ता' जग्गाको बन्दोबस्त भएको पाइनाले यी पोडेहरूको यो पीठसँगको प्राचीनता थाहा पाइन्छ ।

काठमाण्डू उपत्यकाका पुराना शक्तिपीठहरूको परम्पराअनुसार यहाँ पनि पोडेहरू द्योपाला राख्ने गरिएको देखिन्छ ।[1]

माथि चर्चित कर्माचार्य पुजारीहरू, चौकीदार र द्योपाला महर्जन र पोडेहरू नेपालको एक अत्यन्त लोकप्रिय पीठसँग सम्बद्ध भएर त्यहाँ चढाइएका रुपियाँ-पैसा आपसमा बाँडचुँड गरेर आफ्नो जीवन धान्दछन् । उनीहरूको आम्दानी-को स्रोतमध्ये देवीमा बलि चढाइने प्रत्येक जन्तुको गर्दन पाउने प्रथामा प्रतिगर्दनको सट्टा पाँच रुपियाँ लिने गर्दछन् ।

दक्षिणकाली पीठको विकासं गर्दा पुजारीहरूको राम्रो व्यवस्था गरिदिने हो भने उक्त चौकीदार द्योपाला महर्जन र पोडेहरू बारेमा पनि समयोचित सेवा र कामकर्तव्यको व्यवस्था हुनुपर्ने अनुभव गरिन्छ ।

---

१. श्री गिरिधारी भट्टज्यूको भनाइमा शाक्त कर्मकाण्डमा 'मातंग' जातकी कन्या वा स्त्रीको पनि पूजा गर्ने चलन पाइने आधारमा यी 'मातंग' वा पोडेहरूको सम्बन्ध शाक्तपीठहरूमा रहेको हुनुपर्दछ ।

# ४. श्री दक्षिणकालीको उपासनापद्धति

## १. दक्षिणकालीसम्बन्धी साहित्य (शास्त्र)

वैदिक र पौराणिक परम्परामा शक्तिदेवीका विभिन्न रूपको वर्णन र उपासनाका रूपबारे उल्लेख पौराणिक साहित्यमध्ये उपपुराणवर्गमा पर्ने कालिका-पुराणमा अनेक शक्तिदेवीहरूको र देवीभागवतमा अनेक देवीहरूको उपासनाविधि र फल आदिको वर्णन पाइन्छ । विशाल तान्त्रिक साहित्यमा कालीका अनेकन् रूपहरूका साथै दक्षिणकालीको उपासनाबारे अति विस्तृत र जटिल पद्धतिको वर्णन पाइन्छ ।

काली वा दक्षिणकालीको वर्णन कुन कुन ग्रन्थमा भएको छ भन्नेबारे विस्तृत रूपमा वर्णन गर्न गाह्रो छ तर संक्षेपमा भन्ने हो भने यिनको उपासना र माहात्म्य-बारे मुण्डमालातन्त्र, कुमारीतन्त्र, भैरवतन्त्र, संकेततन्त्र, कालीतन्त्र, भैरवीतन्त्र, तन्त्रान्तरतन्त्र, कालीक्रम, मेरुतन्त्र, मत्स्यसूक्त, वीरतन्त्र, शक्तिसगमतन्त्र, फेत्का-रिणीतन्त्र, त्रिशक्तिरत्नाकर, स्वतन्त्रतन्त्र, साधनसमुच्चय, भैरवयामल, वीर-चूडामणि, श्रुतिसिद्धान्ततन्त्र, भावचूडामणितन्त्र, महाकालसंहिता, कालीकुलार्णव-तन्त्र, निरुत्तरतन्त्र, महानिर्वाणतन्त्र, कालानलतन्त्र आदिमा वर्णन भएको पाइन्छ। यी तान्त्रिक ग्रन्थमध्ये धेरै अप्रकाशित रूपमा रहेका छन् ।

यस्ता तान्त्रिक ग्रन्थ अझै पनि नेपाल र भारतका कुना-कुनामा धेरै-जसो व्यक्तिगत संग्रहमा र केही सरकारी र गैरसरकारी पुस्तकालयहरूमा रहेका छन्! ती सबैको खोजमेल गरेर काली वा दक्षिणकालीबारे राम्ररी अनुसन्धान गर्ने हो भने आश्चर्यचकित पार्ने सामग्री र उपासनापद्धतिबारे थाहा पाउन सकिने अन्दाज गर्न सकिन्छ ।

जस्तो, काली र दक्षिणकालीसम्बन्धी तान्त्रिक ग्रन्थहरू राष्ट्रिय अभि-लेखालय नेपालमा पनि थुप्रै छन् भन्ने कुरा त्यहाँबाट प्रकाशित 'संक्षिप्त सूचीपत्र' र 'बृहत्सूचीपत्र'हरूको अवलोकनबाट थाहा हुन्छ ।

राष्ट्रिय अभिलेखालयको 'संक्षिप्तसूचीपत्र'मा कालीसम्बन्धी निम्न ८४ ग्रन्थहरूको नामावली पाइन्छ–

१. कालिकाकवचम्
२. कालिकाकुलपञ्चक्रमार्चनम्
३. कालिकाकुलपञ्चशतम्
४. कालिकाकुलसद्भावः
५. कालिकाकुलक्रमसद्भावः
६. कालिकादण्डकस्तोत्रम्
७. कालिकानिर्भयकवचम्
८. कालिकापुराणन वरात्रपूजादिप्रकीर्णयन्त्राणि
९. कालिकापुराणनवरात्रपूजादिप्रकीर्णयन्त्राणि
१०. कालिकापुराणोक्तत्रिपुराकवचम्
११. कालिकापूजा
१२. कालिकापूजापद्धतिः
१३. कालिकामन्त्रन्यासविधिः
१४. कालिकाया न्यासः
१५. कालिकावर्षवर्धनविधिः
१६. कालिकाष्टकम्
१७. कालिकासहस्रनामस्तोत्रम्
१८. कालिकासहस्रनामस्तोत्रम् (महाकालसंहितोक्तम्)
१९. कालिकास्तवराजः
२०. कालिकास्तुतिः
२१. कालिकास्तोत्रम्
२२. कालिकास्तोत्रम् (कालिकाकुलसर्वस्वोक्तम्)
२३. कालिकास्तोत्रसंग्रहः
२४. कालिकोपनिषद्
२५. कालीकञ्चुकम्
२६. कालीकञ्चुकादि गुह्यस्तोत्रयन्त्रपूजासंग्रहः (वेदसिद्धान्ततन्त्रोक्तः)
२७. कालीकल्पः
२८. कालीकवचम् (करवीरयागोक्तम्)
२९. कालीकवचद्वयम्
३०. कालीकवचसंग्रहः
३१. कालीकवचसंग्रहः
३२. कालीकामकलापूजा (रुद्रयामलीया)

३३. कालीकुलक्रमः (करवीरयागोक्तः)
३४. कालीकुलक्रमः
३५. कालीकुलक्रमः (पश्चिमरहस्ये)
३६. कालीकुलक्रमषोढान्यासः (हेमतन्त्रोक्तः)
३७. कालीकुलक्रमषोढान्यासपूजादि (हाहारावतन्त्रोक्तम्)
३८. कालीकुलक्रमार्चनम्
३९. कालीकुलाकुलसद्भावे होमविधानम्
४०. कालीकुलार्णवः
४१. कालीजगन्मङ्गलकवचम्
४२. कालिकास्तवम्
४३. कालीतत्त्वे आचारप्रदीपः
४४. कालीतत्त्वे प्रायश्चित्तविधिः
४५. कालीतन्त्रम्
४६. कालीतन्त्रोक्तः प्रायश्चित्तविधिः
४७. कालीतीर्थमाहात्म्ये रक्तबीजवधोपाख्यानम
४८. कालीयक्षरी
४९. कालीनित्यपूजाविधिः
५०. कालीनिर्वाणपूजा
५१. कालीपञ्चक्रमषोढान्यासः
५२. कालीपद्धतिः
५३. कालीपूजा
५४. कालीपूजापद्धतिः (सर्वज्ञतन्त्रन्यासहिता)
५५. कालीपूजाविधिः
५६. कालीपूजाहोमादिविधिः
५७. कालीपूजासंक्षेपः
५८. कालीप्रस्तावः
५९. कालीभुजङ्गप्रयातस्त्रतोम् (महाकालसंहितोक्तम्)
६०. कालीमन्त्रमहार्णवः
६१. कालीबलिविधिः
६२. कालीशतनामस्तोत्रम्
६३. कालीशीतलास्तोत्रादिसंग्रहः
६४. कालीसंक्षेपपूजाविधिः

६५. कालीस्तवः
६६. कालीस्तोत्रम्
६७. काल्यष्टकम्
६८. काल्यष्टोत्तरशतनाम
६९. काल्या जगन्मङ्गलकवचम्
७०. कामकलाकालीकवचम्
७१. कामकलाकालीदूतीयागविधिः
७२. कामकलाकालीनित्यार्चनम्
७३. कामकलाकालीपूजा
७४. कामकलाकालीपूजापद्धतिः
७५. कामकलाकालीपूजाविधिः
७६. कामकलाकालीप्रातःकृत्यादि
७७. कामकला (काली) मन्त्रभेदः
७८. कामकलाकालीमन्त्रवर्णनम्
७९. कामकलाकालीमालामन्त्रोद्धारः
८०. कामकलाकालीमृत्युञ्जयप्राणनामायुताक्षरी
८१. कामकलाकालीमृत्युञ्जयप्राणायुताक्षरीमन्त्रोद्धारः
८२. कामकलाकालीविधिः
८३. कामकलाकालीसहस्रनामस्तोत्रम्
८४. कामकलाकालीसहस्राक्षरीमन्त्रोद्धारः ।[1]

राष्ट्रिय अभिलेखालयमै दक्षिणकालीसम्वन्धी निम्न २० ग्रन्थहरू रहेका देखिन्छन्[2]

१. दक्षिणकालिकापद्धतिः
२. दक्षिणकालिकार्चनविधिः
३. दक्षिणकालिकाष्टकम्
४. दक्षिणकालिकोपनिषत्
५. दक्षिणकालीकवचम्
६. दक्षिणकालीकवचम्

---

१. संक्षिप्तसूचीपत्रम्– बुद्धिसागर शर्मा, वीर पुस्तकालय, वि. सं. २०२० पृ. १८, २०-२२।
२. संक्षिप्तसूचीपत्रम्, पृ. ५९।

७. दक्षिणकालीनित्यपूजाविधिः
८. दक्षिणकालीपञ्चाङ्गम्
९. दक्षिणकालीपुरश्चरणविधिः
१०. दक्षिणकालीपूजाप्रयोगसंग्रहः
११. दक्षिणकालीभुजङ्गप्रयातस्तोत्रम्
१२. दक्षिणकालीमन्त्रम्
१३. दक्षिणकालीविधानम्
१४. दक्षिणकालीशतनाम
१५. दक्षिणकालीषोढान्यासः
१६. दक्षिणकालीसहस्रनाम
१७. दक्षिणकालीसहस्राक्षरमन्त्रोद्धारः
१८. दक्षिणकालीसहस्राक्षरी
१९. दक्षिणकालीस्तोत्रम्
२०. दक्षिणकाल्ययुताक्षरी ।

हालसाल काली वा दक्षिणकालीको उपासनासम्बन्धी एकसरो संग्रह ग्रन्थको रूपमा 'शाक्तप्रमोद'को निकै लोकप्रियता रहेको छ। शिवहर राज्यका राजा देवनन्दन सिंह बहादुर र उनका राजगुरु श्री रघुराज दुवेजीद्वारा संग्रह गरिएको सो ग्रन्थको एक खण्डमा ११९ पृष्ठमा कालीसम्बन्धी अति आवश्यक कुरा र पञ्चाङ्ग-को प्रकाशन भएको पाइन्छ ।[1]

नेपालका श्री ५ प्रतापसिंह शाहद्वारा संकलित गरिएको 'बृहत्पुरश्चर्या-र्णवः'मा पनि विस्तृत रूपमा दक्षिणकालीको उपासनापद्धतिबारे लेखिएको छ ।

शाक्त र काली परम्परा र उपासना तथा अन्य कुराका लागि 'कल्याण' पत्रिकाका अनेकन् अंक र खास गरी 'कल्याण-शक्ति-अङ्क' वि.सं. १९९९, 'कल्याण शक्ति-उपासना अंक' ई. १९८७, 'कल्याण उपासना अंक' वि. सं. २०२४ आदि महत्त्वपूर्ण छन् ।

तान्त्रिक सिद्धान्त र काली उपासना विषयमा नेपालका प्रसिद्ध तान्त्रिक श्री धनशमशेर जंगबहादुर राणाले पनि 'निगमागमवैज्ञानिकसारः' र 'प्रबुद्ध-सनातनरहस्यम्' आदि ग्रन्थ लेख्नुभएको छ ।

---

१. कालीतन्त्रम्, शाक्तप्रमोदः, श्री कृष्णदास खेमराज श्री वेङ्कटेश्वर प्रेस मुम्बई, वि. सं. १९५० द्वितीयावृत्तिः पृ. १–११९ ।

## २. श्री दक्षिणकालीको उपासनाका किसिमहरू वा स्तरहरू

### "कलौ काली"

कलियुगमा काली-दक्षिणकालीको उपासना गरेर मात्र इच्छा गरेको कुरा पूरा हुने र मोक्षसम्म पाउन सकिन्छ भनेर तन्त्रशास्त्रहरूमा ठोकुवा गरेर भनिएको पाइन्छ–

कलियुगमा काली, कलियुगमा काली, कलियुगमा काली मात्रै हुन्छिन् ।

जसको साधना कालनाथ (महाकाल) ले पनि गरेका हुन् त्यस्ती काली कलियुगमा पनि साधकलाई प्रत्यक्ष दर्शन दिन्छिन् ।

कलियुगमा कालीलाई छोडेर कसैले मोक्ष पाउने इच्छा गर्दछ भने त्यो मानिस भोजन नगरेरै भोक मेटाउन चाहन्छ ।

कालीलाई छोडेर कसैले कलियुगमा शान्ति चाहन्छ भने त्यो जाडो भगाउन हिमालतिर जाने गर्दछ ।

श्री महाकाली कलियुगमा पूरापूर फल दिनेछन् । जानेर वा नजानेर वा हेला गरेर पनि एकैपल्ट कालीलाई सम्झियो भने सिद्धि पाइन्छ ।[1]

यसरी कलियुगमा काली (महाकाली-दक्षिणकाली) को उपासनाको माहात्म्य बताइएको पाइन्छ ।

काली अथवा कुनै पनि देवताको उपासना वैदिक, पौराणिक र तान्त्रिक पद्धतिबाट गरिन्छ । शक्ति र शैव उपासना खास गरी तान्त्रिक पद्धतिबाट गरिने हुनाले त्यस पद्धतिअनुसार पाशव, वीर र दिव्य तीन तहबाट उपासना गरिन्छ । पाशव अथवा पश्वाचारलाई अधमोपासना, वीराचारलाई मध्यमोपासना र दिव्याचारलाई उत्तमोपासना मानिन्छ ।[2] यसो हो तापनि उक्त तीनै उपासनाको आ-आफ्नो स्थानमा महत्त्व मान्न सकिन्छ किनभने पश्वाचारले ज्ञानसिद्धि, वीराचारले क्रियासिद्धि हुन्छ र साक्षात् शिवशिवा स्वरूप हुन्छ र दिव्याचारले देवताजस्तै क्रियाशील हुन सकिन्छ ।[3]

तर वर्तमान समयमा तान्त्रिक परम्परा लुप्तप्रायः भएको अवस्थामा योग्य गुरुको निर्देशन पाउन दुर्लभजस्तै हुन गएकोले साधना गर्न चाहने व्यक्तिले मन्त्र, स्तोत्र र यन्त्र तथा मूर्तिपूजाकै माध्यमबाट साधना शुरू गरी स्वाध्याय र मननबाट तह बढाउँदै जानुपर्ने हुन आउँछ ।

---

१. बृहत्पुरश्चर्यार्णवः तृतीयखण्ड पृ. ५ ।

२. यसबारेमा माथि भूमिकामा चर्चा गरिएको छ ।

३. रामदास गौड– हिन्दुत्व, काशी सं. १९९५ पृ. ७२२ ।

कालीको उपासना गर्न चाहनेले पहिले त गुरु खोज्ने, मन्त्र जुराउने, दीक्षा लिने र मन्त्र चतुर्थी गर्ने जस्ता काम पहिले गर्नुपर्दछ। साधकलाई ज्यादै नै भक्ति भएमा र गुरु नभएमा दक्षिणामूर्तिलाई गुरु मानी मन्त्रको पूजाआजा गरी जप्न थाल्ने परम्परा पनि पाइन्छ तर स्वयं लाग्नेले सम्बद्ध साहित्यको प्रचुर स्वाध्याय गर्नु अत्यन्त आवश्यक हुन्छ।

मन्त्र लिएपछि पुरश्चरण (मन्त्र जप्ने) र अनुष्ठान (पूजा र थोरै जप) गर्न थाल्नुपर्दछ। केही दिन जप गरेपछि वा पहिले नै मन्त्र र मालाको संस्कार गर्नु आवश्यक हुन्छ। मन्त्रका दश संस्कारहरू– १. जनन, २. दीपन, ३. बोधन, ४. ताडन, ५. अभिषेक, ६. विमलीकरण, ७. जीवन, ८. तर्पण, ९. गोपन र १० आप्यायन[1] विधिसाथ गर्नुपर्दछ अनि मन्त्र तेजिलो हुन्छ। मन्त्रहरूमा छिन्न, शक्तिहीन आदि ५० दोष हटाउन संस्कार गर्नु आवश्यक मानिन्छ।

मन्त्रको निश्चित जप (एक लाख) सिध्याएपछि जपसंख्याको दशांश हवन, हवनको दशांश तर्पण, तर्पणको दशांश मार्जन, मार्जनको दशांश ब्राह्मण-भोजन गराउनुपर्ने हुन्छ। सके बटुककुमारीको पूजा र भोजन हुनुपर्दछ अथवा हवन आदिको साटो दशांशको दोब्बर मन्त्र जपे पनि हुने उपाय पाइन्छ।

मन्त्र जप्दा देवताको पूजन अथवा धारण यन्त्र पनि राख्नु आवश्यक हुन्छ तर त्यस यन्त्रको संस्कार, प्रतिष्ठा, शोधन र यन्त्र गायत्री मन्त्रको जप पनि गर्नु आवश्यक हुन्छ। यन्त्रमै देवताको नित्यपूजा गरिन्छ।

मन्त्रजप साथै देवताको पञ्चाङ्ग (कवच, हृदय, शतनाम, सहस्रनाम र उपनिषद्) को पाठ र मनन गर्नु आवश्यक हुन्छ।

यहाँ काली-दक्षिणकालीको उपासना गर्दा काम लाग्ने कुराहरू र मन्त्रबारे संक्षिप्त चर्चा गरिन्छ।

**मन्त्रको माहात्म्य–**

दक्षिणकालीको उक्त मन्त्र 'द्वाविंशत्यक्षरी विद्या' (बाईस अक्षरको विद्या) भनिन्छ। यो मन्त्र जप्न जुराउनुपर्ने, जप गर्ने साइत हेर्नुपर्ने, धेरै धन खर्च गर्नुपर्ने, युगअनुसार चार गुना जप गर्नुपर्ने, शरीरलाई कष्ट दिनुपर्ने आदि कुनै बन्धन छैन। यो 'अनिरुद्धसरस्वती' (पठनपाठनमा सिद्धि दिने) विद्याको जप गर्ने साधकलाई सबै किसिमको सिद्धि (सफलता) प्राप्त हुन्छ, शत्रुहरू तेजोहीन हुन्छन्, ठूलाठूला मानिसहरू पनि वशमा हुन्छन्, यहाँसम्म कि आगोलाई चीसो पार्न सक्दछ, रातलाई

---

१. कल्याण, उपासना अंक वि. सं. २०२४ वर्ष ४२ सं. १ पृ. २२४-२५।

दिन, दिनलाई रात बनाउन सक्दछ भन्ने तान्त्रिक ग्रन्थहरूमा विस्तृतरूपले माहात्म्य बताइएको पाइन्छ ।[1]

**दक्षिणकालीको ध्यान–**

कालीतन्त्रअनुसार कालीको स्वरूप यस्तो हुन्छ– "शवारूढां महाभीमां घोरदंष्टां हसन्मुखीम् । चतुर्भुजां खड्गमुण्डवराभयकरां शिवाम् ।। मुण्डमालाधरां देवीं ललज्जिह्वां दिगम्बराम् । एवं सञ्चिन्तयेत् कालीं श्मशानालयवासिनीम् ।"

शव (मुर्दा) माथि चढेकी, एकदम डरलाग्दी, दाह्रा भएकी, हँसिलो मुहार भएकी, चार हात भएकी, खड्ग-मुण्ड (टाउको)- वरमुद्रा र अभयमुद्रा लिएकी, मुण्डहरूको माला लगाएकी, जिभ्रो लप्लपाइरहेकी, नाङ्गी र मसानमा बस्ने यस्ती कालीको ध्यान गर्नुपर्छ ।

कालीको ध्यान गर्नाका विभिन्न फल पनि बताइएका पाइन्छन् ।

एक ठाउँमा– नागको जनै लगाएकी, अर्धचन्द्र शिरमा धारण गरेकी र चुल्ठो कोरेर महाकालको नजीकै जान लागेकी यस्ती कालीको ध्यान गऱ्यो भने जीवन्मुक्ति र मोक्ष पनि पाइन्छ भनिएको छ ।[2]

**शापोद्धार–**

तान्त्रिक ग्रन्थहरूमा सात करोड मन्त्रहरू (सप्तकोटिमहामन्त्र)को उल्लेख पाइन्छ र प्रायः सबै मन्त्रहरूमा शाप लागेका हुन्छन्, यसैले मन्त्र जप्नुभन्दा पहिले शापमोचनको मन्त्र जप्नुपर्दछ वा विधि गर्नुपर्दछ भन्ने विवरण पाइन्छ । यसैगरी दक्षिणकालीको मन्त्र जप्दा पहिले शापमोचन गर्दा यस्तो मन्त्र जप्नुपर्ने तान्त्रिक विधान पाइन्छ–

ॐ घोरदक्षिणे सिद्धिं कुरु कुरु कालिके ।
ममाभीष्टंफलं शीघ्रं देहि द्रविणसम्पदम् ।।[3]

मन्त्र जप्न शुरू गर्दा र सिध्याउँदा यो मन्त्र जपेपछि शापमोचन भई मन्त्रसिद्धि हुने विश्वास गरिन्छ ।

---

१. बृहत्पुरश्चर्यार्णवः तृतीयखण्डः पृ. ४-५, कालीतन्त्र पृ. ६-७ ।

२. अथ ध्यानं प्रवक्ष्यामि निशामय परात्मिके । यस्य विज्ञानमात्रेण जीवन्मुक्तो भविष्यति ।। नागयज्ञोपवीताञ्च चन्द्रार्द्धकृतशेखराम् । जटाजूटाञ्च सञ्चिन्त्य महाकालसमीपगाम् ।। एवं न्यासादयः सर्वे ये प्रकुर्वन्ति मानवाः । प्राप्नुवन्ति च ते मोक्षं सत्यं सत्यं वरानने ।। शाक्तप्रमोद, कालीतन्त्र कालीहृदयम् ।।

३. बृहत्पुरश्चर्यार्णवः तृतीयखण्डः, पृ. ८, श्री गुरु लोकनाथ रेग्मीको मतमा दक्षिण-कालीको शापमोचन मन्त्र यस्तो हुन्छ– ॐ घोररूपे सिद्धिं कुरु कुरु दक्षिण-कालिके ममाभीष्टं फलं शीघ्रं देहि देहि देहि नाशं पदं क्रीँ क्रीँ क्रीँ ।।

**दक्षिणकालीका केही मुख्य मुख्य मन्त्र–**

१. दक्षिणकालीको बीजमन्त्र क्रीँ हो । कुलक्रमागत वा खुशीले दीक्षा लिंदा यही बीजमन्त्र सुनी जप गरिन्छ ।

२. दक्षिणकालीको मुख्य र प्रसिद्ध मन्त्र बाईस अक्षरको हुन्छ–
क्रीँ क्रीँ क्रीँ ह्रीँ ह्रीँ हूँ हूँ दक्षिणकालिके
क्रीँ क्रीँ क्रीँ ह्रीँ ह्रीँ हूँ हूँ स्वाहा ॥[1]

कुनै मन्त्र जप्दा प्रणव (ॐकार) को आदिमा अवश्य उपयोग गर्नुपर्दछ । कसैकसैको मतमा ॐकारको अन्त्यमा पनि प्रयोग गर्नुपर्दछ । मन्त्रको सिद्धिको लागि मन्त्रको बीचमा पनि ॐकारको प्रयोग गर्नुपर्ने कुरा कोही बताउँछन् । तान्त्रिक मन्त्रहरूमा शुरूमा एकपल्ट मात्र ॐकारको प्रयोग गरे हुन्छ भन्ने मत पनि सुनिएको छ ।

**सबै सिद्धि दिने मन्त्र–**

ह्रीँ ह्रीँ हूँ हूँ क्रीँ क्रीँ क्रीँ दक्षिणकालिके क्रीँ क्रीँ क्रीँ हूँ हूँ ॥
यो मन्त्र बेलको वा वरको बोटमुन्तिर शवमाथि बसेर जप्नुपर्दछ ।[2]

**मारण मन्त्र–**

क्रीँ दक्षिणकालिके स्वाहा ॥
यो मन्त्र दश हजार जपेपछि कालीसहस्रनाम जप्नुपर्दछ ।[3]

तान्त्रिक उपासनामा षट्कर्म (मारण, मोहन, वशीकरण, उच्चाटन, स्तम्भन जृम्भण) को प्रयोग पाइन्छ तर यिनको उपयोग भौतिक प्रयोग र आध्यात्मिक उपयोगको लागि गर्न सकिन्छ । यिनको प्रयोग आफैंलाई गरेर अनुशासित गर्नु एउटा लक्ष्य हुन सक्छ भने आर्को चाहिं शत्रुलाई मारण (मार्ने) प्रयोगमा हुन सक्दछ । तर यस्तो कडा प्रयोग सकेसम्म नगर्ने चेतावनी शास्त्रहरूमा दिइएको पाइन्छ ।

---

१. कुनै तन्त्रमा यस्तो रूप पनि देखिन्छ–क्रीँ क्रीँ क्रीँ हूँ हूँ ह्रीँ ह्रीँ दक्षिणकालिके क्रीँ क्रीँ क्रीँ हूँ हूँ ह्रीँ ह्रीँ स्वाहा ॥
यस्तो मन्त्रभेदमा आफूले जुन किसिमको लिएको छ त्यसैको जप गरे हुन्छ भन्ने साधकहरूको भनाइ पाइन्छ ।

२. मेरुतन्त्रम् ।

३. लेखकको संग्रहको टिपोटबाट ।

**सम्पत्ति दिने दक्षिणकालीको मन्त्र–**

साधकलाई सम्पत्तिको इच्छा भएमा यो मन्त्र जप्ने विधान पाइन्छ –

ह्रूँ ह्रूँ क्रीँ क्रीँ क्रीँ ह्रीँ ह्रीँ दक्षिणकालिके
ह्रूँ ह्रूँ ह्रीँ ह्रीँ स्वाहा ॥[1]

**देवताहरू वोलाउने दक्षिणकालीको मन्त्र–**

क्रीँ हूँ ह्रीँ दक्षिणकालिके क्रीँ हूँ ह्रीँ स्वाहा ॥[2]

**खोसिएको नोकरी फेरि पाउने मन्त्र–**

क्रीँ क्रीँ क्रीँ हूँ हूँ ह्रीँ ह्रीँ दक्षिणकालिके स्वाहा ॥[3]

**भोग पाउने मन्त्र–**

क्रीँ कालिके स्वाहा ॥[4]

**सन्तान दिने मन्त्र–**

क्रीँ हूँ ह्रीँ ॥[5]

**शान्ति दिने मन्त्र–**

क्रीँ हूँ ह्रीँ फट् स्वाहा ॥[6]

**एकै दिनमा कालीबीजमन्त्रको सिद्धि–**

कालीको वीजमन्त्र क्रीँ को कृष्णपक्षका चतुर्दशीका रातमा शून्य घरमा बसेर जप गरेमा एकै दिनमा पनि सिद्धि हुने उपायको उल्लेख पाइन्छ ।

अथवा भिजेको फेटा र लुगा लगाएर मसान वा जंगलमा उक्त एकाक्षरी वीजमन्त्र एक लाख जपेमा एकै दिनमा मन्त्रसिद्धि हुने प्रयोग पाइन्छ ।

यस्तो कर्म गरेर भोग र मोक्ष दुवै पाउन सकिने उल्लेख पाइन्छ । यस्तो अनुष्ठान गर्दा कि उपवास, कि एक छाक मात्र भोजन गर्नुपर्ने हुन्छ ।[7]

---

१. मेरुतन्त्रम्, पृ. ५६० ।
२. ऐजन ।
३. ऐजन ।
४. ऐजन ।
५. ऐजन ।
६. ऐजन ।
७. ऐजन ।

**कालीहृदयस्तोत्रमा वर्णित केही प्रयोगहरू–**

शाक्तप्रमोदमा संकलित कालीहृदयमा अनेक प्रयोग दिइएका छन्, जसको संक्षिप्त चर्चा यहाँ गरिन्छ ।

**शिवद्वारा कालीभक्तको सेवा हुने नाममाला–**

उक्त स्रोतमा वर्णन भएअनुसार यो कालीनाममालाको दिनदिनै जप गरे स्वयं शिवजीले त्यस्ता भक्तको दासता गर्नुहुन्छ–

काली दक्षिणकाली च कृष्णरूपा परात्मिका ।
मुण्डमाली विशालाक्षी सृष्टिसंहारकारिका ॥
स्थितिरूपा महामाया योगनिद्रा भगात्मिका ।
भगसर्पिःपानरता भगोद्योता भगाङ्गजा ॥
आद्या सदानवा घोरा महातेजाः करालिका ।
प्रेतवाहा सिद्धिलक्ष्मीरनिरुद्धा सरस्वती ॥
एतानि नाममाल्यानि ये पठन्ति दिने दिने ।
तेषां दासस्य दासोऽहं सत्यं सत्यं महेश्वरि ॥

**रोगनाश हुने प्रयोग–**

क्रीँ– यो मन्त्रले सातपल्ट पानी मन्त्रेर रोगीलाई छर्क्यो भने सबै रोगको नाश हुन्छ ।

**लोकवश्य–**

दक्षिणकालीको मूलमन्त्रले चन्दन अभिमन्त्रित गरेर लगाएमा लोकवश्य हुन्छ ।

**महाभयको विनाश–**

क्रीँ हूँ ह्रीँ– यो मन्त्रले सातपल्ट अक्षता मन्त्रेर फालिदिएमा महाभयको नाश हुन्छ ।

**शत्रुको उच्चाटन–**

हूँ ह्रीँ क्रीँ– यो मन्त्रले सात पल्ट फूल मन्त्रेमा शत्रुको उच्चाटन हुन्छ ।

**आकर्षण–**

क्रीँ क्रीँ क्रीँ– यो मन्त्रले अक्षता छर्केमा हजारौं कोस पर भएकी आइमाईको पनि आकर्षण (तानिने) हुन्छ ।[1]

---

१. अनुभवी व्यक्तिहरूको भनाइमा यी मन्त्र पहिले एक हजार, दश हजार वा एक लाखपल्ट जप गरेर सिद्ध गरेपछि मात्र यी प्रयोग सफल हुन्छन् ।

शक्तिदेवीहरूका उपासकले सप्तशती र नवार्णवमन्त्रको पनि उपासना गर्ने राम्रो परम्परा रहेकोले इच्छुक साधकले यिनैको साधना गरे पनि उत्तम हुन्छ।

**जप गर्ने ठाउँ–**

मन्त्र जप्ने मुख्य र महत्त्वपूर्ण ठाउँहरूमा एकलिङ्ग (पाँच कोसभित्र यौटा मात्रै शिवलिङ्ग भएको) स्थान, मसान, सूनसान घर, चौबाटो, पहाडमाथि, देवमन्दिर, वेलको रूखमुन्तिर, नदीको किनारा, पीपलको बोटमुन्तिर, शून्य बगैंचा र आफ्नै घर आदि मानिएका छन्।[1]

कालीको मन्त्र जप्ने मुख्य ठाउँ मसान हो तर त्यहाँ बसेर साधना गर्न नसके आसनमुनि मसानको खरानी अलिकति राखेर जप्ने उपाय पनि कसैले बताएको पाइन्छ। यसै गरी चौबाटामा बसेर राति मन्त्र जप्ने बिधानमा घरैमा कोठामा रेखी हालेर चौबाटो बनाएर बीचमा बसेर मन्त्र जप्न सकिने उपाय पनि बताइएको पाइन्छ।

**आसन–**

कालीको साधना गर्दा मुर्दाको आसन गर्नुपर्दछ नत्र पाप लाग्छ र सिद्धि पनि हुँदैन भनिएको पाइन्छ।[2] मुर्दाको अभावमा 'विष्टर' (कुशको मुठालाई धागोले बाँधेर बनाएको आकार) को आसन बनाउने विधान पाइन्छ।[3] यस्तो विष्टरलाई शव मान्नु, शवलाई शिव मान्नु र साधकले आफूलाई कालीरूप सम्झेर साधना गर्ने विधान पाइन्छ र यस किसिमबाट सिद्धि अवश्य पाइन्छ भनिएको छ।[4] पाशवकल्पमा शवासनको आवश्यकता बताइएको छैन तैपनि आसनमा कुशको टुक्रो राखे बेस हुन्छ र आसन पनि कुश, बाघको छाला, रातो काम्लो वा कम्बलको हुनु आवश्यक मानिन्छ। आसन ठीक भएन भने रोग, व्याधि, दारिद्र्य आदि हुने संकेत पाइन्छ। आसनसंस्कारसम्बन्धी विवरण पनि पाइन्छन्।

---

१. बृहत्पुरश्चर्यार्णवः भाग–३, पृ. ११-१२।

२. मृतासनं विना देवि यो जपेत् कालिकां नरः। तावत् स नारकी ज्ञेयो यावदाहूतसंप्लवम्॥ बृ. पु. ३, पृ. ८।

३. शवाभावे विष्टरं तुं शवरूपं प्रकल्पयेत्। ऐजन, पृ. ९।

४. शवाभावे विष्टरस्तु शवरूपः प्रकीर्तितः। विष्टरः शिवरूपः स्यात् शक्तिरूपत्वकल्पना॥ शिवशक्तिसमायोगात् किं न सिद्ध्यति भूतले। ऐजन पृ. ९-१०।

**भोजन–**

साधारणतया मन्त्रको साधना र पूजापाठ गर्दा भोको पेट बस्नुपर्ने पौराणिक चलन छ र हाम्रो समाजमा पनि यस्तै चलेको छ। तर तान्त्रिक मन्त्रहरूको र खास गरी देवीको मन्त्र जप्दा खालीपेट बस्न हुँदैन, बस्यो भने साधकलाई दुःख हुन्छ र साधकलाई दुःख भयो भने देवीलाई पनि दुःख हुन्छ। यसैले खानपान गरेर देवीको मन्त्र जप्ने तान्त्रिक सिद्धान्तअनुसार दक्षिणकालीको मन्त्र जप्दा भोको पेट बस्न हुँदैन।[1]

मन्त्र जप्न थाल्दा मन्त्रको ऋषि, छन्द र देवताको उल्लेख संकल्परूपमा बोली कुन उद्देश्यको लागि भनेर विनियोग गरी मूलन्यास गरेर ध्यानपूर्वक मन्त्र जप्नुपर्ने विधान पाइन्छ।

**विघ्न रोक्ने उपाय–**

तान्त्रिक र कडा मन्त्रहरूको जप गर्दा विघ्न आउने सम्भावना प्रायः हुने हुनाले दीपस्थानमा, गणेश स्वामीकार्तिकको पूजा, भैरव वा बटुकभैरवको उपासना र आज्ञा लिने, मृत्युञ्जय कलशको स्थापना र पूजन तथा मन्त्रजप आदि गरेर मन्त्र जपेमा विघ्न हटी छिटो मन्त्रसिद्धि हुनसक्दछ भन्ने अनुभवी विद्वान्हरूको भनाइ पाइन्छ।

मन्त्रसिद्धि भएपछि साधक वा उपासकले 'अष्टैश्वर्य' वा 'अष्टसिद्धि' पाउन सक्ने विश्वास गरिन्छ।

अष्टसिद्धिका विशेषता यी मानिन्छन्–

१. अणिमा– अति सानो हुन सक्ने।
२. महिमा– अति ठूलो हुन सक्ने।
३. गरिमा– अति गह्रौं हुन सक्ने।
४. लघिमा– अति हलुको हुन सक्ने।
५. प्राप्ति– टाढाको वस्तु पाउन सक्ने।
६. प्राकाम्य– इच्छाअनुसार जे पनि गर्न सक्ने।
७. ईशित्व– हुन नसक्ने कुरा पनि गर्न सक्ने।
८. वशित्व– सबैलाई वश गर्न सकिने।[2]

---

१. साधके क्षेममापन्ने देवीक्षेमः प्रजायते। तस्माद् भुक्त्वा च पीत्वा च पूजयेत् परमेश्वरीम्॥ बृ. पु. ३ पृ. २५; मूल सन्दर्भमा मद्य र मांस खाएर भन्ने कुरा परेको छ तर सात्त्विक किसिमले उपासना गर्दा सात्त्विक वस्तुहरू नै खाने कुरा बुझ्नुपर्दछ।

२. अमरकोश– पं. कुलचन्द्रकृत नेपाली टीका, पृ. १०।

## ३. योग र दर्शन पक्ष

**योग–**

हिन्दू परम्परामा देवता दुई रूपका मानिन्छन्– सगुण र निर्गुण। निर्गुण रूपमा देवतालाई मान्दा स्त्री वा पुरुष कुनै रूपमा मानिंदैन। यस रूपमा निराकार रूपमा उपासना गरिन्छ। सगुण रूपमा देवतालाई मान्दा शैवले शिव, वैष्णवले विष्णु र शाक्तले शक्तिलाई मान्दछन्। शाक्त सम्प्रदायवादीहरूले शक्तिलाई नै परब्रह्म रूपमा मान्दछन् र उनैको पूजाआजा र ध्यान आदि गर्दछन्। उनैलाई सृष्टिकर्त्रीको रूपमा पनि मान्दछन्।

ती शक्ति हरजीवमा रहन्छिन् र त्यही शक्तिको आफूमा विकास गर्ने लक्ष्य शाक्त सम्प्रदायको रहन्छ। यही लक्ष्य प्राप्तिको माध्यमको रूपमा योगक्रिया गरिन्छ। प्रत्येक मानिसमा कुण्डलिनी शक्तिको रूपमा शक्ति मूलाधारमा रहन्छिन्। कुण्डलिनी जागरण गरेपछि सिद्धिहरू पाउन थालिन्छ र मोक्षसम्म पाउन सकिन्छ।

कुण्डलिनी जागरण गर्नका लागि प्राणायामको अभ्यास गर्नुपर्दछ र साथै दीक्षा लिएर मन्त्रोपासना गर्नुपर्दछ। प्राणायाम आदि योगाभ्यासका विभिन्न स्तर-हरूमा मूलाधारमा रहेको कुण्डलिनीलाई क्रमशः स्वाधिष्ठानचक्र, मणिपूरचक्र, अनाहतचक्र, विशुद्धिचक्र, आज्ञाचक्र र सहस्रारचक्रसम्म पुऱ्याएपछि कुण्डलिनी जागरणको क्रम पूरा हुन्छ।[1]

**दर्शन पक्ष–**

उपास्य देवता र तीसम्बन्धी विषयहरूको ज्ञान नै दर्शन हो। आर्को शब्दमा भन्ने हो भने तत्त्वज्ञान गर्नु नै दर्शन हो। शक्तिदेवतासम्बन्धी शास्त्रहरूको मनन गरेर तत्त्वज्ञान हुन्छ।[2]

योग र दर्शन विषय ज्यादै गहन हुनाले र यो कुरा बुझ्न-बुझाउन धेरै शास्त्र-हरूको तुलनात्मक दिग्दर्शन र अध्ययन गर्नुपर्ने हुनाले यो पक्षबारे अहिले विवरण दिन सकिएको छैन।

---

१. धनशमशेर जङ्गबहादुर राणा– निगमागवैज्ञानिकसारः, पृ. ८४–९७।
२. ऐजन, पृ. ४१ र पछि।

# दक्षिणकालीको संक्षिप्त पूजाविधि

तान्त्रिक साहित्यमा दक्षिणकालीको उपासनासम्बन्धी अति विस्तृत, सूक्ष्म र व्यापक विवरणहरू दिइएको पाइन्छ । तिनको परिचयसम्म पनि यहाँ दिनु सम्भव छैन । तल्लीन साधकहरूले आफैंले त्यसबारेमा अनुसन्धान गरी साधनाको क्रम बढाउँदै लग्नुपर्दछ । काली वा दक्षिणकालीसम्बन्धी कति साहित्यको प्रकाशन पनि भएको पाइन्छ तर अप्रकाशित रूपमा धेरै ग्रन्थ रहेको अनुमान गरिन्छ जुनमध्ये नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका त्यस्ता अप्रकाशित ग्रन्थहरूको सूची यसै ग्रन्थमा अन्यत्र प्रस्तुत गरिएकै छ ।

यहाँ साधकहरूको सामान्य उपयोगका लागि दक्षिणकालीको संक्षिप्त पूजाविधि दिइएको छ । यसैको आधार लिएर दक्षिणकालीको पूजा गर्न-गराउन सकिन्छ । मूलपाठमा प्रयोग भएका कतिपय पारिभाषिक शब्दहरूको व्याख्या दिएर साध्य नहुने हुँदा त्यस्ता ठाउँमा साधक भक्तले आफैंले यथोचित विचार गरी काम चलाउन अनुरोध गरिन्छ ।

पूजा गर्ने मानिसले आफ्नो बायाँतर्फ जमीनमा चौकोर (चतुरस्र) लेखेर 'ॐ ह्रः सामान्याघ्र्यं स्थापयामि' भनेर त्यहाँ फूलअच्छेता छर्केर 'ॐ आधारशक्तिभ्यो नमः' भनेर पूजा गरी अघौंतो थापेर 'नमः' भन्दै त्यसमा जल भरेर त्यस जलमा अंकुशमुद्राले सूर्यमण्डलबाट तीर्थहरूको आह्वान गर्नुपर्दछ । तीर्थहरूको आह्वान गर्दा यसो भन्नुपर्दछ–

ॐ गंगे च यमुने चैव गोदावरि सरस्वति ।
